CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

७२

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे ज. द. नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१८ वर्ष ४ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३२।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय–सूची

१. द गोपालराजवंशावली सरसरी हेर्दा

– महेशराज पन्त १–६५

२. सुमतितन्त्रको परिचयको विषयमा

– दिनेशराज पन्त ६५–६७

३. पृथ्वीनारायण शाहले मानेश्वरीको गूठीको पोता माफ गरी गरिदिएको लालमोहर – महेशराज पन्त ६८

हाम्रा प्रकाशित कृति

संशोधन–मण्डलतर्फबाट

१. पूर्णिमा १ देखि ७२ अङ्कसम्म ५६५।५०
२. अभिलेख–संग्रह १ देखि १२ भागसम्म ७।५०
३. इतिहास–संशोधन ५०।–
४. सावधान–पत्र २५।–
५. विद्या–रक्षा २०।–
६. व्याकरण–संशोधन ३।५०
७. पञ्चाङ्ग–संशोधन १५।–
८. बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर २।–
९. रत्नदीप २।५०
१०. वृत्तशतक ३।–
११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य ५।–
१२. श्री ३ महाराज पद्मशमशेरका कुरा १२।–

नेपाल राजकीय–प्रज्ञाप्रतिष्ठानतर्फबाट

१. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति १६।४०
२. प्राचीन र नवीन गणितको तुलना १५।–
३. त्रिकोणमिति (ज्योत्पत्ति) २५।२५
४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या २५।४०
५. लिच्छविसंवत्को निर्णय १००।–

अरू प्रकाशनतर्फबाट

१. लिच्छविकालमा चलेका संवत् १२।–
२. गोरखाको इतिहास (१–२ भाग) २००।
३. अन् स्यान्स्क्रिट् एड्युकेशन् ३५।–
४. इनेप्ट् स्पेस्इमिन् ? २०।–
५. ह्वट् डिड् अंशुवर्मन् राइट् ? ४०।–
६. पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा ८०।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द गोपालराजवंशावली* सरसरी हेर्दा

– महेशराज पन्त

नेपालको इतिहासका उपकरण र विभिन्न विषयका लेखोट पुस्तकहरूको खोजी गर्न भनी बेलायतका संस्कृतज्ञ सेसिल बेन्डल र बङ्गाली संस्कृतज्ञ हरप्रसाद शास्त्री वि. सं. १९५५ को हिउँदमा काठमाडौं आएका थिए । कलियुग लागेदेखिको कुरा उठाएर वि. सं. १४४५ सम्मका नेपाली इतिहासका घटनाको बयान गरिएको, संस्कृत र नेवारी भाषामा रचिएको, भुजिमोल लिपिले ताडपत्रमा लेखिएको पुस्तक यही अन्वेषणक्रममा आफू बेलायत फर्कनुभन्दा केहीअगाडि मात्र वीरपुस्तकालयमा बेन्डलले भेट्टाए ।

नेपालको मध्यकालको इतिहासको लागि त्यो पुस्तक उपादेय ठहऱ्याई बेन्डलले त्यस पुस्तकको प्रतिलिपि लिन लाउने विचार गरे । त्यसैले काठमाडौंमा रहेका ब्रिटिश भारतीय दूत कर्णेल लोकको प्रबन्धबाट बेन्डलको लागि त्यो पुस्तक सार्न लगाइयो । अनि त्यस पुस्तकको प्रतिलिपि र ती दूतले सिफारिश गरिदिएकोले होला, श्री ३ वीरशमशेरले तीन महीनाको लागि मूल पुस्तक पनि बेलायतमा बेन्डलकहाँ पठाउने अनुमति दिएकाले उनीकहाँ मूल र प्रतिलिपि दुवै पुगे । यसरी तीन महीनासम्म आफूसँगै मूल पुस्तक राख्न पाएकाले मूलसँग प्रतिलिपि भिडाए र मूल पुस्तकका मुख्य मुख्य अंशको फोटो पनि उनले लिए ।

बेन्डलले त्यस पुस्तकका भाषा, विषय र शैलीका आधारमा त्यस ग्रन्थलाई तीन भागमा छुट्टयाई तिनका नाम क्रमशः पहिलो वंशावली, दोस्रो वंशावली तथा तेस्रो वंशावली भन्ने राखे । आफूले तयार गरेको, वि. सं. १०५७ देखि १६५७ सम्मको नेपालको इतिहासमा बेन्डलले त्यस वंशावलीको सम्बद्ध भागको आफूले बुझे जति अंशको पनि उपयोग गरे । सो इतिहास वि. सं. १९६० मा बङ्गालको एशियाटिक सोसाइटीको पत्रिकामा प्रकाश गरियो ।[1]

---

* वि. सं. २०४२ मा वीस्बादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको *द गोपालराजवंशावली, ए फ्याक्सिमुइलि एडिशन् प्रिपेर्ड् बाइ द नेपाल् रिसर्च् सेन्टर् इन् कल्याब्ऱ्रेशन् विथ् द न्याश्ऱनल् आर्काइभ्ज् काठ्मान्डू । विथ् यान् इन्ट्रडक्शन्, ए ट्रान्स्क्रिप्शन्, नेपाली यान्ड् इङ्ग्लिश् ट्रान्श्लेशन्ज्, ए ग्लस्ऱरि यान्ड् इन्डाइस्इज्* [नेपाल रिसर्च सेन्टरद्वारा काठमाडौंको राष्ट्रिय अभिलेखालयसँग मिलेर तयार गरिएको, गोपालराजवंशावलीको प्रतिरूप संस्करण । उपोद्घात, प्रतिलिपि, नेपाली र अङ्ग्रेजी उल्था, शब्दार्थसूची र परिशिष्टहरूसहित] ।

१. वि. सं. २०३१ मा प्रकाशित *पूर्णिमा* ३१ अङ्कका १६१–१७२ पृष्ठमा छापिएको, महेशराज पन्तको *गोपालराजवंशावली र भाषावंशावलीको साधर्म्यका केही उदाहरण* भन्ने निबन्ध, सो अङ्कका १६१–१६२ पृष्ठ । *पूर्णिमा* ३१ अङ्कका १७२–१७७ पृष्ठमा छापिएको, महेशराज पन्तको *सेसिल बेन्डालको शब्दमा गोपालराजवंशावलीको बयान* भन्ने निबन्ध, सो अङ्कका १७२–१७४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसपछि नेपालको इतिहासका अन्वेषकहरूको दृष्टि त्यस वंशावलीमा पर्न गयो र त्यस वंशावलीको उपयोग नेपालको इतिहासको विषयमा लेख्दा अरू अरू विद्वान्हरूले पनि गर्न थाले । यसो भए तापनि, ८० वर्षभन्दा अगाडिदेखि प्रचारमा आएको त्यस वंशावलीको समग्र रूपले ऊहापोह गरी मूल पाठ र छल्था दिई भिन्नै ग्रन्थ निकाल्ने साहस पोहरसम्म कसैले गरेको थिएन । त्यस ग्रन्थको विषयमा सबभन्दा आँटिलो काम, साँच्चै भन्ने हो भने गुरु धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको *द गोपालराजवंशावली* भन्ने पुस्तक पोहर छापिनुभन्दा अगाडि, योगी नरहरिनाथद्वारा वि. सं. २०१६ मा भएको थियो ।[२] उहाँले त्यस ग्रन्थको मूल पाठ र संस्कृत भागको एकसरो अर्थ दिई *तात्कालिक भातगाउँले भाषाको अनुवाद गर्नेले त्यो पनि गरुन्*[३] भनी नेवारी भागको अर्थ छोडिदिनुभएको थियो । योगी नरहरिनाथले प्रकाश गर्नुभएको मूल पाठ र संस्कृत भागको अर्थ पनि पूरापूर असन्दिग्ध नभएकाले त्यस ग्रन्थको विषयमा गर्नुपर्ने काम अझै निकै बाँकी थियो ।

झण्डै ६ सय वर्षअघि लेखिएको सो वंशावलीको मूल प्रतिको अवस्था कालको खेलले गर्दा र निकै प्रयोगमा आएकोले होला, त्यति राम्रो रहेन । सबभन्दा ठूलो समस्या त त्यहाँ ठाउँठाउँमा मसी उडेर गएकाले पाठ ठम्याउन ठाउँठाउँमा निकै हम्मे पर्ने भयो । फील्ड मार्शल केसरशमशेर जङ्गबहादुर राणाको निजी पुस्तकखानामा त्यस पुस्तकको पहिले नै तसबीर खिँचिराखेको प्रति सौभाग्यवश थियो । यस कारण त्यस वंशावलीको पाठनिर्णय गर्ने क्रममा ती फोटाको उपयोग गर्दा परिणाम राम्रो आउने कुरामा शङ्का भएन ।

केसरशमशेरको पैसाबाट खुलेको नेपाल–सांस्कृतिक परिषद्बाट त्यस परिषद्का कार्यसचिव ईश्वर बरालको प्रबन्धबाट वि. सं. २०१४ मा *जयरत्नाकरनाटक* र *ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग)* प्रकाशित भएका थिए । ती पुस्तकका उपोद्घात पिताजी पं. नयराज पन्तले र सम्पादन आदि कार्य गुरु धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालले गर्नुभएको थियो । यसै सूत्रद्वारा पिताजीका शिष्यहरूको केसरशमशेरसँग चिनाजानी भयो र उनले अरू अरू पुस्तक पनि प्रकाशित गराउने विचार गरे ।

यसै सिलसिलामा माथि उल्लेख गरिएको वंशावली पनि प्रकाशित गराउने इच्छा केसरशमशेरले गरेपछि त्यस वंशावलीको उनको निजी पुस्तकखानामा रहेको तसबीर खिँचिराखेको प्रतिबाट पाठनिर्णय गर्न रामजी तेवारी (अब स्वर्गवासी), गुरु देवीप्रसाद भण्डारी, गुरु भोलानाथ पौडेल, गुरु शङ्करमान राजवंशी र गुरु धनवज्र वज्राचार्य त्यहाँ जाने हुनुभयो । पाठ पढ्न जाने पाँच जनामध्ये तीन जना जागीरे भएकाले बिदाको दिन मात्र त्यहाँ जान उहाँहरूलाई अनुकूल पर्ने भयो । यसैले हरेक शनिवार त्यहाँ जाने निर्णय भयो र वि. सं. २०१६ मा ६ महीनासम्म हरेक शनिवार उहाँहरूले केसरशमशेरकहाँ गई सो वंशावली पढ्नुभयो ।[४] जुन बेला योगी नरहरिनाथले सो वंशावली

---

२. वि. सं. २०१६ मा काठमाडौँबाट हिमवत्संस्कृतिसञ्चालकसमितिद्वारा प्रकाशित, *हिमवत्संस्कृति* १ अङ्कका ९–३४ पृष्ठमा छापिएको, नरहरिनाथको *गोपाल–वंशावली (५७१ वर्ष अघि लेखियेको इतिहास)* भन्ने निबन्ध ।

३. *हिमवत्संस्कृति* १ अङ्कको ३२ पृष्ठ ।

४. वि. सं. २०२१ मा काठमाडौँबाट नेपाल सांस्कृतिक–परिषद्द्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकाशित गर्नुभयो, त्यस ताका उहाँहरू अझै पाठनिर्णय गर्ने काममा लागिरहनुभएको कुराको सम्झना मलाई अझै छ ।

पिताजीका माथि नाउँ लिइएका पाँच जना शिष्यको प्रयत्नबाट त्यस वंशावलीको पाठ निकै सुध्रन गयो । यसपछि उहाँहरूबाट र त्यस पाठमा पहुँच पुगेका अरूहरूबाट पनि त्यस पाठको उपयोग हुँदै आएको हो ।[५]

भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग)* को (।) पृष्ठ ।

वि. सं. २०४३ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, देवीप्रसाद भण्डारी र केशवचन्द्र न्यौपानेको सहायता लिई नयराज पन्तद्वारा रचित *लिच्छविसंवत्को निर्णय*को उपोद्घातको २२ पृष्ठ ।

५. वि. सं. २०१९ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित, गौतमवज्र वज्राचार्यको *इतिहास–संशोधन [५४ क्रमागत संख्या], प्राध्यापक श्रीतोत्रराज पाँडे तथा श्रीगुरु पं. नयराज पन्तविरचित 'नेपालको संक्षिप्त इतिहास'मा तथा अरू इतिहासकारहरूका ग्रन्थमा रहेका अशुद्धिको संशोधन*को ८ पृष्ठ ।

वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास–संशोधनको प्रमाण–प्रमेय*को २८९ पृष्ठ ।

वि. सं. २०३० मा प्रकाशित *पूर्णिमा*को ३० अङ्कमा छापिएको, दिनेशराज पन्तको *राजा निर्भयदेव, रुद्रदेव, भोजदेव, लक्ष्मीकामदेव* भन्ने निबन्ध, सो अङ्कको ११८ पृष्ठ ।

*पूर्णिमा*को ३१ अङ्कको १६१ पृष्ठ ।

वि. सं. २०३१ मा प्रकाशित *पूर्णिमा*को ३२ अङ्कमा छापिएको, महेशराज पन्तको *नेपाल् इन् पर्स्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि* भन्ने निबन्ध, सो अङ्कको २५३ पृष्ठ ।

वि. सं. २०३२ मा प्रकाशित *पूर्णिमा*को ३३ अङ्कका १३–२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *पुष्याभिषेक* भन्ने निबन्ध, सो अङ्कका १६–१७ पृष्ठ ।

वि. सं. २०३३ मा वीस्बादेनबाट कोमिशन्ज्फेर्लाग फ्रन्स स्टाइनरद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर्* [नेपाल रिसर्च सेन्टरको पत्रिका] को पहिलो भागका ९३–११६ पृष्ठमा छापिएको महेशराज पन्तको *पुष्याभिषेक* भन्ने निबन्ध, सो भागको ९९ पृष्ठ ।

वि. सं. २०३४ मा काठमाडौँबाट नेपाल् रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको *द टू अर्लिएस्ट् कप्अर्–प्लेट् इन् स्क्रिप्शन्ज् फ्रम् नेपाल्* [नेपालका दुइवटा सबभन्दा पुराना ताम्रपत्राभिलेख] को ११ पृष्ठ, ३७ टिप्पणी ।

वि. सं. २०४० मा प्रिन्स्टनबाट प्रिन्स्टन युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, मेरी शेफर्ड स्लसरको *नेपाल् मण्डल*को ४३३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो कुरा थाहा भएका मानिसको लागि कमलप्रकाश मल्लले लेखेको तलको कुरामा विश्वास गर्न कठिन पर्छ भनी मैले भनिरहनुपर्दैन—

> धनवज्र वज्राचार्य ह्याड् प्रिपेर्ड् ए देवनागरी ट्रान्स्क्रिप्शन् बेस्ड् अन् दि अर्इजिनल् म्यान्युस्क्रिप्ट्। ही ह्याड् अल्सो यूज्ड् द केशर् लाइब्रेरि ग्लास् नेग्अटिभ्ज् अफ् द म्यान्युस्क्रिप्ट्, अपेर्अन्ट्लि फोटग्याफ्ड् याट् द टर्न् अफ् द सेन्टच्युर्इ ह्वेन् द म्यान्युस्क्रिप्ट् वज् इन् ए बेट्अर् कन्डिशन्। अल्दो ही ह्याड् बीन् यूज्इङ द ट्रान्स्क्रिप्शन् सिन्स् १९५९, इट् वज् नट् अभेल्एब्ल् इन् प्रिन्ट्।[६]
>
> [मूल लेखोट पुस्तकको आधारमा धनवज्र वज्राचार्यले देवनागरीमा प्रतिलिपि तयार गर्नुभएको थियो। त्यो लेखोट पुस्तक बढी राम्रो अवस्थामा हुँदा स्पष्टतया वि. सं. १९५६ तिर खिँचिएका, केसरपुस्तकालयमा भएका, काँचका नेगेटिभ पनि उहाँले प्रयोग गर्नुभएको थियो। वि. सं. २०१६ देखि त्यस प्रतिलिपिको उहाँले प्रयोग गर्दै आउनुभए तापनि छापिएको रूपमा यो उपलब्ध भएन।]

कमलप्रकाश मल्लको माथि भरखरै उद्धरण गरिएका वाक्य कूटभाषामा लेखिएकाले उनले के भन्न खोजेका हुन् भन्ने कुरा त्यति स्पष्ट छैन। तर पनि उनका यी वाक्यको खास मतलब धनवज्र गुरु मात्र त्यस वंशावलीको पाठ पढ्ने भनी सिद्ध गर्नु हो भन्ने कुरा वि. सं. २०१६ मा रामजी तेवारी आदि पिताजीका पाँच जना शिष्यले केसरपुस्तकालयमा गई त्यस वंशावलीको पाठ पढेको कुरा थाहा पाउने मान्छेलाई छर्लङ्ग हुन्छ। साथीभाइसँग मिलेर गरेको कामलाई एकलौटी पार्न खेलिएको चालको राम्रो नमूनाको रूपमा माथिका वाक्यलाई औँल्याउन सकिन्छ भन्दा जरूर पनि बढ्ता बोलेको ठहरिनेछैन।

गुरु धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको *द गोपालराजवंशावली*मा अन्यत्र पनि अरूको यशको अपहरण गर्ने प्रवृत्ति देखिएको विषयमा अलिकति लेख्नु अप्रासङ्गिक ठहरिनेछैन। यस पुस्तकको अन्त्यमा दुवै ग्रन्थकारको परिचय दिने क्रममा धनवज्रले तयार गरेका, सर्वत्र प्रशंसा भएका पुस्तक भनी ११ वटा पुस्तकका नाउँ कालक्रम-अनुसार दिइएका छन्। तिनमा *त्रिरत्नसौन्दर्यगाथा* र *लिच्छविकालका अभिलेख* यी दुइ पुस्तक छोडेर अरू नौवटै पुस्तक संयुक्त परिश्रमका फल भएका कुरा तो तो पुस्तक पल्टाएर हेर्दा स्पष्ट हुन्छ।

वि. सं. १९५५ मा बेन्डलले त्यो वंशावली पत्ता लगाई त्यसको पाँच वर्षपछि आफूले प्रकाश गरेको नेपालको मध्यकालको इतिहाससम्बन्धी निबन्धमा त्यस वंशावलीको उपयोग गरे तापनि सो वंशावली सम्पादन गर्ने आँट उनले किन गरेनन् त भन्ने प्रश्न यस प्रसङ्गमा उठ्न सक्छ। यसको कारण त्यो वंशावली जुन जुन भाषामा लेखिएको छ, तो भाषा कठिन हुनु नै हो। अब यहाँनिर अर्को प्रश्न उठ्छ, संस्कृत र नेवारी भाषामा लेखिएको त्यो वंशावली सम्पादन गर्न किन कठिन भयो त? किनभने पठनपाठनको परम्परा भएको संस्कृतभाषाको अर्थ गर्न र नेपालखाल्डो र त्यसको वरपरको जनभाषा नेवारी बुझ्न त्यस्तो हम्मे नपर्नुपर्ने हो।

बेन्डलकै शब्दमा भन्ने हो भने त्यस वंशावलीको एउटा भाषा *संस्कृत लेख्न खोजेको हो भन्ने कुरामा शङ्का छैन, तर यहाँको भाषा अस्पष्टतामा र यहाँ कारकप्रक्रियाको पटक्कै खयाल नराखिँदा मैले देखेका नेपाली लेखोट*

---

६. *द गोपालराजवंशावली*को *इन्ट्रडक्शन्* [उपोद्घात] को४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुस्तकका निकृष्टतम पुष्पिकावाक्यसँग यो जोडा लाग्छ ।[७] अर्कोचाहिँ भाषा उनकै शब्दमा दुर्भाग्यवश ... पुरानो नेवारी छ ... [यस] भाषाको निमित्त न नेपालमा न यूरोपमा नै म मनग्य मदत पाउन सक्छु ।[८]

नेवारी भाषा जनभाषा भए तापनि बेन्डलको पालाको नेवारी र त्यस वंशावलीको नेवारीमा पाँच सय वर्षको अन्तर परिसकेकोले र तात्कालिक नेवारी भाषाको पठनपाठनको सुविधा नहुँदा बेन्डलको लागि त्यस वंशावलीको नेवारी पूरापूर बुझ्न अत्यन्त अप्ठेरो परेकोले हिमाली भाषाहरूमा सिपालु अत्यन्त थोरै विद्वान्हरूको यस विषयमा दृष्टि[९] खिँची उनले चित्त बुझाउनुपरेको थियो । अर्कोचाहिँ भाषा अर्थात् त्यस वंशावलीको संस्कृतभाषा संस्कृतभाषाका चलनचलतीमा देखिएका अरू अरू रूपभन्दा भिन्नै खालको भएकोले फ्याङ्कुलिन एजर्टनले महायानी बौद्ध वाङ्मयको संस्कृतलाई बौद्ध सङ्कर संस्कृत भन्ने नाउँ राखे जस्तै त्यसलाई नेवारी सङ्कर संस्कृत वा त्यस्तै अरू नाउँ राख्नु उपयुक्त होला ।

इतिहासका धेरैजसो विद्यार्थीहरूको लागि त्यो लेखोट पुस्तक [अर्थात् वंशावली] थरहरी पार्ने अनुभव भएर यतिब्जेल रहिरहेको थियो[१०] भनी मल्लले लेखेकाले द गोपालराजवंशावली छापिनाले त्यो डर अब हट्न गएको जस्तो देखिएको छ । त्यस वंशावलीको नेवारीको त कुरै छोड्ऊँ, संस्कृतसुद्धा पनि बेन्डललाई ठूलो समस्याको रूपमा रहेको कुरा अर्थ गर्ने काम सजिलो पार्न, व्याकरणको कुनै निश्चित नियम नहुँदा पदच्छेद र वाक्यच्छेद सुद्धा पनि धेरै ठाउँमा एकदमै सन्दिग्ध देखिए[११] भनी उनले लेखेकाले स्पष्ट हुन्छ । तर हाम्रा मल्ललाई भने त्यहाँको नेवारी पनि त्यति अप्ठेरो नलागेको कुरा द गोपालराजवंशावलीको उपोद्घातबाट देखिन्छ ।

त्यस वंशावलीको पुरानो नेवारी आजभोलि धेरैजसो नबुझिने भइसकेको छ । भाषा प्रशस्त फरक भइसकेको छ, परम्पराविच्छेद भइसकेकोले नेपाली पण्डितसुद्धा त्यस पुस्तकको अर्थ गर्नको लागि अकमक्क परेका छन्[१२] भनी लूच्यानो पेतेकले वि. सं. २०१५ मा आफ्नो नेपालको मध्यकालको इतिहास लेख्दा भनेको कुराको प्रतिक्रियामा कमलप्रकाश मल्ल यस्तो बोल्न पुग्छन्—

> ह्वट् पेतेक् फेल्ट् मे ह्याभ् बीन् ट्रू इन् दि अर्लि १९५०ज् । हाउएभ्अर्, टुडे इट् साउन्ड्ज् सम्थिङ् अफ् ए हाइपर्बलि । द फन्डमेन्टल् प्रब्लेम् विथ् द टेक्स्ट् इज् अर्थग्राफ्इक् रादर् द्यान् लिङ्गिस्ट्-

---

७. केही संशोधन गरी पूर्णिमा ३१ अङ्कको १७५ पृष्ठबाट सारेको ।

८. पूर्णिमा ३१ अङ्कको १७६ पृष्ठ ।

९. संशोधन गरी पूर्णिमा ३१ अङ्कको १७७ पृष्ठबाट सारेको ।

१०. द गोपालराजवंशावलीको उपोद्घातको २ पृष्ठबाट उल्था गरेको ।

११. केही संशोधन गरी पूर्णिमा ३१ अङ्कको १७६ पृष्ठबाट सारेको ।

१२. वि. सं. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल् [नेपालको मध्यकालको इतिहास] को पहिलो संस्करणको ७ पृष्ठबाट उल्था गरेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इक् । द डिभिज्न् अफ् ईच् एन्ट्रि इन् भी२ इन्टु भेर्इफिएब्ल् वर्डज्, फ्रेज्इज्, यान्ड् क्लज्इज् इज् द रीअल् प्रब्लेम् । याज् द राइट्इङ इज् विद्आउट् स्पेस्इज्, ह्वेर् टु मेक् ए कट् इज् द प्रब्लेम् ।[१३]

[पेतेकले जे अनुभव गरे, वि. सं. २०१० तिर त्यो साँचो हुन सक्छ । तैपनि, आज यो केही बढाइचढाई गरेको कुरा जस्तो लाग्छ । मूल पाठसम्बन्धी मूल समस्या भाषासम्बन्धीभन्दा वर्णविन्याससम्बन्धी पो छ । दोस्रो वंशावली [नेवारी] मा हरेक जनोटलाई जाँच्न सकिने शब्द, विशेषवाक्य र वाक्याङ्गमा छुट्टचाउने काम वास्तव समस्या हो । डिको नछुट्टचाईकन लेखिएको हुनाले कहाँ छुट्टचाउने भन्ने प्रश्न उठ्छ ।]

भाषा बुझिएको खण्डमा शब्द कसरी छुट्टचाउने भन्ने प्रश्न नै उठ्दैन । यस कारण नेवारी खण्डको समस्या भाषासम्बन्धी होइन भनी मल्लले लेखेकोले अनौठो लाग्छ । नेवारी खण्ड बुझ्न गाह्रो परेको वास्तव कारण मल्लले जुन देखाएका छन्, भारतीय लेखनपद्धतिलाई मल्लले कसरी बुझेका रहेछन् भन्ने कुराको राम्रो नमूना त्यो हो भनी भनिरहनुपर्दैन । व्यापक रूपले चलनचलतीमा भएको, परम्परागत भारतीय पद्धतिमा शब्दशब्द छुट्टचाएर लेख्ने चलन नभएको कुरा मल्ललाई थाहा नभए पनि भारतीय विद्याको अन्वेषणमा लागेका जो कोहीलाई पनि थाहा भएको कुरा हो । यस कारण त्यस वंशावलीको नेवारी खण्डको अर्थ गर्न बस्दा मल्ललाई परेको समस्या, देवभाषा वा जनभाषामा लेखिएका जुनसुकै भारतीय पुराना लेखोट पुस्तक सम्पादन गर्न बस्नेले बेहोर्नुपर्ने कुरा हो । यो कुरा बुझ्न मल्ललाई साँच्चिकै इच्छा छ भने नेपाल राष्ट्रिय अभिलेखालयमा गई जुनसुकै लेखोट पुस्तक पल्टाई हेरे हुन्छ, अथवा लिथो वा कम्पोज गरी पत्रपत्र छुट्टचाएर छपाइएका पुस्तक हेरे पनि हुन्छ । भारतीय लेखनपद्धतिको विषयमा कत्ति पनि ज्ञान नभएका, मल्ल जस्ता मान्छेको लागि विलियम ड्वाइट ह्विट्नीको *स्यान्स्क्रिट् ग्र्यामूअर्* [संस्कृतव्याकरण] का उठानउठानका पृष्ठ पल्टाउँदा पनि यस पद्धतिको विषयमा राम्रो ज्ञान मिल्न सक्छ ।

साँच्चै भन्ने हो भने, नेवारी खण्डको सम्पादन गर्न बस्दा आइपर्ने समस्याको विषयमा मल्लले जे लेखेका छन्, त्यो, संस्कृत खण्डको सम्पादन गर्न बस्दा आइपर्ने समस्याको विषयमा बेन्डलले लेखेको कुराको नबुझीकनै गरेको नकल हो । त्यो वंशावली संस्कृतव्याकरणका नियमले नजकडिएको हुँदा बेन्डललाई त्यहाँका पद मात्र होइन कि, वाक्यै पनि कसरी छुट्टचाउने भन्ने समस्या पर्न गएको थियो भनी भरखरै माथि लेखिसकिएको छ । त्यस्तो समस्या पर्न गएकोले सो वंशावली छपाउने विचारै उनले त्यागनुपरेको थियो भन्ने कुरा *कित मैले डिको नछुट्टचाईकन जम्मै छाप्नुपर्छ, यसरी छाप्दा भ्रम पर्छ र यस्तो छपाइ चित्तबुझ्दो पनि हुँदैन, कित यसको तसबीर छपाउनुपर्छ भन्ने निधोमा म पुगें ... समितिको परिषद्ले पछिल्लो विकल्पको विषयमा मलाई अनुमति दिएको*[१४] छ भनी उनले लेखेकाले बुझिएको छ । यताबाट बेन्डलले संस्कृत खण्ड पनि राम्ररी नबुझेको कुरा छर्लङ्ग हुन्छ । यसको ठीक उल्टो, मल्लचाहिँ नेवारी खण्ड बुझ्न पनि भाषाको समस्या नभएको कुरा लेख्न पुग्छन् । मुख्य समस्या यता पल्टाए पनि उता पल्टाए पनि भाषाकै हो, अरू केही होइन ।

नेपालको मध्यकालको इतिहास प्रामाणिक रूपमा बुझ्न निकै उपयोगी भएको त्यस वंशावलीको मूल पाठ र उल्था

---

१३. द *गोपालराजवंशावली*को उपोद्घातको ४ पृष्ठ ।

१४. *पूर्णिमा* ३१ अङ्कका १७५–१७६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिएर र उपोद्घात आदिसमेत हाली लेखिएको, २६० भन्दा बढी पृष्ठसङ्ख्या भएको द *गोपालराजवंशावली*को विषयमा निकै विस्तृत ढङ्गले लेख्नुपर्ने हो । तर पनि त्यस ग्रन्थबाट उठ्न गएका केही कुरामा मात्र अहिलेको लागि आफूलाई म अलमल्याउँछु ।

त्यस वंशावलीको नाउँ नभएकोले र त्यसलाई वेन्डलले पत्ता लाएकाले पछिका विद्वान्हरूले त्यसलाई *वेन्डलवंशावली* भन्ने गरी ती अन्वेषकउपर आफ्नो कृतज्ञता जनाए । वि. सं. १९०९ देखिका सातवटा अरू लगत र हरप्रसाद शास्त्रीले प्रकाश गरेको सूचीपत्रको समेत आधार लिई वि. सं. १९७९ मा नेपाली पण्डितहरूले मिलेर तयार गरेको, वीर-पुस्तकालयको अप्रकाशित ठूलो सूचीपत्रमा[१५] भने त्यस वंशावलीमा गोपालवंशदेखिको बयान दिइएकोले बढी

---

१५. उप्रान्त घण्टाघर लायब्रेरीमा रहेका पुस्तकहरूको दस्तुरमाफिकको सूचीपत्र बनी नरहेको हुनाले सो पुस्तकालयका हाकिमहरू बदली हुँदा लगत अकर्णवमोजीम बुझबुझारथ चलिआएकोमा सो लगतमा कुनै पुस्तक अङ्कपत्र ग्रन्थपत्रहरू नजाचिएको ताडपत्रको बाध भन्ने मात्र लेखिई त्यसमा रहेको ग्रन्थहरु केही नखुलेको कुनै फरक परेको कुनै हराएको छ भन्ने र अघि यहा आएका हरप्रसाद शास्त्रीले त्यस पुस्तकालयमा रहेका पुस्तक हेरी घेरैजसो पुस्तकको ग्रन्थ ग्रन्थकारको नाम ग्रन्थको विषय पुस्तकको नाप किसिमसमेत खोली लेखी छपाएको क्याटलागसंग पनी त्य(हाँ) रहेका कुनै कुनै पुस्तक नभिडने भएको छ भन्ने र साविक हाकिम पण्डित विद्यानाथले ७१ सालमा चढाएको रिपोर्टमा पनी कुनै ग्रन्थमा एक थोकको अर्को थोक नाम परेको कुनै लगतमा घटीबढी भएको इत्यादि लेखी जाहेर गरेमा पनी प्रायः गोस्वारा कुरा जाहेर गरेको भई पूरा कुरा त्यसबाट पनी नखुल्ने बुझबुझारथ हुदा पनी केही घटीबढी हुन गएको छ भन्ने कुरा श्री ३ *महाराज* दाजैज्यूका हजूरमा जाहेर भएको हुनाले सो लायब्रेरीमा रहेका पुस्तकहरुको नाम ग्रन्थपत्र नाप किसिमसमेत खोली पुराना लगत कितापहरु र पण्डित हरप्रसाद शास्त्रीले छपाएको क्याटलागसंग समेत भिडेनभिडेको सबै कुरा दुरुस्त खुल्ने गरी जो चाहिने मानिस खटाई दस्तुरमाफिकको लगत किताप खडा गराउनु . अघिको लगतमा रुजु नभएको कुरा टिपी जाहेर गर्नु भन्ने श्री ३ *महाराज* दाजैज्यूबाट हुकुम बक्सेको हुनाले लेखिएबमोजीम लायब्रेरीमा रहेका पुस्तकहरूको लगत किताप तयार गराई जाहेर गर्ने काम गर भन्ने विषयको डाइरेक्टर अफ पब्लिक इन्स्ट्रक्सन र श्रीकुमारीचोक नेपालफाट पुस्तकखानाका हालवाला हाकिम साविकवाला हाकिमका नाउमा समेत ७९ साल भाद्र ३ गते रोज ३ मा श्रीकम्याण्डर इन चीफबाट १ छापे पुर्जी गरी बक्सेको हुनाले सोबमोजीम श्रीडाइरेक्टर मान्यवर गुरुराज हेमराज पण्डितज्यू सी. आइ. इ. बाट खटाइबक्सेका हेड पण्डित सोमनाथ उपाध्याय पण्डित हरिनाथ उपाध्याय श्रीकुमारी-चोक नेपालफाटबाट खटी आएका सुवेदार गुलाफसिङ खडका क्षेत्री र साविकवाला हाकिम पं. विद्यानाथ नआएका हुनाले पुस्तकखानाका हालवाला हाकिम पण्डित दीपकेश्वर उपाध्याय र श्रीडाइरेक्टरबाट थप मद्दत खटाइबक्सेका पण्डित राधानाथ पण्डित बुद्धिनाथ र पैल्लातर्फको साफी लेख्ने पण्डित खिलनाथ दोस्रा तेस्रातर्फको साफी लेख्ने पण्डित नेभिनाथहरुसमेत भई ७९ साल आश्विन १७ गतेदेखि काम शुरु गरी एकछापेको आर्डरबमोजीम पुस्तक-खानाका पुस्तकहरु भरशक हेरी जांची बुझी यो लगती सूचीपत्र तयार भएको छ...

सा. ल. = साविक लगत, अर्थात् १९६७ सालको एकछापेबमोजीम १९६८ सालमा सु. विष्णुप्रसादले पुस्तकखानाका पुस्तकको तायदाती खडा गरी बुझाएको कुमारीचोक नेपालफाटमा रहेको लगत.

हा. ल. = हाल लगत, अर्थात् १९७६ सालमा पण्डित विद्यानाथले खडा गरेको पुस्तकखानामा रहेको लगत.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुहाउने गरी त्यसलाई *गोपालवंशादिप्राचीनराजवंशावली* भन्ने नाउँ राखिएको छ ।[१६]

वीरपुस्तकालयको सूचीपत्रमा यस्तो नाउँ दिइएकोले होला, त्यही नाउँलाई केही छोट्याएर नेपाली विद्वान्हरूले चाहिं त्यस वंशावलीलाई *गोपालवंशावली*[१७] वा *गोपालराजवंशावली*[१८] भन्ने गरेका छन् ।

त्यो वंशावली एउटा सिङ्गै पुस्तक होइन, तीनवटा भिन्नाभिन्नै वंशावली त्यस पुस्तकमा छन् भन्ने कुरा बेन्डलले नै

पु. ढ. = पुरानो ढड्डा, अर्थात् १९०९ सालमा पण्डित रामानन्दले पं. इच्छारामलाई बुझाउदा खडा गरेको तायदाती लगतको ढड्डा ...

टङ्क अकर्ण = ले. टङ्कबहादुरले सु. विष्णुप्रसादलाई ५१ सालमा गरिदिएको अकर्ण.

विष्णु अकर्ण = सु. विष्णुप्रसादका छोरा कृष्णप्रसादले पण्डित विद्यानाथलाई ७२ सालमा गरिदिएको अकर्ण.

टङ्क रिपोर्ट = ले. टङ्कबहादुरले ४७ सालमा जाहेर गरेको पं. विद्यानाथले ७१ सालको आपनो रिपोर्टमा गाँसी जाहेर गरेको रिपोर्ट.

विद्यानाथ रिपोर्ट = पं. विद्यानाथले ७१ सालमा आफूले जाहेर गरेको रिपोर्ट.

(वीरपुस्तकालयको पहिलो लगतको ठूलो अप्रकाशित सूचीपत्रबाट)

१६. नम्बर	ग्रन्थनाम	ग्रन्थकारनाम	विषयः	पूर्णं खण्डितं वा	पत्रभेदः
१५८३	गोपालवंशादि-प्राचीनराजवंशावली. (नेवारभाषासहिता)		वंशावली.	आदिरहिता मध्ये खण्डिता अपूर्णा.	ता. प.

पत्राङ्कः	आकारः	पङ्क्तिः	ग्रन्थसंख्या	अक्षरः	लेखसमयः	पुस्तकावस्था	यावत् पत्रसंख्या
१७–६३	११ × १$\frac{५}{८}$	५	६५०	ने. अ.		प्राचीना.	४७

विशेषः कैफियत

यसमा नेपालमा पहिले गोपाल महीपालहरुको राज्यदेखि उठान गरी प्राचीन राजाहरुको संवत्समेत खोलिएको वंशावली छ. पुस्तक प्राचीन छ. अक्षर उडेको छ. १७ देखि ६३ संम संलग्न पत्र र १ पत्र फुटकर-समेत छ.

(उही)

१७. उदाहरणार्थ– वि. सं. २०१० मा काठमाडौंबाट प्रकाशित संस्कृत–सन्देश १ वर्ष २ अङ्कका ३६–३७ पृष्ठमा छापिएको, नरहरिनाथको *गोपालवंशावली* भन्ने निबन्ध ।

१८. उदाहरणार्थ– वि. सं. २०१० मा काठमाडौंबाट धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा प्रकाशित, उनीहरूको *इतिहास–संशोधन, प्रिन्सिपल भैरवबहादुर प्रधान एम्. ए. ले हाम्रो सद्भावनापूर्ण सल्लाह मानी आफ्ना अज्ञानलाई हटाउनुहोला अथवा आफूले बोलेका कुरा सिद्ध गर्न शक्ने कुनै बलियो प्रमाण उहाँसँग भए सो लिई हामीसंग शास्त्रार्थ गर्न मैदानमा उत्रनुहोलाको* ५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुझिसकेका थिए र त्यसैले उनले त्यस पुस्तकलाई तीन भागमा बाँडेका थिए । यसो भए तापनि मल्लले चाहिँ त्यस पुस्तकलाई दुइ भागमा मात्र बाँडेका छन् । यसरी बेन्डलसँग आफ्नो मत बाझन गएको कारण मल्लले यसरी खुलाएका छन्—

बेन्डल्'ज् डिभिझन्ज् यान्ड् डेज्इग्नेशन्ज् अफ् द म्यान्युस्क्रिप्ट् ह्याम् बीन्, सो फार्, याक्सेप्ट्इड् याज् ए म्याट्अर् अफ् कन्भेन्शन् बाइ लेभी (१९०५–८), पेतेक् (१९५८), यान्ड् रेग्मी (१९६५) । हाउएभ्-अर्, देर् इज् नो ब्रेक्, अर्थग्राफ्इक्, स्टाइलिस्टिक् अर् थिम्याट्इक्, बिट्वीन् फोलिओज् ३६ए यान्ड् ३६बी । सो वी कन्सिडर् द्याट् द म्यान्युस्क्रिप्ट् कन्सिस्ट्स् अफ् टू लूस्लि रिलेट्इड् टेक्स्ट्स् : *वंशावली*₁ यान्ड् *वंशावली*₂ ।[१९]

[त्यस लेखोट पुस्तकका बेन्डलले गरेका विभाग र उनले राखेका नाउँ चलेर आएको कुराको हैसियतले लेभी (वि. सं. १९६२–१९६५), पेतेक (वि. सं. २०१५) र रेग्मी (वि. सं. २०२२) द्वारा अहिलेसम्म स्वीकार भएर आएका हुन् । तर पनि ३६ क पत्र र ३६ ख पत्रको बीचमा वर्णविन्यासम्बन्धी, शैलीसम्बन्धी वा विषयसम्बन्धी अन्तराल छैन । त्यसैले, खुकुलो रूपमा सम्बद्ध दुइटा ग्रन्थ पहिलो वंशावली र दोस्रो वंशावली यस लेखोट पुस्तकमा छन् भन्ने हाम्रो राय छ ।]

जसले बेन्डलको लेख पढेका छन्, तिनीहरूलाई मल्लले गरेको यो दावा पूरापूर नौलो लाग्दैन । कुरा कतिसम्म भने यो सम्भाव्यता बेन्डलले अघिबाटै देखिसकेका भए पनि उनले शैलीको आधारमा त्यस खण्डको बढी विभाग गरेका मात्र हुन्—

भी[३] इज् पर्ह्याप्स् मीर्लि ए कन्टिन्युएशन् अफ् भी[२] । आइ ह्याभ् कल्ड् इट् ए सेप्रिट् डक्युमन्ट्, बिकज् ए स्लाइट् ब्रेक् विथ् डब्ल् दण्डज् अकर्ज् इन् दि अरिजिनल् म्यान्युस्क्रिप्ट् याट् दि एन्ड् अफ् फोलिओ ३६ए यान्ड् बिकज् याट् द पइन्ट् देर् इज् ए मार्क्ड् डिफ्अरेन्स् अफ् स्टाइल् । द स्ट्रिङ अफ् शर्ट् प्यार्अग्राफ्ज् ईच् रिकर्ड्इङ लिट्ल् मोर् द्यान् ए बर्थ्, इज् अब्यान्डन्ड्, यान्ड् दि यान्अल्ज् बिकम् मोर् एक्स्प्यान्ड्इड् ।[२०]

[तेस्रो वंशावली, दोस्रो वंशावलीकै सिलसिला मात्र हो जस्तो लाग्छ । मूल लेखोट पुस्तकमा ३६ क पत्रको अन्त्यमा दुइदुइवटा दण्डद्वारा अलिकति अन्तराल भएकोले र देखिने गरी त्यस ठाउँमा शैली फरक भएकोले मैले यसलाई भिन्नै लिखत भनेको हुँ । हरेकमा जन्मभन्दा अलिकति बढी कुरा लेखिने, छोटकरी अनुच्छेदको ताँतो यहाँ छोडिएको छ र यहाँ वृत्तान्त बढी विस्तृत हुन्छ ।][२१]

---

१९. द *गोपालराजवंशावली*को उपोद्घातको ३ पृष्ठ ।

२०. वि. सं. १९६० मा कलकत्ताबाट प्रकाशित, *जर्नल् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्* [बङ्गालको एशियाटिक सोसाइटीको पत्रिका] को ७२ वर्ष १–२ अङ्कका १–३२ पृष्ठमा छापिएको, सेसिल बेन्डलको *द हिस्टरि अफ् नेपाल् यान्ड् सराउन्ड्इङ् किङ्डम्ज् (१०००–१६०० ए. डी.)* [वि. सं. १०५७ देखि १६५७ सम्मको नेपाल र वरपरका राज्यको इतिहास] भन्ने निबन्ध, सो अङ्कको ४ पृष्ठ ।

२१. केही संशोधन गरी *पूर्णिमा* ३१ अङ्कको १७६ पृष्ठबाट सारेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस पुस्तकमा कतिवटा वंशावली गाभिएका छन् भन्ने विषयमा बहस गर्ने इच्छा मेरो अहिले छैन । तर पनि संस्कृत खण्ड जहाँ टुङ्गियो भनी ठानिएको छ, त्यही पृष्ठको अर्थात् ३० क पत्रको सबभन्दा छेउमा भएका केही अक्षरको सम्बन्ध अर्को पृष्ठसँग जोड्न नसकिने कुराको खयाल भने हामीले राख्नुपर्छ ।

त्यस पुस्तकमा रहेका वंशावलीको सङ्ख्याको विषयमा मल्लको विचार बेन्डलसँग केही बाझे तापनि त्यहाँ एउटा मात्र वंशावली नभई त्यसभन्दा बढी वंशावली गाभिएका छन् भन्ने बेन्डलको मूल विचारसँग भने मल्लको सहमति भएको कुरामा शङ्का छैन । यस कारण नेपाली विद्वान्हरूले राखेको त्यस ग्रन्थको नाउँ कामचलाउ मात्र हो भन्ने स्पष्ट देखिन्छ ।

विक्रमको उन्नाइसौं शताब्दीमा नेपाली भाषामा लेखिएको वंशावली *भाषावंशावली* भन्ने नाउँले आजभोलि कहलिएको छ । त्यसमा हाम्रो वंशावलीको उठानउठानमा भएका केही वाक्य जस्ताको तस्तै सारिएको कुरा मैले अन्यत्र लेखिसकेको छु ।[२२] त्यहीँ मैले ती दुइ वंशावलीको साधर्म्यका केही उदाहरण पनि दिएको छु ।[२३] *भाषा-वंशावली*को उठानउठानमा *राजभोगमाला* भन्ने एउटा ग्रन्थको चर्चा आएको कुरा पनि यहाँनिर भन्नुपरेको छ ।[२४] वंशावलीहरूको विषयवस्तु विभिन्न समयमा राज्य गरेका राजाहरूको वृत्तान्त नै भएकोले *राजभोगमाला* भन्ने नाउँ यस्ता खालका ग्रन्थको लागि राम्रो सुहाउँछ । उडिसाको इतिवृत्त अर्थात् *पाञ्जी*मा जुन खण्डमा राजाहरूको वृत्तान्त हुन्छ, त्यसलाई राजभोग भन्ने चलन भएको कुरा पनि यस प्रसङ्गमा सम्झनुपर्छ ।[२५] यस्तो देख्दा यस प्रकारको वृत्तान्तलाई भारतवर्षभर *राजभोगमाला* वा यस्तै खालको नाउँ राखिने चलन थियो कि जस्तो देखिन गएको छ । त्यस वंशावलीका चलनवलनीमा रहेका दुइवटै नाउँको विषयमा अरूहरूले लेखिसकेका कुरालाई दोहऱ्याउनुबाहेक[२६] आफ्नो २६ पृष्ठको उपोद्घातमा ग्रन्थनामको विषयमा मल्लले केही लेख्न नसकेको देख्ता कस्तो कस्तो लाग्छ ।

त्यस वंशावलीको संस्कृतमा कारकप्रक्रियाको पटक्कै खयाल राखिएको छैन भनी बेन्डलले लेखेको कुराको विषयमा

---

२२. *पूर्णिमा* ३१ अङ्कका १७१–१७२ पृष्ठ ।

२३. *पूर्णिमा* ३१ अङ्कका १६७–१७१ पृष्ठ ।

२४. *पूर्णिमा* ३१ अङ्कका १६२–१६३ पृष्ठ ।

२५. वि. सं. २०३५ मा नयाँ दिल्लीबाट मनोहर पब्लिकेशन्जद्वारा प्रकाशित, एनचार्लोट एसमन, हर्मन कुल्के र गयाचरण त्रिपाठीद्वारा सम्पादित *द कल्ट् अफ् जगन्नाथ् यान्ड् द रीजनल् ट्रडिशन् अफ् ओरिसा* [जगन्नाथ-सम्प्रदाय र उडिसाको प्रादेशिक परम्परा] मा छापिएको गगनेन्द्रनाथ दाशको *जगन्नाथ यान्ड् ओरिया नेशनल्-इज्म्* [जगन्नाथ र देशभक्तिको उडिया भावना] भन्ने निबन्ध, सो पुस्तकका ३६०, ३६१, ३६२, ३६३ पृष्ठ ।

२६. वि. सं. २०३० मा अस्कोनाबाट प्रकाशित, *आर्तिबुस आजिए* [एशियाका कला] को ३२ वर्षका १–२ अङ्कमा छापिएको, मेरी शेफर्ड स्लसर र गौतमवज्र वज्राचार्यको *सम् नेपालीज् स्टोन् स्कल्प्चर्ज् : ए रिअप्रेज्अल् विदिन् देर् कल्चर्अल् यान्ड् हिस्टर्इक्ल् कन्टेक्स्ट्* [पत्थरका केही नेपाली मूर्ति – तिनका संस्कृति र इतिहाससम्बन्धी सन्दर्भभित्र पुनर्मूल्याङ्कन] भन्ने निबन्ध, सो अङ्कको ७९ पृष्ठ र *पूर्णिमा* ३१ अङ्कका १६१–१६२ पृष्ठसँग *द गोपालराजवंशावली*को उपोद्घातको १ पृष्ठ दाँज्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मैले माथि चर्चा गरिसकेको छु । तर पनि यहाँको संस्कृतमा केही नियम पनि भएको विषयमा बेन्डलले लेखेको कुराको पनि यहाँ चर्चा गर्नुपरेको छ—

साइन्टिफ्इक् स्टच्डन्ट्स् अफ् द भर्न्याक्युलर्ज् मे प्रब्अब्लि फाइन्ड् 'मेथ्अड् इन् इट्स् म्याड्नेस्' । द फ्रीक्वन्ट् लोक्यूशन् *तेन कृतः* अर् *कृत* फर् *स कृतवान्* अर् *स अकरोत्* सर्टिन्लि सजेस्ट्स् द फमिल्यर् हिन्दी *उस ने किया* ।...[२७]

[यसको लेखाइ जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो नभएको कुरा देशी भाषाहरूका नियमको राम्रो परिशीलन गरेकाहरूले भेट्टाउन सक्लान् कि । *स कृतवान्* वा *स अकरोत्*को सट्टा अक्सर आउने, *तेन कृतः* वा *कृत* भन्ने मुहावराले चलतीको हिन्दीको *उस ने कियालाई* पक्कै पनि सम्झाउँछ ।][२८]

त्यस वंशावलीको संस्कृतभाषाको विषयमा बेन्डलले गरेको यस टीकाटिप्पणीले मल्ललाई त्यस विषयमा यस्तो बोल्न लगाएको छ—

इफ् देर् इज् ए "मेथ्अड् इन् म्याड्नेस्", इट् मे ह्याभ् बीन् ए मोर् वाइड्स्प्रेड् लिङ्ग्विस्ट्इक् फिनम्इनन् द्यान् जस्ट् द कन्सिक्वेन्स्इज् अफ् स्क्राइब्अल् इन्कम्पिटन्स् अर् भगेर्इज् । स्यान्स्क्रिट् अपीर्ज् टु बी अन्डर् द प्रेश्अर् अफ् दि इन्डोएर्इअन् भर्नाक्युलर्ज् ह्विच् इज् इन् क्लीर् एभ्इडन्स् इन् द टेक्स्ट् । याट् द सेम् टाइम्, द कन्टचाक्ट् विथ् टिबेटो-बर्मन् ह्याज् अफेक्ट्इड् इट्स् मर्फल्अजि यान्ड् फोनोलजि । इट् इज्, देर्फोर्, वर्थ् इन्भेस्टिगेट्इङ इफ् द डेभिएन्ट् फीचर्ज् आर् डचू टु त्याङ्ग्विज्-कन्टचाक्ट् सिटच्एशन् (आइ. ई., सोसिअलिङ्ग्विस्ट्इक्), रादर् द्यान् ए म्यान्इफेस्टेशन् अफ् द फेल्अर् टु मेम्अराइज् पाणिनि'ज् याफ्अरिज्म्ज् बाइ दि अनन्इमस् स्क्राइब् । द्याट् देर् मे ह्याभ् बीन् ए "मेथ्अड् इन् म्याड्नेस्" इज् याट् लीस्ट् एभ्इडन्ट्, फर् एग्जाम्प्ल्, इन् द कन्सिस्टेन्सि विथ् ह्विच् कन्सनन्ट्स् *म्, य्, ज्, ण्, व्*, आर् जेम्इनेट्इड् फल्ओइङ नन्-भोकलाइज्ड्-*र्*, गिभ्इङ अस् *म्म् फर् म, य्य् फर् य, ज्ज् फर् ज, रण् फर् ण*, यान्ड् *व्व् फर् व* ।...[२९]

[त्यो लेखाइ जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो छैन भने लेखकको अयोग्यता वा तरङ्गका परिणाम-भन्दा भाषासम्बन्धी बढी व्यापकरूपले दृष्टिगोचर हुने विषय त्यो हुन सक्छ कि । आर्यमूलका भारतीय देशी भाषाहरूको प्रभावमा संस्कृत परेको देखिन्छ, यसको स्पष्ट प्रमाण यस ग्रन्थमा छ । यसको साथसाथै, भोट-मूलका भाषाको संसर्गले यसका शब्दरूपप्रक्रियामा र स्वनरूपप्रक्रियामा असर पारेको छ । यस कारण व्यतिक्रमका ती चिह्नबाट ती अज्ञातनामा लेखकले पाणिनिका सूत्र कण्ठ गर्न नसकेको कुरा छर्लङ्गिनुभन्दा त भाषाहरूको परस्परको सम्पर्कसम्बन्धी (अर्थात् समाजभाषाशास्त्रसम्बन्धी) परिस्थितिद्वारा ती देखिएका त होइनन् भनी खोजतलाश गर्नु उचित छ । त्यो लेखाइ जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो हुन नसक्ने कुराको

---

२७. *जर्नल् अफ् दि एशियाट्इक् ससाइइटि अफ् बेन्गल्*को ७२ वर्षको १-२ अङ्कको ३ पृष्ठ, ५ टिप्पणी ।

२८. संशोधन गरी *पूर्णिमा* ३१ अङ्कको १७५ पृष्ठबाट सारेको ।

२९. *द गोपालराजवंशावली*को उपोद्घातको २० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

उदाहरणको लागि रेफको पछाडि आउने व्यञ्जन म्, य्, ज्, ण्, व्को द्वित्व भई यको ठाउँमा य्य्, जको ठाउँमा ज्ज्, णको ठाउँमा ण्ण् र वको व्व् एकनासले हुन जाने कुरामा कमसेकम स्पष्ट हुन्छ ।]

त्यस वंशावलीको संस्कृत जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो छैन भन्ने जस्ता उदाहरण यहाँ दिइएका छन्, त्यस्ता उदाहरण संस्कृत वर्णविन्यासको विषयमा ज्ञान नभएको मानिसले मात्र दिन सक्छ । बेन्डलले जुन उदाहरण दिएका छन्, त्यो, त्यस वंशावलीको संस्कृतमा पर्न गएको देशी भाषाको प्रभाव देखाउन दिइएको हो । यता मल्लले प्रतिज्ञामा देशी भाषाहरूको र भोटमूलका भाषाहरूको त्यस वंशावलीको संस्कृतमा प्रभाव परेको छ भनी लेखे तापनि उनले जुन हेतु दिएका छन्, तिनबाट उनको प्रतिज्ञाको कत्ति पनि पुष्टि हुँदैन भनेर मैले भनिरहनुपर्दैन । यी त वर्णविन्यासम्बन्धी उदाहरण भएकाले यस प्रसङ्गमा तिनको केही उपयोगिता छैन । संस्कृतव्याकरणको दृष्टिले *तेन कृतः* ठीक भएकोले त्यस वंशावलीको संस्कृतमा पर्न गएको देशी भाषाको प्रभावको जुन उदाहरण बेन्डलले दिएका छन्, त्यो ठीक छैन भन्ने कुरा पनि मैले यस प्रसङ्गमा भनिहाल्नुपर्छ । यस कारण बेन्डलले देशी भाषाको प्रभावको उदाहरण दिँदा *तेन शुक्रदिने नाटिक सुधनपाल कृतवान्* (२५ क पत्रको ४ पङ्क्ति) वाक्य अघि सारेका भए राम्रो हुन्थ्यो भन्ने कुरामा शङ्का छैन । मल्लले दिएका उदाहरणबाट चाहिँ धेरै पहिलेदेखि दुइ भिन्नाभिन्नै छाँटले लेखिने गरेका शब्दमध्ये एक छाँटका उदाहरण त्यस वंशावलीमा पाइएकोले, स्वर वर्णदेखि पर रहेका जुन रेफ र हकार छन्, तिनदेखि पर रहेका, हकारबाहेकका, सबै व्यञ्जनको द्वित्व विकल्पले हुन्छ भनी पाणिनिले लेखेको *अचो रहाभ्यां द्वे* (८।४।४६) भन्ने सूत्रको अनुसरण त्यहाँ भएको स्पष्ट छ । त्यस वंशावलीको संस्कृत जति अडमिल्दो देखिन्छ, त्यति अडमिल्दो छैन भनी मल्लले दिएका जस्ता उदाहरण संस्कृतका हजारौँ हजार ग्रन्थमा जतातत पाइने हुनाले त्यस वंशावलीको संस्कृतभाषाको वैशिष्ट्य त्यस्ता उदाहरणले देखाउँदैनन् भनी भनिरहनुपर्दैन ।

संस्कृत शब्द लेख्दा कमलप्रकाश मल्ल कस्ता कस्ता भद्दा गलती गर्छन् भन्ने कुराको नमूना मैले तीन वर्षअघि प्रसङ्गवश अन्यत्र लेखिसकेको छु ।[३०] *द गोपालराजवंशावली*मा मल्लको लेखमा त्यस्ता अशुद्धि उनका पुराना लेखका दाँजोमा निकै कम छन् भन्ने कुरा निष्पक्ष पाठकले भन्नुपर्छ । *द गोपालराजवंशावली* छापिनुभन्दा एक वर्षअगाडि छापिएको पुस्तिकामा समेत भरमार अशुद्धि गर्ने[३१] मल्लको लेखमा अकस्मात् यो सुधार देखिएकोले यति चाँडो उनले कसरी यो सिके भनी प्रश्न उठ्छ । (*देवनागरीलाई रोमनमा हामीले पल्टाएको जाँच्ने र टाइप भएका लेखको प्रूफ पढ्ने जस्ता*) *अप्ठेरा कामले हामीले उहाँलाई बोझ पारेकाले* भनी ग्रन्थकारहरूले लेखेकाले यस पुस्तकमा यस्ता खालका गलती कम हुनाको कारण अर्कै मान्छेले संशोधन गर्नु रहेछ भन्ने स्पष्ट बुझिन्छ । *द गोपालराजवंशावली*को *कामलाई मानो यो मेरो आफ्नै काम हो, तिनीहरूको होइन* भन्ने भावनाले त्यस काममा उग्र ध्यान दिई *माया गरी परिश्रम गरे*[३२] तापनि ती विद्वान्ले मल्लले गरेका जस्मै गलती पक्रन सकेनछन् ।

---

३०. वि. सं. २०४० मा प्रकाशित *पूर्णिमा* ५८ अङ्कका १–२९ पृष्ठमा छापिएको, महेशराज पन्तको *के श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन–मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त ?* भन्ने निबन्ध, सो अङ्कका २६–२९ पृष्ठ ।

३१. वि. सं. २०४१ मा काठमाडौँबाट नेपाल स्टडी सेन्टरद्वारा प्रकाशित, कमलप्रकाश मल्लको *इम्पेक्अन्लं हिस्टरिओग्रफि इन् नेपाल्, ए रिबुटल्* [नेपालमा निर्दोष इतिहासरचना, प्रतिवाद] ।

३२. *द गोपालराजवंशावली*को *प्रिफेस्* [प्रस्तावना] को ३ पृष्ठबाट उल्था गरेको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बसैले लग्न हुनुपर्नेमा लन्ना (१४० पृष्ठमा), पट्टबन्ध हुनुपर्नेमा पट्टवन्ध (१४० पृष्ठमा), फाल्गुन हुनुपर्नेमा फाल्गुण (१६३, १६४ पृष्ठमा), त्रिशक्ति हुनुपर्नेमा त्रिशक्ति (सबभन्दा पछिल्लो पृष्ठमा) र पुरस्कार हुनुपर्नेमा पुस्कार (सबभन्दा पछिल्लो पृष्ठमा) जस्ता अशुद्धि त्यहाँ यताउता देखा पर्छन्। सबभन्दा हाँसो उठ्ने कुरा त सत्ताइसपटै नक्षत्रमा नपर्ने वैशाख नक्षत्र (१६३ पृष्ठमा) पनि मल्लको लेखमा ती विद्वान्ले कायम राखिदिएका छन्।

द गोपालराजवंशावलीमा त्यस वंशावलीको मूल पाठ जसरी दिइएको छ, त्यस विषयमा अब केही लेख्नुपरेको छ। मूल ग्रन्थभर व र व छुट्टयाउने समस्याको हल त्यहाँ दिइएको पाठअनुसार हुन नसक्ने कुरा हामीलाई सबभन्दा पहिले खट्कन्छ। जुन लिपिमा त्यो वंशावली लेखिएको छ, त्यसमा बाहुलो वलाई खुंडे पार्दा व र खुंडे पारेन भने व हुन्छ भन्ने कुरा लिपिको पुस्तकबाट बुझिन्छ।[३३] तर त्यस वंशावलीमा कहीं पनि खुंडे पारेको व नदेखिएकोले[३४] त्यसको प्रतिलिपि गर्दा ब र व छुट्टयाउने हो भने विचार पुऱ्याउनुपर्छ। लिपिको पुस्तकअनुसार देव पढ्नुपर्नेमा द गोपालराजवंशावलीमा संस्कृतभाषाको सामान्य वर्णविन्यासको खयाल राखी देव पढिएकोमा आपत्ति उठाउन गाह्रो भए तापनि संस्कृतमा व लेखिने र आधुनिक भाषाहरूमा पनि ब नै उच्चारण हुने बालरामायणलाई कहीं बालरामायन (मूलमा °यन नै छ – २९ क पत्रको ३ पङ्क्ति) र कहीं वालरामायन (यहाँ पनि मूलमा °यन नै छ– ५७ क पत्रको ५ पङ्क्ति) पढेकोमा चाहिं किमार्थ सहमत हुन सकिन्न।

मूल पाठ दिंदा केही संयुक्ताक्षर जसरी दिइएका छन्, तिनबाट मूल पुस्तकको पाठको यथार्थ निरूपण हुन नसकेको कुरा पनि यस प्रसङ्गमा भन्नुपरेको छ। दुइ तीन अक्षरसम्म जोडेर मोडेर ध्वनिको निरूपण याथार्थ्यसंग गर्न खोज्ने भारतीय लिपिको प्रकृतिसंग मेल नखाने गरी आजभोलि सजिलोको लागि देवनागरी लिपिमा संयुक्ताक्षर नढाली सकेसम्म अक्षर छुट्टयाएर टाइप बनाउने प्रवृत्ति बढेको छ तापनि भारतीय लिपिको वैशिष्ट्य कायम राख्न खोज्ने छापाखानामा त्यस्ता संयुक्ताक्षर अझ दुर्लभ भइसकेका छैनन्। मूल पुस्तकमा श्रीमद्युद्धि (१७ क पत्रको २ पङ्क्ति) लेखिएकोमा द्र र यु छुट्टयाई श्रीमद्युद्ध° बनाइदिएको, मूल पुस्तकमा श्रीभृङ्गारेश्वरः (१७ क पत्रको ३ पङ्क्ति) भएकोमा ङ्र गा छुट्टयाई श्रीभृङ्गारेश्वरः पारिदिएको, मूल पुस्तकमा पश्चात्मालाखातः (१७ क पत्रको ४ पङ्क्ति) लेखिएकोमा त्र र मा छुट्टयाई पश्चात् मालाखातः पारिदिएका जस्ता कुराबाट लिपिको दृष्टिले त्यस वंशावलीमा चाख राख्ने मानिसको लागि अप्ठेरो पर्न गएको छ भन्ने कुरा भनिरहनुपर्दैन। मूल पाठमा टाइपको दृष्टिले खट्किने अर्को कुरा ह्व अक्षर छ; जुन मोटो पुच्छर भएको ह जस्तै देखिन्छ, किनकि त्यहाँ रेफ पहिल्याउन सकिंदै सकिंदैन। जसले द गोपालराजवंशावलीको प्रकाश गऱ्यो, त्यो संस्था सम्पन्न भएको र जहाँ त्यो पुस्तक छापियो, त्यो छापाखाना साधन-सम्पन्न भएकोले सम्पादकहरूले दृष्टि दिएका भए यस्ता सानातिना दोष यस पुस्तकमा रहने थिएनन्। कथंकदाचित् त्यस्ता अक्षर नभेटिएका खण्डमा मूल पुस्तकको वर्णविन्यासतम्बन्धी प्रकृति बुझाउन एउटा टिप्पणी हालिदिएको भए पनि लिपिमा चाख राख्नेहरूलाई निकै सजिलो पर्थ्यो।

द गोपालराजवंशावलीमा मूल पाठ दिंदा जहाँ पद जोड्नुपर्थ्यो, त्यहाँ छुट्टयाएर र जहाँ पद छुट्टयाउनुपर्थ्यो, त्यहाँ जोडेर छपाइएका उदाहरण निकै पाइन्छन्। समस्त पद °बृहत्पुस्करणी [शुद्ध रूप– बृहत्पुष्करिणी] (२४ ख पत्रको

---

३३. वि. सं. २०३० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, हेमराज शास्त्रको नेपाल लिपि–प्रकाशको ४५ पृष्ठ।

३४. ३७ क पत्रको ४ पङ्क्तिमा आएको दिवसको व, अलि खुंडे परेको जस्तो फोटोमा देखिएको कुरा यहाँनिर भन्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ पङ्क्ति) लाई छुट्टयाएर *वृहत्*[३५] *पुम्करणी* पारेको, कर्म *ग्रभ* [शुद्ध रूप– *गर्भ*] र विधेय *कृतम्* [शुद्ध रूप– *कृतः*] लाई जोडी *ग्रभकृतम्*(२१ ख पत्रको १ पङ्क्ति) पारेकोलाई यसको दृष्टान्तको रूपमा देखाउन सकिन्छ । कुनै शब्द एउटै पङ्क्तिमा नअटाएको खण्डमा अर्को पङ्क्तिमा पनि त्यो शब्द गएको छ भन्ने कुरा देखाउनुपर्दा संयोजक–चिह्न दिने चलन छ । तर द *गोपालराजवंशावली*मा ठाउँठाउँमा त्यस्तो चिह्न दिन बिर्सेको कुरा यस प्रसङ्गमा उठाउनुपर्छ । २२ ख पत्रका १–२ पङ्क्तिमा लेखिएको *व्यवहार*लाई त्यहाँ *व्यवहा र* गरी छपाइएको कुरालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

त्यस वंशावलीसँग सम्बन्ध भएको, लिपिसम्बन्धी एउटा कुरा यहाँनिर केही खुलाएर लेख्नुपरेको छ । त्यस ताकाका यतातिरका अरू अरू लिखतमा छ्यासछ्यासती भेटिए जस्तै त्यस वंशावलीमा पनि यस्तो ० जस्तो देखिने चिह्न जतातत भेटिन्छ । यस्तो चिह्न कुनै बेला चलनचलतीमा प्रशस्त रहे तापनि नेपाली लिपिका पुस्तकमा यस चिह्नको व्याख्या गरी लेखेको मैले भेट्टाएको छैन ।

एउटा अभिलेखको देवनागरीमा उतार दिँदा त्यस अभिलेखमा दुइ पटक आएको यस ० चिह्न[३६]लाई एक पटक *अनुस्वार* र अर्को पटक *खुट्टा काटेको म्* भनी लिपिसम्बन्धी एउटा कृतिमा गुरु शङ्करमान राजवंशीले पढिदिनु–भएकोले[३७] लिपिसम्बन्धी निकै ग्रन्थ लेखिसक्नुभएका उहाँको पनि यस विषयमा पक्का विचार नभएको स्पष्ट हुन्छ । यस्तो हुनाको कारण कसैले यस्तो चिह्नलाई *अनुस्वार*[३८] र कसैले *खुट्टा काटेको म्*[३९] भनी सम्झनु हो भन्ने मैले ठानेको छु ।

---

३५. मूलबाट व र ब नछुट्टिने हुँदा शुद्ध रूप *बृहत्* पो लेख्नुपर्ने हो ।

३६. वि. सं. २०३१ मा काठमाडौँबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित *कैलाश* २ वर्ष १–२ अङ्कका २३–१२० पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *नेपाली लिपिविकास* भन्ने निबन्ध(सो अङ्कको ८१ पृष्ठ)मा रुद्रदेवको पालाको पाटन वलटोलको ने. सं. २९२ [वि. सं. १२२८] को अभिलेखको हुबहू प्रतिलिपि दिइएको छ । (३३ सङ्ख्याको फलक) । त्यसअनुसार त्यस अभिलेखमा यो चिह्न दुइ पटक आएको देखिन्छ ।

३७. त्यही लेखमा त्यस अभिलेखको देवनागरीमा प्रतिलिपि गर्दा त्यही चिह्नलाई एकपटक अनुस्वार (तृरोपणं) र अर्को पटक खुट्टा काटेको म्(चतुष्टयम्)भनी छपाइएको छ (*कैलाश* २ वर्ष १–२ अङ्कको ४८ पृष्ठ = २६ लिपिचित्र)।

३८. उदाहरणको लागि– वि. सं. १९४२ मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, सेसिल बेन्डलको *ए जर्नि अफ् लिटअर् अरि यान्ड् आर्कीअल् अजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इन्डिअ, ड्यूरिङ् द विन्टर् अफ् १८८४–५* [वि. सं. १९४१ को हिउँदमा नेपाल र उत्तरी भारतमा वाङ्मयसम्बन्धी र पुरातत्व सम्बन्धी अन्वेषणको लागिको यात्रा] को ९ सङ्ख्याको अभिलेखको फलक = ८४–८५ पृष्ठ । वि. सं. १९७५ मा अजमेरबाट प्रकाशित, गौरीशङ्कर हीराचन्द ओझाको *भारतीय प्राचीन लिपिमाला*को दोस्रो संस्करणको २३ सङ्ख्याको फलक = ७८ पृष्ठ । *नेपाल लिपि–प्रकाश*को ७१ पृष्ठ ।

३९. उदाहरणको लागि– वि. सं. २०१८ मा काठमाडौँबाट संशोधन–मण्डलद्वारा प्रकाशित रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, बयनाथ पौडेलको *अभिलेख–संग्रह* २ भागको १३ पृष्ठमा छापिएको वलटोलको अभिलेख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बङ्गाली लिपिमा यो चिह्न अहिलेसम्म चलेको छ र यसले ङ् तथा *अनुस्वार*लाई बुझाउँछ भन्ने कुराको सम्झना यस प्रसङ्गमा हुन्छ । राखालदास बनर्जीले बङ्गाली लिपिको उत्पत्तिको विषयमा लेख्दा बङ्गालका अभिलेख र भारतवर्षका अन्यत्रका अभिलेखमा पाइने अनुस्वारको तुलना गरी यस चिह्न ० लाई बङ्गाली लिपिको अनुस्वारको रूपमा देखाएकाले पहिलेदेखि बङ्गालीमा यस चिह्नले *अनुस्वार*लाई बुझाउने कुरा स्पष्ट हुन्छ ।[४०] वर्णको माथि डिको बिई त्यसमाथि बिन्दु हाली अनुस्वारलाई बुझाउने सामान्य चलन तात्कालिक नेवारी लिपिमा हुँदा हुँदै पनि बङ्गाली लिपि र नेवारी लिपि धेरै मिल्ने हुनाले तात्कालिक नेवारी लिपिमा चलेको यस्तो चिह्न *खुट्टा काटेको म* हुनुभन्दा *अनुस्वार* हुनु बढी सम्भव भएको कुरा देखिएको छ ।

वैदिक ग्रन्थमा देखिने यस्तो चिह्न ँ को चर्चा पनि यस प्रसङ्गमा गर्नुपरेको छ । कवर्गदेखि पवर्गसम्मका अघिल्ला चार वर्णमध्ये कुनै वर्णको पछाडि पाँचौं वर्ण अर्थात् ङ ञ् ण् न् म् आउँदा वेदमा अगाडिको वर्णको द्वित्व हुने र डबलिएका अक्षरमध्ये अघिल्लोलाई *यम* भन्ने चलन छ ।[४१] *यम*मा अनुनासिकत्व हुने हुनाले[४२] अनुनासिकत्वलाई यस चिह्न ँ ले बुझाउने गरिएको हुन्छ ।[४३] अर्को कुरा, श ष स ह तथा रेफ पर भएमा ह्रस्व वर्णदेखि पर रहेको अनुस्वारको ठाउँमा वाजसनेयीहरूले उच्चारण गर्ने गरेको दीर्घ गूँलाई[४४] बुझाउने यरीथरीका चिह्नमध्ये एउटा

---

४०. वि. सं. १९७६ मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, राखालदास बनर्जीको *दि अर्इजिन् अफ् द बेन्गली स्क्रिप्ट्* [बङ्गाली लिपिको उत्पत्ति] को ९२ पृष्ठ ।

४१. वर्गेष्वाद्यानां चतुर्णां पञ्चमे परे मध्ये यमो नाम पूर्वसदृशो वर्णः प्रातिशाख्ये प्रसिद्धः, पलिक्ष्नीः, चख्न्तुः, अग्ग्निः, घ्घ्नन्तीत्यत्र क्रमेण कखगघेभ्यः परे तत्सदृशा एव यमाः ।

(*सिद्धान्तकौमुदी* संज्ञाप्रकरणमा *पूर्वत्रासिद्धम्* ८।२।१ को वृत्ति)

४२. चत्वारो यमाः कुँ खुँ गुँ घुँ इति ।। ।।

(*याज्ञवल्क्यशिक्षा* वर्णप्रकरण प्रकीर्णकाधिकार)

चत्वार इति – उकारः सादृश्यार्थः । सादृश्यं च वर्गाद्यत्वादिना ग्राह्यम् । अर्धचन्द्रेण च आनुनासिक्यं द्योत्यते । तेन आनुनासिक्यगुणविशिष्टाः वर्गप्रथमाः वर्गद्वितीयाः वर्गतृतीयाः वर्गचतुर्थाः । इति इत्थम् । चत्वारः चतुर्विधाः । यमाः । भवन्ति इति शेषः । ...

(*शिक्षावल्लीविवृति*)

(वि. सं. १९९४ मा काशीबाट पद्मनाथ शर्मा दीक्षितद्वारा प्रकाशित, अमरनाथ शास्त्री दीक्षितद्वारा सम्पादित *याज्ञवल्क्यशिक्षा*का १५४–१५५ पृष्ठ)

४३. पलिक्ँ्कनी, अग्ँ्गने इत्यादि ।

(वि.सं. २०३४ मा बडोदाबाट ओरियन्टल इन्स्टिटचुटद्वारा प्रकाशित, काशीनाथ वासुदेव अभ्यङ्कर र जे. एम. शुक्लको *ए डिक्शन्आर अफ् स्यान्स्क्रिट् ग्र्यामूअर्* [संस्कृतव्याकरणको कोष] का १०६, ३१३–३१४ पृष्ठ)

४४. अथानुस्वारस्य ँ इत्यादेशः शषसहरेफेषु तस्य त्रैविध्यमाख्यातम् । ह्रस्वदीर्घगुरुभेदैर्दीर्घात्परो ह्रस्वो ह्रस्वात्परो दीर्घो गुरौ परे गुरुः ...

(*कात्यायनपरिशिष्टप्रतिज्ञासूत्र* ३)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चिह्न यस्तो ँ पनि हुने कुराको सम्झना पनि यस प्रसङ्गमा हामीलाई हुन्छ ।[४५] यो चिह्न हामीलाई खायस परेको चिह्नको नजीकै छ भन्ने कुरा त्यो चिह्न ९ यसरी पनि लेखिने गरेकोले देखिन गएको छ ।[४६] बङ्गालीमा यस चिह्न ं ले ङ र अनुस्वारलाई बुझाउने कुरालाई वैदिक ग्रन्थमा यही चिह्नले अनुनासिकत्व र वाजसनेयिपरम्परामा अनुस्वारको ठाउँमा आएको गूँलाई बुझाउने कुरासँग दाँजेर हेर्दा यस विषयमा बढी अन्वेषण गर्न हामीलाई कुतकुत्याउँछ । हाम्रा लिखितहरूमा जहाँ यस चिह्नको प्रयोग भएको देखिन्छ, त्यहाँ ङको अवकाश नभएको र वाजसनयिपरम्परामा यसले अनुस्वारको ठाउमा आएको गूँलाई बुझाएकोले यस चिह्नले अनुस्वारलाई नै बुझाएको हो भन्ने कुरामा बढी बल मिल्छ ।

वि. सं. २०३४ मा ऐश्वर्यधर शर्मासँग मिली मैले दुइवटा सबभन्दा पुराना नेपाली ताम्रपत्रको सम्पादन गरेको थिएँ ।[४७] तो दुवै ताम्रपत्रमा त्यो चिह्न आएकोले[४८] हामीले भारतीय र नेपाली अभिलेखहरूबाट उदाहरण बटुली त्यस चिह्नले अनुस्वारको एक प्रकारलाई बुझाउँछ भनी सिद्ध गर्ने प्रयत्न त्यस बेला गरेका थियौं ।[४९] तर पनि त्यसभन्दा पछि प्रकाशमा आएका, पिताजी पं. नयराज पन्त, गुरु देवीप्रसाद भण्डारी र भाइ दिनेशराज पन्तले

---

४५. उदाहरणार्थ– *वाजसनेयिसंहिता* १०।१८ मा पहिले दीर्घ गूँ, अनि ह्रस्व गुँ गरी दुइ पटक ँ आएको छ –

इमं देवा असपत्न ँ सुवध्वं महते क्षत्राय महते ज्यैष्ठ्याय महते जानराज्यायेन्द्रस्येन्द्रियाय ।
इमममुष्य पुत्रममुष्यै पुत्रमस्यै विश एष वोऽमी राजा सोमोऽस्माकं ब्राह्मणाना ँ राजा ॥

(वि. सं. १९८५ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, वासुदेव लक्ष्मण पणशीकरद्वारा सम्पादित, उवटको मन्त्रभाष्य र महीधरको वेददीपभाष्यसहितको *श्रीमद्वाजसनेयमाध्यन्दिनशुक्लयजुर्वेदसंहिता*को १७५ पृष्ठबाट)

यही मन्त्र *संस्कारदीपक*मा दिँदा ह्रस्व वर्ण अर्थात् *असपत्न*को नको अकारदेखि पर रहेको दीर्घ गूँलाई बुझाउन यस्तो ँ चिह्न र दीर्घ वर्ण अर्थात् *ब्राह्मणाना*को आकारदेखि पर रहेको ह्रस्व गुँलाई बुझाउन यस्तो चिह्न ँ लेखिएको छ ।

(वि. सं. २००३ मा बनारसबाट काशी संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, रामचन्द्र पणशीकरद्वारा सम्पादित, नित्यानन्द पन्तको *संस्कारदीपक* १ भागको दोस्रो संस्करणका २०७–२०८ पृष्ठ ।

४६. *कैलाश* २ वर्ष १–२ अङ्कको ७६ पृष्ठ = २४ फलक ।

४७. वि. सं. २०३४ मा काठमाडौँबाट नेपाल रिसर्च सेन्टरद्वारा प्रकाशित, महेशराज पन्त र ऐश्वर्यधर शर्माको *द टू अर्लिएस्ट् कप्र्अर्–प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्* [नेपालका दुइवटा सबभन्दा पुराना ताम्रपत्र] ।

४८. उही पुस्तकका ६, २६ पृष्ठ ।

४९. उही पुस्तकको ७ पृष्ठ, १६ क टिप्पणी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्पादन गरेको *सुमतितन्त्रमा* र ज्ञानमणि नेपालले सम्पादन गरेको *महीरावणवधनाटकमा* हाम्रो मतमा टीका-टिप्पणी नगरीकनै त्यस चिह्नलाई खुट्टा काटेको म् नै सम्झी छपाइएको कुरा यस प्रसङ्गमा भन्नुपर्छ ।[५०] यसपछि बर्नहार्ड क्योल्भर र हेमराज शाक्यले पाटन उकुबहालका ताडपत्रको सम्पादन गर्दा *अनुनासिक र विरामचिह्नका काम अक्सर स्पष्ट देखिने गरी जोड्ने, मुन्तिर जोडिएको विराम[हलन्त]सँग अनुस्वारको बङ्गाली ढाँचाको मिलान*[५१] भनी त्यस चिह्नको व्याख्या गर्नुभयो । त्यस चिह्नको विषयमा यस्तो लेख्दा लेख्दै पनि जरूर *महेशराज पन्त र ऐश्वर्यधर शर्माको उपपत्तिनाई माथिको कामले कुनै तरहले अप्रामाणिक बनाउँदैन*[५२] भनी उहाँहरूले टिप्पणीमा लेख्नुभएकोले उहाँहरूलाई पनि दोधार परेको देखिन गएको छ । स्थिति यस्तो हुँदा हुँदै र त्यस वंशावलीको पाठ पढ्ने धेरैजसोले[५३] त्यस चिह्नलाई *अनुस्वार* मान्दा मान्दै पनि जताततै आउने त्यस चिह्नलाई *द गोपालराजवंशावलीमा* कुनै प्रमाण नदिईकन *खुट्टा काटेको म्*[५४] नै पढेको देखेर जिज्ञासु पाठकले मूल पाठमा तर्क गर्ने ठाउँ पाएको छ ।

---

५०. वि. सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको *सुमतितन्त्रम्* ।
वि. सं. २०४२ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *जयतरचित महारावणवध नाटक विवेचनात्मक अध्ययन* ।

५१. वि. सं. २०४३ मा जाङ्क्ट आगुस्टीनबाट फेराइनिगुङ फुइर गेशिस्टसविसेनशापट हे खआजिआन्ज– विसेनशापट फेर्लागद्वारा प्रकाशित, बर्नहार्ड क्योल्भर र हेमराज शाक्यको *डकयुमन्ट्स् फ्रम् द रुद्रवर्ण-महाविहार, पाटन* [पाटन रुद्रवर्णमहाविहारका लिखत] को २८ पृष्ठबाट उल्था गरेको ।

५२. उही पुस्तकको २९ पृष्ठ, १० सङ्ख्याको टिप्पणीबाट उल्था गरेको ।

५३. सेसिल बेन्डल (*दि एशियाटिक् समाइटि अफ् बेन्गल्*को ७२ वर्ष १–२ अङ्कका १०, ११, १२ पृष्ठ), लूच्यानो पेतेक (*मेडिईभल् हिस्टरि अफ् नेपाल्*को पहिलो संस्करणको ६ परिशिष्ट), नरहरिनाथ (*हिमवत्संस्कृति* १ वर्ष १ अङ्कका ९–२५ पृष्ठ, यस चिह्नलाई नरहरिनाथले एक ठाउँमा ङ पढी °वङस भनी छपाउनुभएको छ (१० पृष्ठ = १९ क पत्रको ३ पङ्क्ति) । त्यहाँ ङ छापिए तापनि छाप्दा छाप्दै ङको हलन्त उडेकोले ङ मात्र बाँकी रहन गएको हुनुपर्छ । यसो हो भने बङ्गालीमा यही चिह्नको उच्चारण ङ् भई *वंशलाई वङ्श* भनी उच्चारण गर्ने परम्पराको उहाँले अनुसरण गरेको देखिन्छ ।), डिल्लीरमण रेग्मी (वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा. के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेडिईभल् नेपाल्* तेस्रो भाग, ख परिशिष्ट), महेशराज पन्त र ऐश्वर्यधर शर्मा (*द टू अर्लिएस्ट् कप्अर्–प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल*को ११ पृष्ठ, ३७ टिप्पणी) ।

५४. *द गोपालराजवंशावलीमा* यस चिह्न °् लाई कहीँ कहीँ अनुस्वार (२४ क पत्रको २ पङ्क्तिमा *कृतं*, २९ ख पत्रको ३ पङ्क्तिमा *ह्यं*, ३२ क पत्रको २ पङ्क्तिमा *थापरपं*, ४५ ख पत्रको ५ पङ्क्तिमा *हस्यं*, ५५ क पत्रको १ पङ्क्तिमा *लिँङ्गि°*, ५५ ख पत्रको ५ पङ्क्तिमा *लुल्यं*) र कहीँ कहीँ म फाला म (२५ ख पत्रको ५ पङ्क्तिमा *केलासपूजनम्कृत°*, ५५ ख पत्रको ५ पङ्क्तिमा *परम्परावु*) गरी छपाइएको देखेर र एकै पङ्क्तिमा आएका *कृत °् देवुल°्* (२४ क पत्रको २ पङ्क्ति) लाई *कृतं देवुलम्*, *केलासपूजन°् कृत°्* (२५ ख पत्रको ५ पङ्क्ति) लाई *केलासपूजनम्कृतम् र लुल्य°् ... द्वाल्य°् पर°् परावु* (५५ ख पत्रको ५ पङ्क्ति) लाई *लुल्य .. द्वाल्यम् परम्परावु* गरेर छपाइएको पनि देखेर कति हल्का तवरले त्यस वंशावलीको पाठनिर्णय गरिएको रहेछ भन्ने कुराको झलक मिल्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सानो आकारको ताडपत्रका ४८ पत्र ओगटेको त्यस वंशावलीको एक पत्र, ठूलो आकारको द *गोपालराजवंशावली*-को एक पृष्ठ ना दिने नीति लिइएकोले वंशावलीको मूल पाठ ठूलठूला अक्षरमा निकै फुक्का गरी छपाइएको छ। ग्रन्थसङ्ख्या ६५० (३२ अक्षरको १ ग्रन्थ हुन्छ) मात्र भएको, त्यस सानो वंशावलीको मूल पाठ छाप्दा परेका १४३ (!) घटा अशुद्धिको संशोधन गरी शुद्धिपत्र त्यहाँ छुट्टै छपाइएको छ। अफसेटबाट छपाइने त्यस ग्रन्थमा डमी तयार हुञ्जेलसम्म पनि ती अशुद्धि सम्पादक महाशयहरूले भेट्टाइदिएका भए त्यस वंशावलीको पाठ गढेर पढ्न खोज्ने मान्छेले त्यो शुद्धिपत्र पल्टाइरहने झञ्झट गर्नुपर्ने थिएन।

यसरी शुद्धिपत्र छाप्दा छाप्दै पनि द *गोपालराजवंशावलीको मूल पाठ, त्यसवंशावलीको* मूल पुस्तकअनुसारको हुन सकेको छैन र त्यहाँ अझै सयौं अशुद्धि बाँकी नै रहेका कुरा द *गोपालराजवंशावली*मा दिइएको त्यस वंशावलीको तसबीरसँग त्यहीँ प्रकाशित पाठ भिडाएर हेर्दा मात्र पनि छर्लङ्ग हुन्छ। त्यस प्राचीन वंशावलीको यथार्थ पाठ प्रकाशमा आउनु अभीष्ट भएकोले शुद्धिपत्र छपाउँदा पनि सम्पादकहरूले सच्याउन नसकेका अशुद्धि जतिको संशोधन गरी यहाँ दिने विचार मैले गरेको छु। यसो गर्दा *पूर्णिमा*का पृष्ठका–पृष्ठ ओगटिन्छन् तापनि त्यो वंशावली राम्ररी पढ्न खोज्नेको लागि यस संशोधनबाट निकै फाइदा होला भन्ने मेरो धारणा छ।

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने	पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
१७ क	२	°द्विष्ठिर°	°द्विष्टिर°	१९ ख	५	प्रजाः	प्रजा
१७ क	४	प्रतिष्ठिताम्	प्रतिष्टिताम्[५५]	२० क	४	५६।	५६॥
१७ क	४	तत्रांतरे	तत्रातरे	२० ख	३	प्रतिष्ठित	प्रतिष्टित
१७ ख	१	दृष्टाः	दृष्ट्वाः	२० ख	३	प्रतिष्ठितम्	प्रतिष्टितम्[५५]
१७ ख	४	४९	४९॥	२० ख	४	कृतम्।	कृतम्॥[५५]
१७ ख	५	राजा॥	राजा॥ ॥	२१ क	१	प्रतिष्ठितं	प्रतिष्टितं
१७ ख	५	प्रवर्ततः	प्रवर्त्ततः	२१ क	१	प्रतिष्ठितंः	प्रतिष्टितंः
१७ ख	५	९०।	९०॥	२१ क	३	कृतवान्	कृतम्[५५]वान्
१८ क	१	श्रीधस्के	श्रीधस्कं	२१ क	३	प्रतिष्ठितम्	प्रतिष्टितम्[५५]
१८ क	१	३७	३५	२१ ख	१	प्रतिष्ठित	प्रतिष्टित
१८ क	१	८	८॥	२१ ख	२	प्रतिष्ठितम्	प्रतिष्टितम्[५५]
१८ क	४	जुलम्	जुलेम्[५५]	२२ क	४	प्रतिष्ठितम्	प्रतिष्टितम्[५५]
१८ ख	१	येः	यः	२२ क	४	कृते	कृते॥
१८ ख	२	°वंस्सौ°	°वस्सौ°	२२ ख	१	कृतं।	कृतं॥
१९ क	४	°नृपाः	°नृपा	२२ ख	२	चर्चता	चर्त्ता
१९ ख	१	सुवर्ण°	सुवर्ण्ण°	२२ ख	३	तूला°	तुला°
१९ ख	३	५०	५०॥	२२ ख	५	१३	१३॥

---

५५. द *गोपालराजवंशावली*मा मूल पाठ टिँदा यस्तो ० चिह्नलाई सर्वत्र खुट्टा काटेको म् भनी पढेको कुरा आजि परिसकेको छ। यस कारण यहाँ यसको खयाल राखिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
२२ ख	५	प्रतिष्ठितम्	प्रतिष्टितम्[४५]
२३ क	३	निस्कंटक	निस्कंठक
२३ क	४	बालार्जुन°	बालार्जुन°
२३ ख	१	संप्रदत्ता ।	संप्रदत्ता ।।
२३ ख	२	कृता ।	कृता ।।
२३ ख	३	राष्ट्र	राष्ट
२४ क	१	कृतवान	कृतवान्
२४ क	१	प्रतिष्ठि°	प्रतिष्टि°
२४ क	२	राष्ट्र	राष्ट
२४ क	४	कीर्ति°	कीर्त्ति°
२४ ख	५	°स्वरः	°स्वर
२५ क	१	प्रतिष्ठितम्	प्रतिष्टितम्[४५]
२५ क	२	प्रतिष्ठिता	प्रतिष्टिता
२५ क	२	महामण्डलीक	महामण्डलीकः
२५ क	३	संपात°	संताप°
२५ क	४	प्रतिष्ठितश्च	प्रतिष्टितश्च
२५ ख	१	प्रतिष्ठिता	प्रतिष्टिता
२५ ख	१	भवति	भवति ।।
२५ ख	३	७	७।।
२५ ख	४	°भवतिः,	°भवतिः
२५ ख	५	महा(मा)रि	महा(मा)री
२५ ख	५	ष्येश्चा	पापो
२६ क	२	चुतेन	भुतेन
२६ क	२	परीशामा	परीणामा
२६ क	३	°भटा-	°भट्टा-
२६ ख	२	पौष°	पोष°
२६ ख	२	अबूठ	अबु[४६]ठ
२६ ख	२	राष्ट्र	राष्ट
२६ ख	४	करोति	करोति ।।
२६ ख	४	°प्रसनम्	°प्रसनम् ।[४५]
२६ ख	५	सम्वच्छ्र	सम्वच्छर
२७ क	४	लेपितम्.	लेपितम्[४५]
२७ क	५	प्रभुतेन	प्रभुतेन ।
२७ ख	१	°न्दवी	°न्दशी
२८ ख	२	°भागे	°भागे,
२७ ख	२	कृतम् ।	कृतम् ।।[४५]
२७ ख	४	प्रविष्ट	प्रविष्टः
२७ ख	४	पूर्णमी ।	पूर्णमी ।।
२८ क	१	श्रीजगत्सिंदेव	श्रीजगतसिंहदेव
२८ क	१	दृष्टांतरेण	दृष्टातरेण
२८ क	२	त्यक्त्वा	त्यक्त्वा ।
२८ क	२	गमिक्षसि	गमिक्षशि,
२८ क	२	कृता	कृता ।।
२८ ख	१	अत्रांतरे	अत्रातरे
२८ ख	५	लोकश्च ।	लोकश्च ।।
२९ क	१	°कृतति	°कृतात्
२९ क	१	विवाहं	विवाहः
२९ क	३	श्रीजयार्जुन°	श्रीजयाजुन°
२९ क	४	°तिथौ	°तिथो
२९ क	४	श्रवयां,	श्रवया
२९ ख	१	मि योगी°	नियोगी°
३० क	२	राष्ट्र°	राष्ट°
३० क	३	°ज्जयार्ज्जुन°	°ज्जयाजुन°
३० क	३	शेत्य°	शेत्य°
३० क	५	गते ब्द°	गतेऽब्द°
३० क	५	तिथौ ।	तिथो ।।
३० ख	३	°चङ्गुंङ्गरुड-नारायणश	°चङ्गुंङ्गरड-नारायनश
३० ख	५	°निवारण ।	°निवारण ।।
३० ख	५	वृत्तान्तर्	वृतान्तर

---

५६. मूल ग्रन्थमा ब र वको भेद छुट्याउन नसकिने हुनाले द *गोपालराजवंशावलीमा* यहाँ ब पढिएकोले मैले पनि ब नै पढेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
३१ क	१	जात	जातः
३१ क	१	कामरूपो	कामरुया
३१ क	२	वृ°	व्य° ५७
३१ क	३	दातार	दातार,
३१ क	४	प्रतिष्ठा	प्रतिष्टा
३१ क	४	६५ ।।	६५ ।। ।।
३१ ख	१	वेशाए	वेशार्ष
३२ क	१	जातः	जातः ।।
३२ क	४	जात	जातः
३२ क	५	जेष्ठा°	जेष्ट°
३२ क	५	जात	जात ।।
३२ ख	३	°नक्षत्र	°नक्षत्र,
३२ ख	४	जेष्ठ	जेष्ट
३३ क	२	जेष्ठटो	जेष्टटो
३३ क	४	°ताचकम् ।।	°ताचकम्[५५] ।। ।।
३३ ख	३	लाख	लाखा
३३ ख	३	एयाह्म	अयाह्म
३३ ख	४	जेष्ठ	जेष्ट
३३ ख	५	°वम् थो	°वंथो
३४ क	३	डव	डव ।।
३४ क	५	चतुर्यी चा	चतुर्थ्याया
३४ क	५	शिक्व	शिक्वः
३४ ख	१	क्वल वास	क्वलवो[५६] स
३४ ख	३	षष्ठी	षष्टी
३५ क	१	श्रीजेतकेशवदेव	श्रीजेतकेशदेव
३५ क	३	जातः	जातः ।।
३५ क	४	षष्ठी	षष्टी
३५ क	५	षष्ठीमी	षष्टीमी
३५ ख	२	कार्त्तिक कृष्ण	कार्त्ति कृष्ण
३५ ख	३	जेष्ठ	जेष्ट
३५ ख	५	द्वादशी	द्वादश्री
३६ क	१	षष्ठी	षष्टी
३६ क	२	जेष्ठ	जेष्ट
३६ क	३	जेष्ठ	जेष्ट
३६ क	५	षष्ठी	षष्टी
३६ ख	१	ब्राह्मनसन	ब्राह्मनसनः
३६ ख	३	कार्त्तिक	कार्त्तिव
३६ ख	४	°स्यवु	°स्यंवु
३६ ख	४	जेष्ठ	जेष्ट
३७ क	४	स्वपं	स्वप्वं
३७ क	४	दिवस ।। ।।	दिवस ।।
३७ ख	३	वियमाल्व	वियमाल्व,
३७ ख	३	माल्व	माल्वः
३८ क	२	स	सं
३८ क	३	माङा	माङा ।
३८ क	५	°सन	°सन,
३८ ख	१	क्वल वास	क्वलवो[५७] स
३८ ख	२	जेष्ठ	जेष्ट
३८ ख	४	त्रिपुरण	तिपुरण
३८ ख	४	षष्ठी	षष्टी
३८ ख	५	पिलिया	पिलिया ।
३८ ख	५	ज्वोङा ।	ज्वोङा ।। ।।
३९ क	१	श्रीजयशीह°	श्रीजयसीह°
३९ क	४	राजस्यत्रग्री	राजसात्रगी
३९ क	५	ढोक	ढाक
३९ ख	२	°द्रूभिक्ष	°द्रुभिक्ष,
३९ ख	२	लवन	लवना
३९ ख	३	दछिटो जुव	दछिटो जुव,
३९ ख	३	°क्षय जुव	°क्षय जुव,
३९ ख	३	त्रिभगस	त्रिभगस,

५७. मूल ग्रन्थमा व र वको भेद छुट्टयाउन नसकिने हुनाले द गोपालराजवंशावलीमा यहाँ व पढिएकोले मैले यहाँ व नै पढेको हुँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
३९ ख	३	क्षणस	क्षणस,
३९ ख	४	वेङाव	वेङाव,[४७]
३९ ख	४	डङ	डंङ,
४० क	१	४४२	४४२ ।
४० क	२	प्रदीपदा ॥	प्रदीपदा
४० क	२	दिनः ।।	दिनः ।। ।।
४० ख	२	पञ्चमी	पञ्चमी,
४० ख	३	ग्वह	ग्वह,
४० ख	३	तंङ	तंङ,
४० ख	५	लासेला	थोसला
४१ क	१	नयेम्	नयं,
४१ क	५	थाकुलटो	थाकनटो
४१ ख	१	स्याङा	स्याङा,
४१ ख	२	फनपीश्चाल्व	फनपीदेशश्चाल्व
४२ क	३	सास्यं	सास्यं,
४२ क	४	भ्वंतया	भ्वंतया,
४२ क	५	यंङ	यंङ,
४२ ख	१	देवंस	देवस
४२ ख	१	संज्वा	संक्षा
४२ ख	१	चतुर्दशी	चतुर्द्दशी
४२ ख	३	°चन्द्रश	°चन्दश
४२ ख	५	माङा	याङा,
४२ ख	५	थति	अस्ति
४३ क	१	उथङा	उचङा,
४३ क	३	शुक्रवार	शुक्रवार,
४३ क	५	जुरोम्	जुरोम्[४५] ।। ।।
४३ ख	१	फुङा	फुङा,
४३ ख	२	मुलमि	मुलमी
४३ ख	२	विजयराजे	विजयराज
४३ ख	३	शुक्रवार	शुक्रवार,
४३ ख	३	थापन	वापन,
४३ ख	५	क्वाठस	क्वाठ
४३ ख	५	जेष्ठ	जेष्ट
४४ क	१	°सनः ।।	°सनः ।। ।।
४४ क	३	°वार	°वार,
४४ क	४	हया	हया,
४४ क	४	भारस	माहस
४४ क	४	हावं	हावं,
४४ ख	२	तलङगुम्पल्ली	तलङ्ग॰ म्पल्ली
४४ ख	३	फुङा	फुङा,
४४ ख	४	लासन	लासन,
४५ क	२	दिन ।।	दिन ।। ।।
४५ क	२	दिन	दिनः
४५ क	३	जेष्ठ	जेष्ट
४५ क	५	श्रीत्रिभुवनमल्लदेवस	श्रीत्रिभुवनमल्लदेव
४५ क	५	धनेष्ठ	धनेष्ट
४५ ख	१	°तिवार	°तिवार,
४५ ख	२	आदिन	आदिन,
४५ ख	२	राजासन	राजासन,
४५ ख	४	निमत्तिन	निमत्तिन,
४५ ख	४	सन	सन,
४५ ख	४	हस्यं	हस्यं,
४५ ख	५	स्म	स्स
४६ ख	१	राजग्राम	राजगाम,
४६ ख	१	कायन महाबन	कायनो, महायनो
४६ ख	१	यॅङा	यंङा,
४६ ख	२	८ ।	८ ।। ।।
४६ ख	२	चैत्र	चेत्र
४६ ख	४	निमित्तिन	निमित्तिन,
४६ ख	५	गोपालदेवस	गोपालदेवस,
४७ क	१	प्रतिष्ठा	प्रतिष्टा
४७ क	२	जेष्ठ	जेष्ट
४७ क	२	जेष्ठ	जेष्ट
४७ क	४	°एस्वरन	°ऐस्वरन
४७ क	५	याङास	याङसं
४७ ख	१	सं	स
४७ ख	२	सं	स
४७ ख	३	याङा	याङा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
४७ ख	४	वंङा	वंङा,
४७ ख	४	राजकुलस	राजकुल, स
४७ ख	५	मडिकटों	मडिकटों,
४७ ख	५	स्याङा	स्याङा,
४८ क	१	लुंकास्यं ।।	लुंकास्यं ।। ।।
४८ क	२	शिक्व,	शिक्व
४८ क	३	जशीहदेवसन	जशींहदेवसन,
४८ ख	१	°म्वाङ	°म्वोङ,
४८ ख	३	वो	वो,
४८ ख	३	लिव	लिव,
४८ ख	३	येथो°	येथो°
४८ ख	३	तिपुरया	तिपुरया ।
४८ ख	४	ह्लासन	ह्लासन,
४९ क	२	चनिगल सुगल द्वाखास	चनिगल, सुगल-द्वाखास,
४९ क	३	निमतिन	निमतिन,
४९ क	४	ब्राह्मणसन	ब्राह्मणसन,
४९ क	५	जेष्ठ	जेष्ट
४९ ख	१	°शिह	°शिह
४९ ख	१	पिलुया	पिलुया,
४९ ख	३	राजेन्द्रपाल भास	राजेन्द्रपाल भास,
४९ ख	५	बिज्याङा	बिज्याङ
५० क	२	सोमवार	सोमवार,
५० क	२	अः	अं:
५० क	२	जातवंध	जातवंध:[४७]
५० क	३	दुन्तना	दुन्तना
५० क	५	तवक्वल वास	तवक्वलवो[४७]स
५० ख	१	सावंतस्यं	सावंतस्यं,
५० ख	२	कायान	काया, न
५० ख	२	°वार	°वार,
५० ख	३	शोस	शीस,
५० ख	५	अङकाया	अङकाया,
५० ख	५	सखुजुस काय	सखुजुस काय,
५१ क	१	अस्त	अस्तः
५१ क	१	जुग	जग
५१ क	२	दिन	दिनः
५१ ख	२	जोग्राम मुलमीस	जोग्राम मुलमीस,
५१ ख	३	°जासन	°जासन,
५१ ख	३	पोल्यकम्	पोल्यकं
५२ क	१	जेष्ठ	जेष्ट
५२ क	२	ग्वलन्स	ग्वलन्स,
५२ ख	३	थव	थङ
५३ क	५	दंम	दम्म
५३ ख	१	छाहहपं	छाहहपं,
५३ ख	२	हस्यं	हस्यं,
५३ ख	५	क्वल वास	क्वलवो[४७]स
५३ ख	५	तिपुरन	तिपुरण
५४ क	१	नवक्वाठन	नवक्वाठन,
५४ क	२	वया ।।	वया ।
५४ क	५	जेष्ठ	जेष्ट
५४ ख	१	जेष्ठ	जेष्ट
५४ ख	३	°स्थिति°	°स्थीति°
५४ ख	५	श्रीजयार्ज्जुन°	श्रीजयार्जुन°
५४ ख	५	स स ४९०	स ४९०
५५ क	१	°थ्यङ ।।	°थ्यङः ।। ।।
५५ क	२	आमावस्या	आमाबास्या
५५ क	४	°जयार्जुन°	°जयार्ज्जुन°
५५ क	५	मुहूर्त	मुहूर्त्त
५५ क	५	मुहूर्तनं	मुहूर्त्तन
५५ ख	१	°सन	°सन,
५५ ख	१	आगस	आगस,
५५ ख	४	बिज्याङा	बिज्याङ,
५६ क	१	षष्ठी	षष्टी
५६ क	१	जेष्ठ	जेष्ट
५६ क	२	°देवस	°देवस,
५६ क	३	सपूर्णन	सपूर्णन,
५६ क	५	दिन	दिनः
५६ ख	२	°स्तसन	°स्तसन,
५६ ख	२	खास्यं	खास्यं,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्र	पङ्क्ति	छापिएको	हुनुपर्ने
५६ ख	३	अर्व याङा	अर्व याङा,
५६ ख	३	स्येष्ठ	स्यष्ट
५६ ख	३	प्रचार याङा	प्रचार याङा,
५७ क	१	°जुसके	°जुसके,
५७ क	१	°लिस	°लिस,
५७ क	२	हया	हया,
५७ क	२	डंङ याङा	दंड याङा,
५७ क	२	°जुस	°जस
५७ क	४	जेष्ठ	जेष्ट
५७ क	४	चाह्नुलिव	च्याह्नुलिव
५७ क	५	काय	काय,
५७ ख	१	श्रावण	श्रावन
५७ ख	१	°कीर्ति°	°कीर्त्ति°
५७ ख	३	उत्रफाल्गुण	उत्रफल्गुण
५८ ख	२	उपाध्यास्य	उपाध्यास्यं
५८ ख	२	सौ	सो
५८ ख	२	छु शि	छु शि,
५८ ख	३	त्रका	त्रेका
५८ ख	४	घरिपाट	धरिपाट
५८ ख	४	श्वतेये	श्वतेया
५८ ख	५	°सम्बूति	°सम्बूति,
५८ ख	५	भोगयेका	भोंगसेका
५९ क	१	कीर्ति	कीर्त्ति
५९ क	२	बिया	बिया,
५९ क	३	जेष्ठ	जेष्ट
५९ क	३	याचका	याचका,
५९ क	४	°शन	°शन,
५९ क	५	प्रतिष्ठा	प्रतिष्टा
५९ क	५	कार्त्तिक	कार्त्तिकः
५९ क	५	अष्टमी	अष्टमी,
५९ क	५	उत्राषाढ	उत्राषाढ,
५९ ख	१	संक्रम गाक्व,	संक्रम, गाक्व
५९ ख	२	°गाक्व	°गाक्वः
५९ ख	३	ठाकुरस	ठाकुरस,
५९ ख	३	प्रमुखन	प्रमुखन,
५९ ख	३	सम्मतन	सम्मतन,
५९ ख	३	श्रीश्रीजयार्जुनदेव	श्रीश्रीजयाजुनदेव,
५९ ख	४	दिन	दिन ।
६० क	२	ग्वल्वंस	ग्वल्वस,
६० क	३	जेष्ठ	जेष्ट
६० क	४	जेष्ठ	जेष्ट
६० ख	१	क्वाछेंस	क्वाछेंसः
६० ख	४	प्रशाद°	प्रशादा°
६१ क	२	याङा	याङा ।
६१ क	२	शुक्रवार	शुक्रवार,
६१ क	४	जेष्ठ	जेष्ट
६१ ख	५	मुल्मीस	मुल्मीस्यं
६१ ख	५	माक्व,	माक्व ।।
६२ क	१	संपूर्ण	संपूर्णा
६२ क	१	जेष्ठ	जेष्ट
६२ क	३	५०३	स ५०३
६२ ख	१	कदंव	कदंग्व,
६२ ख	२	चङगुम	चङ्गुम्
६२ ख	४	लोको	लोक
६२ ख	४	जेष्ठ	जेष्ट
६३ क	५	सम्वत्छल°	सम्वच्छल°
६३ ख	१	बिज्याङ	बिज्याङा
६३ ख	४	उपाध्यासं	उपाध्यास्यं,
अतिरिक्त			
क	४	गुसाह्लन वङ	गुसाह्लन, वङ
ख	२	आइीतवार	आइीतवार ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द *गोपालराजवंशावली*मा त्यस वंशावलीको उल्था नेपाली र अङ्ग्रेजी दुइ भाषामा दिइएको छ । धनवज्र गुरुले नेपालीमा गर्नुभएको उल्थालाई अङ्ग्रेजीमा भाषान्तर मात्र नगरी त्यसभन्दा बढी काम कमलप्रकाश मल्लले गरेको कुरा *प्रस्तावना*बाट बुझिन्छ ।[५८] त्यस वंशावलीको धनवज्र वज्राचार्यले गरेको *प्रतिलिपि* र *उल्था*को *प्रामाण्य*को *आनुमानिक परीक्षा*[५९] कमलप्रकाश मल्लले गरेको कुरा त्यहाँ लेखिएको छ । यसले गर्दा *ती दुइ उल्था केही ठाउँमा परस्परमा बाझेका छन्* ।[६०] अर्को शब्दमा भन्ने हो भने, द *गोपालराजवंशावली*का कर्ताहरूको बीचमा त्यस वंशावलीको अर्थको विषयमा रहन गएका मतभेदको समाधान त्यस पुस्तकलाई छापाखानामा पठाउनुभन्दा अगाडि नै गरिहाल्नुपर्ने भनी ग्रन्थकारहरूले ठानेनन् र आआफ्ना पाण्डित्य देखाउन द *गोपालराजवंशावली*लाई अखाडा पो बनाए । *पढ्ने मान्छेलाई शङ्काको फाइदा दिन तिनलाई हामीले यसै छोडेका हौं*[६१] भनी मतभेद नहटाउनाको कारण तिनीहरूले दिएका छन् । एउटै पुस्तकमा एउटै शब्दको अर्थ दुइ थरी दिंदा सामान्य पाठक अलमलिन्छ भन्ने कुरामा त शङ्का छैन, यताबाट विशिष्ट पाठकलाई के कति फाइदा हुन्छ, त्यो पनि स्पष्ट छैन ।

लिच्छवि राजाहरूको पुस्तावारी दिने प्रसङ्गमा त्यस वंशावलीमा सूर्यवंशको उत्पत्तिदेखि वंशावली उठाइएको छ ।[६२] संस्कृतभाषाको अत्यन्त कम ज्ञानको आधारमा त्यस वंशावलीका कर्ताले संस्कृतमा कलम चलाएकाले तिनको भाषामा मात्र अशुद्धि पर्न नगई राजाहरूका नामै पनि प्रशस्त ठाउँमा अशुद्ध पारी लेखिन पुगेका छन् । त्यसरी अशुद्ध पारी लेखिएका नाउँ द *गोपालराजवंशावली*मा सच्याउन खोजिएका छन् ।[६३] योगी नरहरिनाथबाट यत्तापट्टि केही काम वि. सं. २०१६ मै भइसकेकोले[६४] वि. सं. २०४२ मा प्रकाशमा आएको द *गोपालराजवंशावली*मा यस विषयमा बढी काम हुनुपर्ने हो तापनि गुरु धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको संयुक्त प्रयासबाट पनि यस विषयमा खास काम हुन नसकेको कुरा त्यस वंशावलीको योगी नरहरिनाथले गर्नुभएको उल्थासँग द *गोपालराजवंशावली*मा दिइएका उल्था दाँजेर हेर्दा छर्लङ्ग हुन्छ । त्यो पुस्तावारी तयार गर्दा त्यस वंशावलीका कर्ताले के आधार लिएका थिए भन्ने कुराको खोजी नगरीकनै त्यहाँ दिइएका नाउँको शुद्धाशुद्धिको विवेचना गर्न बस्दा योगी नरहरिनाथले फुस्काउन नसकेको गाँठो फुस्किनको सट्टा झन् मस्किन गएको कुराको उदाहरण द *गोपालराजवंशावली*का कर्ताहरूको काममा देखिन गएको छ भन्ने कुरा दुःखसाथ भन्नुपरेको छ ।

---

५८. द *गोपालराजवंशावली*को *प्रिफेस*को २ पृष्ठ ।

५९. उही पुस्तकको उही पृष्ठबाट उल्था गरेको ।

६०. उही पुस्तकको उही पृष्ठबाट उल्था गरेको ।

६१. उही पुस्तकको उही पृष्ठबाट उल्था गरेको ।

६२. १८ ख पत्रको २ पङ्क्ति, १९ ख पत्रको ३ पङ्क्ति ।

६३. ७४–७५ पृष्ठमा नेपाली उल्था, १२२ पृष्ठमा अङ्ग्रेजी उल्था ।

६४. *हिमवत्संस्कृति* १ अङ्कको २६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अयोध्याका सूर्यवंशी राजाहरूको पुस्तावारी दिइसकेपछि[६५] *अथः पुन इक्ष्वाकुवंश विसाल०* ।।[६६] भनी त्यहाँ राजा विशाल र उनका वंशधरका नाउँ यसरी दिइएका छन्—

> विसालपुत्र हेमचन्द्र ।। हेमचन्द्रपुत्रः सुचन्द्रः ।। सुचन्द्रपुत्र धूमाश्व ।। धूमाश्वपुत्रः शृंजयः शृंजयपुत्रः सुवर्णखती ।। सुवर्णखतीपुत्रः कृसाश्व ।। कृसाश्वपुत्रः सोमदत्त ।। सोमदत्तपुत्रः जन्मेजय ।। जन्मेजयपुत्रः परमित ।। परमितपुत्रः मतिमान् ।। मतिमानपुत्रः विक्वक्षि,[६७]

मूलमा विसाल, सुवर्णखती, कृसाश्व, जन्मेजय र विक्वक्षि लेखिएकोमा यस खण्डको उल्था दिँदा योगी नरहरिनाथले सामान्य सुधार मात्र गर्नुभएको थियो र विसाल आदिको ठाउँमा क्रमशः विशाल, सुवर्णखति, कृशाश्व, जनमेजय र विकुक्षि भनी सच्याउनुभएको थियो ।[६८]

जन्मेजयपुत्रः परमित भन्ने पदको उल्था गर्दा योगी नरहरिनाथले संस्कृतव्याकरणको नियमअनुसार *जन्मेजयलाई जनमेजय* मात्र बनाई मूलको *परमितलाई* कायम राखिदिनुभएको थियो । तर अहिले *द गोपालराजवंशावली*मा *जन्मेजयलाई* कायम राखी *परमित*को ठाउँमा *परीक्षित्* भनी संशोधन गरिएकोले[६९] यस विषयमा केही बोलिहाल्नुपरेको छ ।

त्यस वंशावलीमा नाउँ परेका सूर्यवंशी राजाहरूको पुस्तावारीका आकरग्रन्थको खोजी गर्न निकै परिश्रम पर्ने भएकोले यससम्बन्धी सबै समस्याको समाधान गर्ने स्थितिमा म अहिले छैन । तर पनि त्यस वंशावलीमा राजा विशालको वंशधरहरूका जुन नाउँ र क्रम दिइएका छन्, त्यो, *वायुपुराण* वा *ब्रह्माण्डपुराण*मा दिइएको पुस्तावारीसँग धेरैजसो मिल्छ भनेर चाहिँ म भनिहाल्छु—

> विशालस्य सुतो राजा हेमचन्द्रो महाबलः ।
> सुचन्द्र इति विख्यातो हेमचन्द्रादनन्तरम् ।।[७०]
> सुचन्द्रतनयो राजा धूम्राश्व इति विश्रुतः ।
> धूम्राश्वतनयो विद्वान्सृञ्जयः समपद्यत ।।
> सृञ्जयस्य सुतः श्रीमान्सहदेवः प्रतापवान् ।
> कृशाश्वः सहदेवस्य पुत्रः परमधार्मिकः ।।

---

६५. १९ क पत्रको ४–५ पङ्क्ति ।

६६. १९ क पत्रको ५ पङ्क्ति ।

६७. १९ क पत्रको ५ पङ्क्ति–१९ ख पत्रको २ पङ्क्ति ।

६८. *हिमवत्संस्कृति* १ अङ्कको २६ पृष्ठ ।

६९. ७५ पृष्ठमा नेपाली उल्था, १२२ पृष्ठमा अङ्ग्रेजी उल्था । नेपाली उल्थामा *परीक्षित्*, अङ्ग्रेजी उल्थामा *परिक्षित्* ।

७०. *ब्रह्माण्डपुराण*मा – °दनन्तरः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कृशाश्वस्य महातेजाः सोमदत्तः प्रतापवान् ।
सोमदत्तस्य राजर्षेः सुतोऽभूज्जनमेजयः ।।
जनमेजयात्मजश्चैव प्रमतिर्नाम विश्रुतः ।
तृणबिन्दुप्रसादेन[७१] सर्वे वैशालका नृपाः ।।
दीर्घायुषो महात्मानो वीर्यवन्तः सुधार्मिकाः ।...[७२]

[विशालका छोरा, ज्यादै बलिया राजा हेमचन्द्र । हेमचन्द्रपछि सुचन्द्र भनी प्रख्यात (राजा) । सुचन्द्रका छोरा धूम्राश्व भनी प्रख्यात (राजा) । धूम्राश्वका छोरा विद्वान् सृञ्जय भए । सृञ्जयका छोरा प्रतापी श्रीमान् सहदेव । सहदेवका छोरा ठूला धर्मात्मा कृशाश्व । कृशाश्वका छोरा ठूला तेजस्वी प्रतापी सोमदत्त । राजर्षि सोमदत्तका छोरा जनमेजय भए । जनमेजयका छोरा पनि प्रमति नाउँले प्रख्यात (भए) । तृणविन्दुको निगाहले (*ब्रह्माण्डमा*– प्रभावले) विशालको वंशमा जन्मेका सबै राजा दीर्घायु, महात्मा पराक्रमी र धर्मात्मा (पए) ।

वायुपुराण वा *ब्रह्माण्डपुराण*बाट भरखरै माथि उद्धरण गरिएको पुस्तावारी, हाम्रो वंशावलीमा दिइएको, विशाल राजाको १२ पुस्ते वंशक्रममध्ये दश पुस्तासम्म बीचमा सृञ्जयका छोरा वा कृशाश्वका बाबुको नाउँ छोडेर लहरै मिलेको छ भन्ने कुरा यतासम्मका कुराबाट छर्लङ्ग भएको छ । अरू सानोतिनो फरक पनि गन्ने हो भने पुराणहरूका *धूम्राश्व, जनमेजय* र *प्रमति* हाम्रो वंशावलीमा क्रमशः *धूमाश्व, जन्मेजय* र *परमित* हुन पुगेका कुरा भन्नु नै पर्छ । अरू भेदचाहिँ शकार र सकारको खेलबाट आएको हो, अरू केही होइन ।

यताबाट त्यस वंशावलीका *जन्मेजय*लाई योगी नरहरिनाथले *जनमेजय* भनी सच्याएको ठीक देखिए तापनि *परमित*लाई कायमै राखेको चाहिँ पुराणहरूको अनुकूल नभएको कुरा स्पष्ट देखिएको छ । *द गोपालराजवंशावली*मा चाहिँ वंशावलीका *जन्मेजय*लाई कायमै राखी परमितलाई *परीक्षित्* भनी सच्याइएको ठीक नभएको कुरा पनि छर्लङ्ग नै भएको छ ।

वायुपुराण वा *ब्रह्माण्डपुराण*बाट माथि दिइएको उद्धरणमा *जनमेजय* भन्ने नाउँ दोस्रो पटक जुन पाउमा आएको छ, त्यस पाउमा *जनमेजयात्मजश्चैव* भनी लेखिएकोले अनुष्टुभ् छन्दमा लेखिएको पद्यको त्यस पाउमा एक अक्षर बढी भएको कुरा स्पष्ट छ । *अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित्* [माषलाई बरु मष गरोस्, छन्दोभङ्ग कबै नगरोस्] भन्ने सिद्धान्तअनुसार छन्दोऽनुरोधले *जनमेजय*लाई *जन्मेजय* पढिने गरेको र त्यस्तै पाठको छाप हाम्रा वंशावलीकारलाई परेको त होइन भन्ने कुरा हाम्रो मनमा खेल्छ ।

जनमेजय भन्ने यो नाउँ, सोमदत्तका छोराको मात्र नभई यही नाउँ भएका अरू अरू राजा पनि थिए भन्ने कुरा

---

७१. *ब्रह्माण्डपुराण*मा– °प्रभावेण ।

७२. *वायुपुराण* २ खण्ड २४ अध्याय १७–२२ श्लोक ।

ब्रह्माण्डपुराण उपोद्घातपाद ६१ अध्याय १३–१८ श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुराणेतिहासबाट थाहा भएकोले[७३] यो नाउँ अचलतीको भनी भन्न मिल्दैन । जनमेजय नाउँ भएका राजाहरूमध्ये अत्यन्त प्रसिद्धचाहिँ अर्जुनका पनाति, अभिमन्युका नाति, परीक्षित्का छोरा हुन् भन्ने त सबैलाई थाहा भएकै कुरा हो ।

जनमेजय यो शब्द पुराणेतिहासमा मात्र चलती नभई व्याकरणमा पनि त्यस्ता शब्द सिद्ध गर्न पाणिनिले भिन्नै सूत्र बनाउनुपरेको कुराको सम्झना यहाँनिर हुन्छ । कर्म उपपद भएमा, काँप्नु अर्थ भएको ण्यन्त एज् [एज्] धातु-देखि खश् प्रत्यय हुन्छ भन्ने कुरा *एजेः खश्* ३।२।२८ भन्ने सूत्रमा लेखिएको छ । जनम् एजयति अर्थात् मानिस-लाई कपाउँछ भन्ने अर्थमा अम् अन्तमा भएको जन शब्द उपपद हुँदा ण्यन्त एज् धातुदेखि अर्थात् एज्+इ= एजि धातुदेखि खश् प्रत्यय हुन्छ र अनुबन्धलोप भई अ मात्र बाँकी रहन जान्छ । *उपपदमतिङ्* २।१।१९ भन्ने सूत्रले तिङन्तभिन्न उपपदको समर्थ अर्को शब्दसँग तत्पुरुषसमास नित्य हुने हुनाले जन+अम्को एजि+असँग समास हुन्छ । *कृत्तद्धितसमासाश्च* १।२।४६ यस सूत्रले जन+अम्+एजि+अको प्रातिपदिकसंज्ञा हुन्छ र त्यसपछि *सुपो धातुप्रातिपदिकयोः* २।४।७१ यस सूत्रले प्रातिपदिकको अवयव भएको सुप् अर्थात् अम्को लुक् भई जन+एजि+अ बाँकी रहन जान्छ । खश् प्रत्यय शित् भएकोले यसको सार्वधातुक भन्ने संज्ञा भई खश् [अ] प्रत्यय पर रहेको एजि धातुदेखि कर्ता अर्थमा शप् प्रत्यय हुन्छ र शप्को पनि अनुबन्धलोप भई अ मात्र बाँकी रहन जान्छ र जन+एजि+अ+अ हुन जान्छ । उत्तरपद अर्थात् खश् प्रत्यय *खित्* भएकोले अनव्यय अजन्त अङ्गको अर्थात् जनको *अरुर्द्विषद-जन्तस्य मुम्* ६।३।६७ यस सूत्रले मुम् आगम हुन्छ र अनुबन्धलोप भई बाँकी रहन गएको म्, जनको अको पल्तिर बस्न जान्छ र जन+म्+एजि+अ+अ हुन जान्छ । शप् प्रत्यय पनि शित् भएकोले यसको सार्वधातुक भन्ने संज्ञा भई शप् [अ] प्रत्यय पर हुँदा इगन्त अङ्ग अर्थात् *जनमेजि*को इकारको गुण भई एकार हुन्छ र अनि एकारको ठाउँमा अय् आदेश हुन्छ । अपदान्त अकार अर्थात् शप्को अदेखि गुण अर्थात् खश्को अ पर हुँदा पूर्व र परको ठाउँमा पररूप एकादेश हुन्छ र *जनमेजय* यो रूप बन्न जान्छ ।

पुराणेतिहास र व्याकरणको खयाल राखेर नै योगी नरहरिनाथले मूल ग्रन्थको *जन्मेजय*लाई *जनमेजय* भनी सच्याए तापनि द *गोपालराजवंशावली*का कर्ताहरूले त्यो खयाल राख्न नसकेकाले *जन्मेजय* नै कायम राखिदिएका छन् । यताबाट द *गोपालराजवंशावली*का कर्ताहरूले त्यस वंशावलीमा अशुद्ध रूपले लेखिएको *जन्मेजय*को विग्रह गर्न बस्दा त्यस समस्त पदको पहिलो शब्द *जन* नभई *जन्म* सम्झन पुगेको स्पष्ट देखिएको छ ।

वायुपुराण वा *ब्रह्माण्डपुराण*बाट जनमेजयका छोरा *प्रमति* भनी लेखिएको कुरा माथि परिसकेको छ । ह'म्रो वंशावलीमा भने तिनको नाउँ *परमित* भनी दिइएको, योगी नरहरिनाथले त्यसलाई कायमै राखेको र द *गोपाल-राजवंशावली*का कर्ताहरूले चाहिँ *परीक्षित्* भनी संशोधन गरेको कुरा पनि माथि लेखिसकेको छ । पुराणेतिहास-

---

७३. वि. सं. १९६१ मा लण्डनबाट अर्नेस्ट बेन लिमिटेडद्वारा प्रकाशित एस. स्योरेन्सनको *यान् इन्डेक्स् टु द नेम्ज् इन् द महाभारत* [महाभारतको नामानुक्रमणिका] ।

वि. सं. २०१६ मा गोरखपुरबाट गीता प्रेसद्वारा प्रकाशित *महाभारतकी नामानुक्रमणिका* ।

वि. सं. २०२८ मा वाराणसीबाट ज्ञानमण्डल लिमिटेडद्वारा प्रकाशित, राणाप्रसाद शर्माको *पौराणिक कोश* । वेट्टम मणिले मलयालममा लेखेको, वि. सं. २०३२ मा दिल्ली, पटना, वाराणसीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित त्यसको अङ्ग्रेजी उल्था *पुराण इक् इन्साइक्लोपीडिअ* [पौराणिक कोश] ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अनुसार *परीक्षित्*का छोरा जनमेजय भएका[७४] र हाम्रो वंशावलीमा भने जन्मेजयका छोरा *परमित* भनी लेखिएको देखेर द *गोपालराजवंशावली*का कर्ताहरूले डेढअक्कल निकाल्दा बिप्रन गएको कुरा अब लेख्नुपरेको छ ।

तात्कालिक अभिलेखहरूबाट वृषदेवका छोरा शङ्करदेव, शङ्करदेवका छोरा धर्मदेव, धर्मदेवका छोरा मानदेव, मानदेवका छोरा महीदेव[७५] भनी बुझिएकोमा हाम्रो वंशावलीमा वृषदेवलाई विश्वदेव बनाई उनका छोरा मानदेव, उनीपछि शङ्करदेव, अनि धर्मदेव, अनि महीदेव राजा भएको लेखी[७६] शङ्करदेवपछि धर्मदेव राजा भएको-बाहेक अरू सबै क्रम गोलमाल परेको देखेका द *गोपालराजवंशावली*का कर्ताहरूले त्यो वंशावली लेख्नेलाई क्रम पर्दा तिनले यसरी बाबुलाई छोरा, छोरालाई बाबु पारे तापनि *परमित* भनेर *परीक्षित्*लाई नै भन्न खोजेको हो

---

७४. उदाहरणार्थ–

अर्जुनः खलु द्वारवतीं गत्वा भगिनीं वासुदेवस्य सुभद्रां भद्रभाषिणीं भार्यामुदावहत् । स्वविषयं चाभ्याजगाम कुशली । तस्यां पुत्रमभिमन्युमतीव गुणसम्पन्नं दयितं वासुदेवस्याजनयत् ।।७८।।

स विराटस्य दुहितरमुपयेमे उत्तरां नाम । तस्यामस्य परासुर्गर्भोऽभवत् । तमुत्सङ्गेन प्रतिजग्राह पृथा नियोगात् पुरुषोत्तमस्य वासुदेवस्य, षाण्मासिकं गर्भमहमेनं जीवयिष्यामीति ।।८३।।

स भगवता वासुदेवेनासंजातबलवीर्यपराक्रमोऽकालजातोऽस्त्राग्निना दग्धस्तेजसा स्वेन संजीवितः । जीवयित्वा चैनमुवाच– परिक्षीणे कुले जातो भवत्वयं परिक्षिन्नामेति ।।८४।।

परिक्षित् खलु माद्रवतीं नामोपयेमे त्वन्मातरम्, तस्यां भवान् जनमेजयः ।।८५।।

(*महाभारत* आदिपर्व ९५ अध्याय)

[द्वारकामा जानुभएर अर्जुनले वासुदेवकी बहिनी, असल कुरा गर्ने सुभद्रासँग विवाह गर्नुभयो र सञ्चैसँग आफ्नो देश आउनुभयो । (उहाँले) ज्यादै गुणी, वासुदेवका प्यारा, छोरा अभिमन्यु उहाँमा [सुभद्रामा] जन्माउनुभयो । ।।७८।।

उहाँले विराटकी उत्तरा नाउँ भएकी छोरीसँग विवाह गर्नुभयो । उहाँमा [उत्तरामा] यहाँको [अभिमन्युको] मरेको गर्भ रह्यो । ६ महीनाको यस गर्भलाई म ब्युताउँछु भनेर पुरुषोत्तम वासुदेवको आज्ञाले त्यसलाई कुन्तीले काखमा लिनुभयो ।।८३।।

बल, वीर्य र पराक्रम नभएको, समयै नपुगी जन्म लिएको, हतियारको अग्निले डढेको त्यो, भगवान् वासुदेवद्वारा आफ्नो तेजले जिलाइयो । परिक्षीण [खिएको] कुलमा जन्मेको यो, परिक्षित् नाउँ भएको होओस् भनी यसलाई जिल्याएर (वासुदेवले) भन्नुभयो ।।८४।।

परिक्षित्ले यहाँको आमा माद्रवती नाउँ भएकीसँग विवाह गर्नुभयो, उहाँमा यहाँ जनमेजय (जन्मनुभयो) ।

७५. मानदेवको चाँगुको शिलास्तम्भाभिलेखका २–४ र ७ श्लोक ।

(वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*का १०–११, १४–१५ पृष्ठ)

पशुपतिको द्वितीय जयदेवको शिलालेखका ८–९ श्लोक ।

(*लिच्छविकालका अभिलेख*का ५४९, ५५३ पृष्ठ)

७६. २० ख पत्रको २ पङ्क्ति– २१ क पत्रको ३ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने ठानेर नै *परमित*लाई *परीक्षित्* मानी संशोधन गरेको देखिन गएको छ। तर त्यस वंशावलीमा सूर्यवंशी राजाहरूको पुस्तावारी दिने प्रसङ्गमा नाउं लिइएका *जनमेजय*, अर्जुनका पनाति नभई अर्कै *जनमेजय* भएको कुरा पत्तै नपाईकनै द *गोपालराजवंशावली*का कर्ताहरू संशोधन गर्न पुगेकाले यो अनर्थ हुन गएको हो। *वायु* वा *ब्रह्माण्डपुराण*मा *जनमेजय*का छोरा भनी लेखिएका *प्रमति* नै हाम्रो वंशावलीमा *जन्मेजय*का छोरा *परमित* हुन पुगेको कुरामा शङ्का गर्ने ठाउं छैन भन्ने स्पष्ट छ।

अझ, *वायुपुराण*को आनन्दाश्रमसंस्करणमा *प्रमति*को पाठान्तरमा *प्रमिति*[७७] लेखिएकोले हाम्रो वंशावलीमा भएको अपभ्रष्ट रूप, त्यही पाठान्तरको झन् नजीक भएको कुरा स्पष्ट भएको छ।

त्यस वंशावलीको नेपाली वा अङ्ग्रेजीमा उल्था दिंदा द *गोपालराजवंशावली*मा पत्रसङ्ख्या दिइने गरेकोले मूलसँग उल्थालाई दाँजेर हेर्न सजिलो भएको छ। एउटै शब्दका केही अक्षर अघिल्लो पत्रमा र केही अक्षर त्यहाँ नअटाई त्यसपछिको पत्रमा पर्न जाँदा उल्थामा त्यसको पनि खयाल राख्ने कोशिश द *गोपालराजवंशावली*मा गरिएको देख्दा खुशी लाग्छ।[७८] तर कहीं कहीं मात्र त्यस्तो खयाल राखिएकोले र सर्वत्र त्यसको वास्ता नगरिएकोले यो, नियम नभई अपवाद मात्र रहेछ भन्ने बुझिन्छ।[७९]

त्यस वंशावलीको उठान अनुष्टुभ् छन्दमा लेखिएको एउटा श्लोकबाट गरिएको छ। नेपाली अङ्ग्रेजी दुवै उल्थामा न त्यस श्लोकको अर्थ परेको छ, न अर्थ गर्न नसकेको कुरा जनाउन त्यही पुस्तकमै अरू अरू ठाउंमा दिए जस्तो यस्तो ... चिह्न नै त्यहाँ परेको छ।[८०]

---

७७. वि. सं. १९६२ मा पूनाबाट आनन्दाश्रम प्रेसद्वारा प्रकाशित, *महामुनिश्रीमद्व्यासप्रणीतं वायुपुराणम्* [ठूला मुनि श्रीमान् व्यासले बनाएको वायुपुराण]को ८६ अध्यायको २१ श्लोक, ३१२ पृष्ठको २ सङ्ख्याको टिप्पणी।

७८. उदाहरणार्थ– १७ पत्रको अन्त्य श्री°बाट र १८ पत्रको उठान पेलंबाट हुन्छ। नेपाली अङ्ग्रेजी दुवै उल्थामा त्यसको खयाल राखी १७ पत्र श्री°मा टुङ्गचाइएको (७३, १२१ पृष्ठ) र १८ पत्र पेलंबाट उठाइएको (७४, १२२ पृष्ठ) छ। त्यस्तै गरेर १८ पत्र *शगर°*मा टुङ्गेको र १९ पत्र °पुत्रबाट शुरू भएकोले दुवै थरी उल्थामा अघिल्लो पत्र *सगरका* (७४ पृष्ठ) वा *सगर'ज्* (१२२ पृष्ठ) मा टुङ्गचाइएको र पछिल्लो पत्र *छोरा* (७५ पृष्ठ) वा *सन्* (१२२ पृष्ठ) बाट उठाइएको छ।

७९. उदाहरणार्थ– १९ पत्र *भूमि*°मा गएर टुङ्गिन्छ र २० पत्रको शुरूका दुइ अक्षर पढ्न सकिंदैनन् र त्यसपछि *संस्थ* आउंछ र फेरि त्यसपछिका दुइ अक्षर पढ्न सकिंदैनन् र अनि *व्यवहार प्रवर्त्तते* आउंछ। नेपाली उल्थामा *भूमि*मा १९ पत्र नटुङ्गचाई ... *व्यवहार चलाए* (७५ पृष्ठ) मा टुङ्गचाइएको छ र अङ्ग्रेजी उल्थामा ही इन्फोर्स्ड् अल् द लज् अफ् द स्टेट्, रूल्ड् विथ् जस्टिस् ओभर् हिज् सब्जिक्ट्स्, यान्ड् स्टार्ट्इड् द मिस्टिम् अफ् पर्सनल् (वोनर्शिप् ओभर्) ल्यान्ड् (?) (१२३ पृष्ठ) भनी लेखिएकोले २० पत्रको *व्यवहार प्रवर्त्ततेको* उल्था पनि १९ पत्रमै परेको स्पष्ट छ। २२ पत्र *राजा*मा गएर टुङ्गिन्छ र २३ पत्र *श्री-नरेन्द्रदेव*बाट शुरू हुन्छ। २३ पत्रको शुरू नेपाली उल्थामा *राजा श्रीनरेन्द्रदेव* (७९ पृष्ठ) बाट र अङ्ग्रेजी उल्थामा *किङ् श्री नरेन्द्रदेव* (१२६ पृष्ठ) बाट गरिएकोले २२ पत्रको *राजा*को उल्था २३ पत्रमा परेको स्पष्ट छ। यस्ता व्यतिक्रम प्रशस्त ठाउंमा देखिएका छन्। थप केही उदाहरणको लागि २३–२४, २४–२५, २५–२६, २६–२७, २७–२८, २८–२९, ३०–३१ पत्रका नेपाली अङ्ग्रेजी दुवै उल्था हेर्नू।

८०. द *गोपालराजवंशावली*का ७३, १२१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यस वंशावलीको द *गोपालराजवंशावली*मा दिइएको नेपाली उल्थाभन्दा त्यहीं दिइएको अङ्ग्रेजी उल्था कहीं कहीं बढी राम्रो भएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ । १७ क पत्रको २ पङ्क्तिमा परेको *युद्धिष्टिरस्यादि-राज्ये*को नेपाली अङ्ग्रेजी उल्थालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ। धनवज्र गुरुले यो पदको अर्थ *युधिष्ठिरको आदिराज्यमा*[८१] भनी गर्नुभएकोमा कमलप्रकाश मल्लले इन् द *किङ्डम् अफ् युधिष्ठिर*[८२] [युधिष्ठिरको आधिराज्यमा] भनी गरेका छन् । युधिष्ठिर भारतवर्षका पहिला राजा नभएका हुनाले धनवज्र गुरुले गर्नुभएको अर्थमा शङ्का उठाउन सकिने कुरा भनिरहनुपर्दैन । धनवज्र गुरुले अघिल्लो पदको तेस्रो वर्ण *ष्ठि* पढ्नुभए तापनि त्यो, *ष्ठि* नभई *ष्टि* हो भन्ने कुरा द *गोपालराजवंशावली*मा दिइएको मूल पुस्तकको फोटोबाट बुझिन्छ । तो अल्पश्रुत वंशावलीलेखकले *युधिष्ठिर*को तेस्रो वर्णलाई अल्पप्राण पारिदिएको यताबाट स्पष्ट देखिएको छ । यस कारण, तिनै लेखकले पछिल्लो पद *आदिराज्ये* लेखे पनि *पहिलो राज्यमा*को अर्थमा त्यो शब्द आएको होइन र यहाँ पनि *युद्धिष्टिर* लेखे जस्तै महाप्राण वर्णलाई अल्पप्राण लेख्न तिनी पुगेका मात्र हुन्, हुनुपर्ने त *आधिराज्ये* नै हो भनेर ठोकेर भन्न सकिन्छ। यस कारण *युद्धिष्टिरादिराज्ये*को धनवज्र गुरुले गर्नुभएको अर्थ बेठीक र कमलप्रकाश मल्लले गरेको अर्थ ठीक छ भन्ने कुरा स्पष्ट देखिएको छ ।

यस किसिमको अर्को उदाहरण त्यस वंशावलीको ४० क पत्रको ३ पङ्क्तिमा परेको *थव लान*को अर्थमा पाइन्छ । मूल पाठ दिंदा धनवज्र गुरुले *थवलान* जोडेर छपाउनुभएको छ[८३] र यसको अर्थ *यसपछि*[८४] भनेर गर्नुभएको छ । *थव*को अर्थ *आफ्नो* र *लान*को अर्थ *हातले* भन्ने भएकोले कमलप्रकाश मल्लले गरेको *विद् हिज् वोन् ह्यान्ड्ज्*[८५] [आफ्नो हातले] ठीक छ भन्ने कुरा स्पष्ट छ ।[८६]

मूलमा भएको कुनै विशेष शब्दको अर्थ उल्थामा छोडिदिएर वा त्यस विशेष शब्दको व्याख्या नगरी उल्थामा जस्ताको तस्तै राखिदिएर द *गोपालराजवंशावली*ना त्यस वंशावलीको अर्थ ठाउँठाउँमा दिने गरिएको छ । त्यसको एउटा दृष्टान्त यहाँ दिनुपरेको छ ।

राजकुमारको जन्म (२९ क पत्रको २ पङ्क्ति), राजकुमारको व्रतबन्ध (२९ क पत्रका २–४ पङ्क्ति, ५७ क

---

८१. द *गोपालराजवंशावली*को ७३ पृष्ठ ।

८२. उही पुस्तकको १२१ पृष्ठ ।

८३. उही पुस्तकको ४८ पृष्ठ ।

८४. उही पुस्तकको ९६ पृष्ठ ।

८५. उही पुस्तकको १४३ पृष्ठ ।

८६. धनवज्र गुरु र कमलप्रकाश मल्ल दुवैले त्यस वंशावलीको यो अंश राम्ररी नबुझेको कुरा यहाँनिर भन्नुपरेको छ । यस अंशमा परेका *अङ्काल* र *उप्रहाथ*को अर्थ नेपाली उल्थामा त्यसै छोडिएको र अङ्ग्रेजी उल्थामा अघिल्लो शब्दको अर्थ *हेल्प्* [मदत] गरी पछिल्लो शब्दको अर्थ त्यसै छोडिएको छ । *अङ्कालको अर्थ अङ्कमाल* र *उप्रहाथको अर्थ उपरहात* अर्थात् शिरमाथि हात भन्ने हो । (वि. सं. २०४३ मा काठमाडौंबाट महेशराज पन्तद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा*का ८–१४ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पत्रका ४–५ पङ्क्ति), राजकुमारको विवाह (६० ख पत्रका ५ पङ्क्ति– ६१ क पत्रको ४ पङ्क्ति), राज्याभिषेक (३९ क पत्रको २ पङ्क्ति) र अरू अरू अवसर (२१ ख पत्रका २–३ पङ्क्ति, २५ क पत्रको ४ पङ्क्ति, ४५ क पत्रका ३–४ पङ्क्ति, ५४ ख पत्रका १–२ पङ्क्ति, ५७ ख पत्रको ४ पङ्क्ति) मा पनि नाटक नचाइएको कुरा त्यस वंशावलीमा आएको छ। स्थितिराज मल्लका जेठा छोरा धर्म मल्लको व्रतबन्ध हुँदा *बालरामायण*[८७] नाटक खेलाइएको कुराको चर्चा यस प्रसङ्गमा अलि खुलाएर गर्नुपरेको छ।

धर्म मल्लको व्रतबन्ध ने. सं. ४९७ [वि. सं. १४३४] ज्येष्ठशुक्लपञ्चमीको दिन भएको र त्यस दिन *बालरामायण* नाटक नचाइएको कुरा त्यस वंशावलीका संस्कृत[८८] नेवारी[८९] दुवै खण्डमा आएको छ। पहिलो खण्डमा *वडुकरण* लेखिएको छ र त्यसको अर्थ नेपाली अङ्ग्रेजी दुवै उल्थामा न गरिएको छ, न अर्थ नलागेको कुरा जनाउन यस्तो··· चिह्न नै हालिएको छ।[९०] दोस्रो खण्डमा चाहिँ त्यही कुराको बयान गर्दा *वडूकरण* लेखिएको छ र त्यसका दुवै थरी उल्थामा यसको अर्थ *वटुकरण*[९१] भनेर दिइए तापनि यो के हो भन्ने कुरा ती ती उल्थाबाट खुल्दैन। त्यस पुस्तकमा दिइएको नेवारी खण्डको ग्लस्अरि [शब्दार्थसूची] मा *वडूकरण*को अर्थ नहेरुञ्जेल यस शब्दको अर्थ जान्ने हाम्रो धोको मेटिदैन।

---

८७. स्थितिराज मल्लका जेठा छोरा धर्म मल्लको विवाहमा नचाउन भनी *भैरवानन्द* नाटक तयार गरिएको थियो। त्यो नाटक, मणिक भन्नेले बनाएका थिए (वि. सं. २०३४ मा प्रकाशित *पूर्णिमा* ३६ अङ्कमा छापिएको महेशराज पन्तको *चाडबाड जात्रामात्रामा खेलाइएका नेपालमा बनाइएका संस्कृत नाटक* भन्ने निबन्ध, सो अङ्कका २९९–३०० पृष्ठ)। धर्म मल्लको विवाहमा त्यो नाटक नचाइएको कुरा हाम्रो वंशावलीमा पनि लेखिएको छ। त्यहाँ त्यस नाटकको नाउँ कहीँ *भेर्वानन्द* (६१ क पत्रको ३ पङ्क्ति) र कहीँ *भैरवानन्द* (६२ क पत्रको ३ पङ्क्ति) लेखिएको छ र मणिकको नाउँचाहिँ कहीँ *पण्डया मनकु भा* (६१ क पत्रको ४ पङ्क्ति) र कहीँ *पाण्डया मनकु भारो* (६२ क पत्रको ४ पङ्क्ति) भनी लेखिएको छ। धर्म मल्लको व्रतबन्धमा नचाइएको *बालरामायण* नाटकको प्रसङ्गमा हाम्रो वंशावलीमा *पण्डिया मनकु भारो*को नाउँ आएको छ (२९ क पत्रका २–४ पङ्क्ति)। यी *पण्डया मनकु भारो*, त्यही वंशावलीमा *भैरवानन्द* नाटकको प्रसङ्गमा *पण्ड्या मनकु भा* वा *पाण्ड्या मनकु भारो* भनी नाउँ लिइएका, *भैरवानन्द* नाटकका कर्ता मणिक नै हुन् भन्ने कुरा स्पष्ट छ। मणिकको *भैरवानन्द* नाटकमा राजशेखरको प्रसिद्ध सट्टक *कर्पूरमञ्जरी*को प्रभाव स्पष्ट देखिएकोले मणिकसँग सम्बद्ध यो *बालरामायण* राजशेखरकै यही नाउँको अर्को प्रसिद्ध नाटक हुनु वा त्यसकै आधार लिई तयार गरिएको भिन्नै नाटक हुनु धेरै सम्भव छ। *भैरवानन्द*मा परेको *कर्पूरमञ्जरी*को प्रभावको विषयमा प्रमाण दिएर कुनै बेला भिन्नै निबन्ध लेख्ने मेरो विचार छ।

८८. २९ क पत्रका २–४ पङ्क्ति।

८९. ५७ क पत्रका ४–५ पङ्क्ति।

९०. *द गोपालराजवंशावली*का ८५, १३२ पृष्ठ।

९१. उही पुस्तकका ११३, १५९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी खण्डको वटूकर्ण्णको उल्था गर्दा धनवज्र गुरु र कमलप्रकाश मल्ल दुवैले *वटुकरण* भनी लेखे तापनि त्यस शब्दको शुद्ध रूप *वटूकरण*[९२] हो र च्वि प्रत्यय भई[९३] बनेको हुँदा अजन्त अङ्ग वटुको उको दीर्घ भई[९४] *वटूकरण* हुन गएको हो भन्ने कुरा स्पष्ट छ ।

राजाहरूको एक प्रकारको अभिषेकको चर्चा त्यस वंशावलीमा ठाउँठाउँमा आएको छ ।[९५] *द गोपालराजवंशावली*-मा मूल पाठ दिँदा त्यस अभिषेकको पाठ *पुपाभिसेष*[९६]/*पुष्पाभिसेक*[९७] / *पुष्पाभिषेक*[९८] पढेको र नेपाली अङ्ग्रेजी हुवै उल्थामा *पुष्पाभिषेक* मात्र लेखी त्यस पदको व्याख्या नगरिएकोले[९९] यहाँनिर केही भन्नुपरेको छ । त्यस पदमा भएको संयुक्ताक्षर ष्प हो कि ष्य हो भनेर ठोकेर भन्न गाह्रो भए तापनि पुष्य नक्षत्रमा चन्द्रमा रहँदा राजाहरूको एक प्रकारको अभिषेक हुन्थ्यो र *पुष्याभिषेक* भनेर कहिने त्यो अभिषेक, पछिपछि अरू अरू समयमा पनि हुने गरेको थियो र त्यो, राज्याभिषेकको पर्याय बनेको थियो भन्ने कुराचाहिँ ठोकेर भन्न सकिन्छ ।

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको राज्याभिषेक हुँदा नेपाल र एशियाली अनुसन्धानकेन्द्रले आफ्नो पत्रिकाको विशेषाङ्क निकालेको थियो र त्यहाँ गुरु धनवज्र वज्राचार्यको *राज्याभिषेकको ऐतिहासिक महत्व* भन्ने लेख छापिएको थियो । त्यस लेखमा *यस विधानको अन्त्यमा पुरोहितद्वारा मन्त्रिएको पुष्प आदि माङ्गलिक वस्तु राजाको शिरमा राखिने हुनाले यो अभिषेक "पुष्पाभिषेक" कहलिएको हो* भनी धनवज्र गुरुले पुष्पाभिषेक शब्दको व्याख्या गर्नुभएको थियो ।

*पुष्याभिषेक*लाई कोषमा चढाउँदा चढाउँदै पनि यो, *पुष्याभिषेक*को पाठान्तर मात्र हो र यसको अर्थ *पुष्याभिषेक*को जस्तै, *चन्द्रमा पुष्यनक्षत्रमा रहिरहेको बेलामा गरिने विशेष संस्कारोत्सव* हो भनी कोषकारहरूले लेखेका छन् । तर पनि गुरु धनवज्र वज्राचार्यले *पुष्पाभिषेक*को अनौठो अर्थ निकालिदिनुभयो र गौतमवज्र वज्राचार्यले पनि *पुष्पाभिषेक* वा *पुष्याभिषेक*को त्यही अर्थको अनुसरण गर्नुभयो ।

---

९२. स्याद्वटूकरणन्तूपनयनं

(*त्रिकाण्डशेष* २ काण्ड ब्रह्मवर्ग १ श्लोक)

९३. अभूततद्भावे कृभ्वस्तियोगे सम्पद्यकर्तरि च्विः ।

(*अष्टाध्यायी* ५।४।५०)

९४. च्वौ च ।

(*अष्टाध्यायी* ७।४।२६)

९५. २५ ख पत्रको २ पङ्क्ति । २६ क पत्रका १, ३, ५ पङ्क्ति । २७ क पत्रको ५ पङ्क्ति– २७ ख पत्रको १ पङ्क्ति ।

९६. *द गोपालराजवंशावली*को ३३ पृष्ठ ।

९७. उही पुस्तकको ३४ पृष्ठ ।

९८. उही पुस्तकका ३४, ३५ पृष्ठ ।

९९. उही पुस्तकका ८१, ८२, ८३, १२९, १३० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राज्याभिषेकको साइतमा पुष्यनक्षत्रको महिमा भएकोले राज्याभिषेकमा राजाले चढ्ने रथले पुष्यरथ भन्ने नाउँ पाए तापनि पछिका मान्छेले पुष्यरथको त्यो भित्री अर्थ बिर्सी पुष्यरथको पाठान्तर पुष्परथ पढी पुष्परथको अर्थ फूल जस्तो सुकुमारी रथ भन्ने तानतुने व्युत्पत्ति गरे जस्तै धनवज्र गुरुले र गौतमवज्रले हाँसो उठ्ने गरी पुष्याभिषेकको अर्थ गर्नुभएको हो । विक्रमको तेह्रौं शताब्दीको पूर्वार्धदेखि विक्रमको पन्ध्रौं शताब्दीको पूर्वार्धसम्मका केही नेपाली राजाहरूको पुष्याभिषेक भएको कुरा तात्कालिक ऐतिहासिक उपकरणबाट बुझिएकोले शास्त्रीय वचनको आधारमा पुष्याभिषेक शब्दको अर्थको विषयमा पूर्णिमाको शुभराज्याभिषेकाङ्कमा मैले लेखेको थिएँ र धनवज्र गुरु र गौतमवज्रले गर्नुभएको यस अर्थको खण्डन गरी मैले सो लेख टुङ्गचाएको थिएँ ।

पुष्याभिषेक, उही अर्थमा प्रयोग भएको, उस्तै किसिमको पुष्पाभिषेक भन्ने शब्दसँग लेखाइ र अर्थ दुवै दृष्टिले अक्सर गोलमाल हुने गरेको छ भन्ने कुरा लेखी त्यसको प्रमाणको लागि यस विषयमा महेशराज पन्तको पुष्याभिषेक, पूर्णिमा ३३ (वि. सं. २०३२), १३–२७ पृष्ठमा; पुनःशोधित अङ्ग्रेजी उल्था, जर्नल् अफ् द नेपाल् रिसर्च् सेन्टर् १ (वि. सं. २०३४), ९३–१०९ पृष्ठमा हेनू[१००] भनी लूच्यानो पेतेकले मेरो खोजीको समर्थन गर्नुभएको छ । यतातिर धनवज्र गुरुचाहिँ गलत सिद्ध भइसकेको पुष्पाभिषेक पाठमै अडान लिई बसिरहनुभएको छ ।

यसरी पुष्पाभिषेक पाठमा अडान लिँदा लिँदै पनि उही संयुक्ताक्षरलाई अन्यत्र भने धनवज्र गुरुले ष्प नपढी ष्य नै पढ्नुभएका उदाहरण जति भने पनि दिन सकिन्छन् ।[१०१] पुष्पाभिसेष / पुष्पाभिसेक / पुष्पाभिषेक र पुष्य / पोष्य / पौष्य भनी उहाँले पढ्नुभएका पदमा परेको संयुक्ताक्षरको भेद अरू अरू लिपिज्ञहरूलाई छुट्टचाउन गाह्रो हुँदा हुँदै पनि धनवज्र गुरुले यो ष्प र यो ष्य भनी कसरी छुट्टचाउन सक्नुभयो, यो आश्चर्यकै कुरा छ । अझ बिझाउने कुरा त उल्थामा पुष्पाभिषेक भन्ने शब्दचाहिँ कायम राख्नु, पुष्पाभिषेक भनेको के हो भन्ने व्याख्या भने नगर्नु हुन गएको छ । उहाँले पुष्पाभिषेकको व्याख्या दश वर्षअगाडि जसरी गर्नुभएको थियो, त्यस व्याख्यालाई उहाँले अझै कायम राख्नुभएको छ कि छैन भन्ने प्रश्नले हामीलाई एकातिर पिरोलेको छ त धनवज्र वज्राचार्यले पढेको पाठ र गरेको उल्थाको परीक्षकको रूपमा आफूलाई चिनाउन आतुरिएका कमलप्रकाश मल्ल यहाँ किन चूप लागेर बस्छन् भन्ने प्रश्नले अर्कोतिर हामीलाई सताएको छ ।

त्यस वंशावलीको उल्था गर्दा कस्तो हेलचक्राइँ गरिएको छ भन्ने कुराको नमूना राजा विष्णुगुप्तले गरेका धर्मकर्म-को बयान गरी लेखिएको एउटा वाक्यको उल्थामा टङ्कारो देखिएको छ । एकादशीव्रतपीछे एकएकवटा विष्णु-प्रतिमा तामामा वा शिलामा राजा विष्णुगुप्तले नानाठाउँमा प्रतिष्ठा गरे भनी बुझाउन त्यस वंशावलीमा

---

१००. वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको मेड्इईभल् हिस्टरि अफ् नेपाल् [नेपालको मध्यकालको इतिहास] को दोस्रो संस्करणको ६९ पृष्ठबाट उल्था गरेको ।

१०१. १८ ख पत्रको ३ पङ्क्ति, १८ ख पत्रको ४ पङ्क्ति, २१ क पत्रको २ पङ्क्ति, ३३ ख पत्रको २ पङ्क्ति, ३४ क पत्रको २ पङ्क्ति, ३५ ख पत्रको १ पङ्क्ति, ३८ ख पत्रको ४ पङ्क्ति, ४० क पत्रको २ पङ्क्ति, ४५ ख पत्रका ४–५ पङ्क्ति, ४९ ख पत्रको ४ पङ्क्ति, ५० क पत्रको ३ पङ्क्ति, ५१ क पत्रको २ पङ्क्ति, ५१ ख पत्रको १ पङ्क्ति, ५२ क पत्रको ४ पङ्क्ति, ५४ क पत्रको ४ पङ्क्ति, ५७ क पत्रको ४ पङ्क्ति, ५७ ख पत्रको २ पङ्क्ति, ६० ख पत्रको २ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा विष्णुगुप्तका अरू कीर्तिको बयान गरिसकेपछि *अपरञ्च* अर्थात् *अर्को पनि* भन्ने लेखी *एकादशीव्रत दिने दिने एकेकविष्णुप्रतिमा ताम्रे शिला वा प्रतिष्ठित०, नानास्थाने*[१०२] भनी त्यहाँ लेखिएकोबाट बुझिन्छ । तर नेपाली अङ्ग्रेजी दुवै उल्थामा शिलाको विष्णुप्रतिमा बनाएको कुरा परेको छैन र ती दुवै थरी उल्थामा *शिला वा*[१०३] यी दुइ शब्दको अर्थ टुटाइएको छ ।

आफूभन्दा अघिका विद्वान्ले गरिसकेको काममा दृष्टि पुऱ्याउन नसकेर पनि द *गोपालराजवंशावली*मा दिइएको उल्था बढी अशुद्ध हुन गएको देखिएको छ । त्यसका एक दुइवटा उदाहरण यहाँ दिनुपरेको छ ।

हिमालय पहाडको बीचमा रहेको घना जङ्गलमा भृङ्गारेश्वरको प्रादुर्भाव भएको, त्यसपछि गौतम आदि ऋषिहरूले त्यहाँ हिँडडुल गरेको र गौतमेश्वर आदि देवताहरूको प्रतिष्ठा गरेको, त्यसै बीचमा भृङ्गारेश्वरीले श्लेष्मान्तक-वनमा विहार गरेको कुरा त्यस वंशावलीको उठानैमा जस्तो आएको छ ।[१०४] त्यहाँ *श्रीभृङ्गारेश्वरः भटारिक* र *श्रीभृङ्गारेश्वरी भटारिका*[१०५] भनी लेखिएकोले *वंशावली*का कर्ताले दुइ भिन्नाभिन्नै देव र देवीलाई बुझाउन अशुद्ध संस्कृतमा भए पनि लिङ्गभेद गरेको कुरा स्पष्ट देखिएको छ । तर पनि, ती लिङ्गभेदको खयाल नराखीकन दुइ भिन्नाभिन्नै देव र देवीलाई एकै सम्झी द *गोपालराजवंशावली*का कर्ताहरूले नेपाली अङ्ग्रेजी दुवै उल्थामा दुवै ठाउँमा *भृङ्गारेश्वर भट्टारक*[१०६] मात्र लेखिदिएकाले उल्था, मूलको भावभन्दा पर पुगेको छ भनी भनिरहनुपर्दैन ।

भृङ्गारेश्वरी भट्टारिका श्लेष्मान्तक वनमा घुमिरहेको कुरा त्यस वंशावलीमा लेखिएको देख्ता मनमा उठेको एउटा कुरा यहाँनिर भन्न मन लागेको छ । नेपालमा लेखिएका, स्थलपुराणहरूमा पशुपतिमन्दिरको वरपरको जङ्गल-लाई श्लेष्मान्तकवन भनिएकोले[१०७] र हाम्रो वंशावलीमा भृङ्गारेश्वरी भट्टारिकाले श्लेष्मान्तकवनमा विहार गरेको कुरा लेखिएकोले भृङ्गारेश्वरीको विहारभूमि, पछि जहाँ पशुपतिको मन्दिर बन्यो, त्यहाँबाट त्यति टाढा थिएन भन्ने कुरा स्पष्ट हुन्छ । गुह्येश्वरीको मन्दिर, श्लेष्मान्तकवनकै क्षेत्रमा भएकोले र यी निराकार देवी *भृङ्गार* अर्थात् सुनको कलशमा प्रतिष्ठित हुने हुनाले *भृङ्गारेश्वरी* अर्थात् भृङ्गारमा भएकी देवी भनेर गुह्येश्वरीलाई नै भनेको त होइन भन्ने तर्कना मेरो मनमा उठ्छ । यो तर्कना नै हो र प्रमाणकोटिमा चढ्ने बेला यसको अर्थ भएको छैन भन्ने कुरा स्पष्ट छ । तर पनि योगी नरहरिनाथले गर्नुभएको त्यस वंशावलीको उल्थामा *भृङ्गारेश्वर* र *भृङ्गारे-*

---

१०२. २२ क पत्रका ३–४ पङ्क्ति ।

१०३. नेपाली उल्था ७८ पृष्ठमा, अङ्ग्रेजी उल्था १२५ पृष्ठमा ।

१०४. १७ क पत्रका २–४ पङ्क्ति ।

१०५. मूल पाठ दिँदा दुइवटा भिन्नाभिन्नै पद श्रीभृङ्गारेश्वरी र भटारिका द *गोपालराजवंशावली*मा किन जोडेर छपाइएको हो, कुन्नि ।

१०६. नेपाली उल्था ७३ पृष्ठमा, अङ्ग्रेजी उल्था १२१ पृष्ठमा ।

१०७. उदाहरणार्थ– *हिमवत्खण्ड* ७८–८१ अध्याय । [वि. सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित, नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ र लक्ष्मीनारायण चौडिलागाइद्वारा सम्पादित *हिमवत्खण्डः (स्कन्दपुराणमध्ये)* का १७३–१७८ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्वरी यी दुइ भिन्नाभिन्न देव र देवी खुट्याएर लेखिसकिएकोले[१०८] त्यो उल्था मात्र राम्ररी हेरिदिएको भए द गोपालराजवंशावलीका कर्ताहरूबाट यस्तो भद्दा भूल हुने थिएन भनेर चाहिं भन्नुपर्छ ।

राजा गणदेवको पालामा नेपालमा तीन वर्षसम्म खडेरी परेको थियो भन्ने कुरा त्यस वंशावलीमा एक ठाउँमा लेखिएको छ ।[१०९] पानी पार्न ती राजाले के गरेका थिए भन्ने कुरा त्यस वंशावलीमा *वारिषो वृष्टि आकांक्षणाय कामेनः श्रीपशुपतिभटारिकाय महानाग निर्ज्जित्यः तस्य मनियुक्ते गणदेव नाम कोष कृत०_ प्रढोकित०_ तत्प्रभावात्महावृष्टि कृत०_ प्रजा सुखीभवति*[११०] भनी लेखिएको छ । अशुद्ध संस्कृतको यो राम्रो नमूनाको अर्थ यस्तो हुनुपर्छ भन्ने मलाई लाग्छ— *वारिषो वृष्टि आकांक्षणाय कामेनः* = पानीको वर्षाको इच्छाको लागि चाहना गरेका (तिनी) द्वारा, *महानाग निर्ज्जित्यः* = महानागलाई जितेर, *तस्य मणियुक्ते गणदेव नाम कोष कृत०_* = तिनको मणि भएको गणदेव नाउँ गरेको कोष बनाइयो, *श्रीपशुपतिभटारिकाय प्रढोकित०_* = श्रीपशुपति भट्टारकलाई चढाइयो, *तत्प्रभावात्महावृष्टि कृत०_* = त्यसको प्रभावबाट ठूलो वर्षा गरियो, *प्रजा सुखीभवति* = प्रजा सुखी हुन्छ ।

नेपाली अङ्ग्रेजी दुवै उल्थामा *तस्य* र *निर्ज्जित्य*को अर्थको खयाल नराखी अर्थ दिइएको छ । त्यहाँ नेपालीमा *निर्ज्जित्यः*को अर्थ *साधना गरियो*[१११] र अङ्ग्रेजीमा *वज् प्रप् इसिएट्इड्* [मनाइएका थिए][११२] भनी लेखिएको छ र दुवैमा *तस्य*को अर्थ छोडिएको छ । योगी नरहरिनाथले गर्नुभएको उल्थामा यी दुवै शब्दको वास्तव अर्थ परिसकेकाले[११३] त्यो उल्था हेरेको भए पनि द *गोपालराजवंशावली*का कर्ताहरूबाट यस्तो भूल हुने थिएन ।

हाम्रो वंशावलीमा सूर्यवंशी राजाहरूको जुन पुस्तावारी दिइएको छ, त्यो, पुराणहरूको आधारमा दिइएको हो तापनि द *गोपालराजवंशावली*का कर्ताहरूले पौराणिक परम्पराको वास्ता नराखेकाले उनीहरूबाट भएको एउटा ज्यादै नै भद्दा भूलको विषयमा यहाँ लेख्नुपरेको छ ।

त्यस वंशावलीमा *तत अथातरे सूर्यवस्सौत्पति कथायामिः ॥ कल्पान्ते भगवते विष्णुः जलसयने, नाभिकमलोद्भवान् ॥ ब्रह्मा प्रादुर्भूतः ॥*[११४] भन्ने लेखी सूर्यवंशी राजाहरूको वंशावली उठाइएको छ । व्याकरणका नियमले नजकडिई अत्यन्त छाडा ढङ्गले यी वाक्य लेखिएका भए तापनि यी वाक्यको अर्थ बुझ्न गाह्रो छैन र त्यसपछि अनि बीचमा सूर्यवंशको उत्पत्ति भन्छु । कल्पान्तमा भगवान् विष्णु जलमा सुकला हुँदा नाइटोको कमलबाट ब्रह्माको प्रादुर्भाव भयो भन्ने अर्थ यी वाक्यको हुन्छ भन्ने कुरा स्पष्ट छ । तर पनि त्यस वंशावलीको द *गोपालराज-*

---

१०८. *हिमवत्संस्कृति* १ अङ्कको २६ पृष्ठ ।

१०९. २१ क पत्रको ४ पङ्क्ति ।

११०. २१ क पत्रको ४ पङ्क्ति–२१ ख पत्रको ५ पङ्क्ति ।

१११. द *गोपालराजवंशावली*को ७७ पृष्ठ ।

११२. उही पुस्तकको १२४ पृष्ठ ।

११३. *हिमवत्संस्कृति* १ अङ्कको २७ पृष्ठ ।

११४. १८ ख पत्रको २ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*वंशावली*मा दिइएको नेपाली उल्थामा *नाभिकमल*को अर्थ हाँसो उठ्तो गरी *नाइटोरूपी कमल*[११५] भनी गरिएको छ र कमलप्रकाश मल्लले पनि त्यही नेपाली उल्थालाई अङ्ग्रेजीमा जस्ताको तस्तो *लोटस्-शेप्इड् नेभ्ल्*[११६] भनी लेखेर चित्त बुझाएका छन् ।

विष्णुको नाइटोमा उम्रेको कमलबाट ब्रह्माको उत्पत्ति भएको कुरा र *नाभिकमल* भन्ने शब्दसुद्धा पुराणहरूमा पाइने हुनाले[११७] हाम्रो वंशावलीमा यस विषयमा जे लेखियो, त्यो नौलो कुरा होइन भन्ने कुरा स्पष्ट छ । यस्तो हुँदा

---

११५. द *गोपालराजवंशावली*को ७४ पृष्ठ ।

११६. उही पुस्तकको १२२ पृष्ठ ।

११७. उदाहरणार्थ–

परावरेषां भूतानामात्मा यः पुरुषः परः ।
स एवासीदिदं विश्वं कल्पान्तेऽन्यन्न किञ्चन ।।८।।
तस्य नाभेः समभवत्पद्मकोशो हिरण्मयः ।
तस्मिञ्जज्ञे महाराज स्वयम्भूश्चतुराननः ।।९।।

(*श्रीमद्भागवत* ९ स्कन्ध १ अध्याय)

[ठूला साना प्राणीहरूको आत्मा जुन परम पुरुष हुनुहुन्छ, उहाँ मात्र कल्पान्तमा हुनुहुन्थ्यो, यो अरू संसार केही थिएन ।।८।।

उहाँको नाइटोबाट सुनको कमलको कोपिला उत्पन्न भयो । महाराज ! चार मुख भएका ब्रह्माजी त्यसमा जन्मनुभयो ।।९।।]

योगनिद्रां यदा विष्णुर्जगत्येकार्णवीकृते ।।६६।।
आस्तीर्य शेषमभजत्कल्पान्ते भगवान्प्रभुः ।
तदा द्वावसुरौ घोरौ विख्यातौ मधुकैटभौ ।।६७।।
विष्णुकर्णमलोद्भूतौ हन्तुं ब्रह्माणमुद्यतौ ।
स *नाभिकमले* विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ।।६८।।
दृष्ट्वा तावसुरौ चोग्रौ प्रसुप्तञ्च जनार्दनम् ।
तुष्टाव योगनिद्रां तामेकाग्रहृदयस्थितः ।।६९।।
विबोधनार्थाय हरेर्हरिनेत्रकृतालयाम् ।...।।७०।।

(*चण्डी* १ अध्याय)

[कल्पान्तमा एकछत्त समुद्र भएको संसारमा शेषलाई ओछ्याएर [शेषशय्यामा] जब प्रभु भगवान् विष्णुले योगनिद्राको आश्रय लिनुभयो, तब विष्णुको कानेगुजीबाट उत्पन्न भएका डरलाग्दा ती दुइ जना दैत्यलाई देख्नुभएर र जनार्दन[विष्णु]लाई निदाउनुभएको देख्नुभएर विष्णुको *नाभिकमल*मा रहनुभएका, एकाग्र हृदयमा रहनुभएका उहाँ प्रजापति ब्रह्माले हरि [विष्णु] लाई ब्यूँझाउन हरिको आँखामा वास गरेको योगनिद्राको स्तुति गर्नुभयो ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हुँदै पनि धनवज्र गुरुले *नाभिकमल*को *नाइटोरूपी कमल* भन्ने अर्थ गरिदिनुभएकोले *नाभिकमल* यस समस्त पदको विग्रह *मुखकमल, करकमल* वा *चरणकमल* जस्ता कमलान्त समस्तपदको जस्तै गर्नुपर्ने भनी उहाँले ठान्नुभएको रहेछ भन्ने देखिन गएको छ। *मुखकमल, करकमल* वा *चरणकमल*को अर्थ क्रमश *मुख–हात* वा *पाउ–रूपी कमल* हुने हुनाले धनवज्र गुरु *नाभिकमल*को अर्थ *नाइटोरूपी कमल* भनी गर्न पुग्नुभएको छ। ब्रह्माजीको उत्पत्ति विष्णुको नाइटोबाट उन्नेको कमलमा भएको हो भन्ने कुरा यतातिरका सर्वसाधारणलाई पनि थाहा हुने कुरा हो र त्यसको लागि पुराणका ठेली पल्टाउनुपर्ने जरूरत छैन तापनि यो कुरा धनवज्र गुरु जस्ता विद्वान्को मनमा किन चढेन र उहाँले *नाभिकमल*को त्यस्तो अर्थ गर्न पुग्नुभयो भनेर मलाई छक्क लागेको छ। व्याकरणको भाषामा भन्ने हो भने षष्ठीतत्पुरुषसमास भई बनेको *नाभिकमल* पदलाई उहाँले उपमानोत्तरपद कर्मधारयसमास भई बनेको पद सम्झन पुग्नुभएकोले यस्तो अनर्थ भएको हो। धनवज्र गुरुको उल्थाको परीक्षक हुने आकाङ्क्षा राख्ने कमलप्रकाश मल्लले यस विषयमा बढी काम गर्न नसके पनि यत्रतत्र पाइने, यस विषयको पौराणिक चित्र मात्र सम्झन पुगेको भए पनि यो भट्टा गलती *द गोपालराजवंशावली*मा रहने थिएन।

*द गोपालराजवंशावली*का कर्ताहरूमा संस्कृतभाषाको ज्ञानको कमीले गर्दा पनि त्यस पुस्तकमा बढी अशुद्धि हुन गएका हुन् भन्ने कुरा कटु भए पनि सत्य भएकोले भन्नुपरेको छ र *गोग्राम* भन्ने शब्दको उनीहरूले गरेको अर्थ त्यसको एउटा उदाहरण भएको कुरा अलि खुलाएर लेख्नुपरेको छ। त्यस वंशावलीको शुरूशुरूमै जस्तो, पशुपतिनाथको प्रादुर्भाव कसरी भयो भन्ने कुरा लेखिएको छ र *तत पश्चात्मालाखात: गोग्रामस्य आगमेन* भनी त्यस विषयको शुरूवात गरिएको छ।[११८] धनवज्र गुरुले यी शब्दको अर्थ *त्यसपछि मालाखाबाट गोग्रामको आगमन भयो*[११९] भनी गर्नुभएको छ त कमलप्रकाश मल्लले भने *दे (द गोपालज्) केम् फ्रम् मालाखा टु गोग्राम*[१२०] [तिनीहरू (गोपालहरू) मालाखाबाट गोग्राममा आए] भनी गरेका छन्। कमलप्रकाश मल्लको अर्थभन्दा धनवज्र गुरुको अर्थ वाक्यको दृष्टिले मूलको नजीक छ तापनि योगी नरहरिनाथले अर्थ नगरी त्यसै छोडेको[१२१] *गोग्राम* शब्दको अर्थ यताबाट खुल्दैन र मालाखाबाट आएको *गोग्राम* पहेली नै भएर रहिरहन्छ। त्यस वंशावलीको मल्लले तयार गरेको *स्थान अनुक्रमणिका*मा यही *गोग्राम*ले ठाउँ पाएकोले[१२२] *उन्*ले यसलाई कुनै ठाउँको नाउँ भनी सम्झेको कुरामा शङ्का छैन। मल्लले सम्झे जस्तै, यो *गोग्राम*, ठाउँको नाउँ हो भने यस संस्कृत शब्दको नेपाली उल्था *गाईको गाउँ* भन्ने हुन्छ। मूलमा *गोग्राम* षष्ठचन्त पद भएकोले मल्लले *टु गोग्राम* [गोग्राममा] भनी *गोग्रामस्य*को अर्थ गरेको मिल्दैन भन्ने स्पष्ट छ। होइन भने, राम्रो संस्कृत नजान्ने ती वंशावलीकारले *गोग्रामस्य* लेखी गडबड गरिदिए भनी मल्लले भन्न सक्नुपर्छ।

समस्तपदमा उत्तरपदको रूपमा आई पूर्वपदको समूहलाई जनाउने *ग्राम* शब्दको सम्झना यस प्रसङ्गमा मलाई हुन्छ र हतियारको थुप्रो भन्नुपर्दा *अस्त्रग्राम*, इन्द्रियहरूको समूह भन्नुपर्दा *इन्द्रियग्राम*, दुःखको थुप्रो भन्नुपर्दा

---

११८. १७ क पत्रको ४ पङ्क्ति– १७ ख पत्रको १ पङ्क्ति।

११९. *द गोपालराजवंशावली*को ७३ पृष्ठ।

१२०. उही पुस्तकको १२१ पृष्ठ।

१२१. *हिमवत्संस्कृति* १ अङ्कको २६ पृष्ठ।

१२२. *द गोपालराजवंशावली*को १९९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुःखग्राम, चराचरहरूको समूह भन्नुपर्दा भूतग्राम, बनियाँहरूको जमात भन्नुपर्दा वणिग्ग्राम, शब्दको समूह भन्नुपर्दा शब्दग्राम, मन्त्रको समूह भन्नुपर्दा मन्त्रग्राम इत्यादि भनेको पनि म सम्झिन पुग्छु ।[१२३] त्यसमाथि, गाईको

---

१२३. ग्रामे ऽनिवसन्तः ६।२।८४

ग्रामशब्द उत्तरपदे पूर्वपदमाद्युदात्तं भवति, न चेन्निवसद्वाचि भवति । मल्लग्रामः । वणिग्ग्रामः । ग्रामशब्दोऽत्र समूहवाची । देवग्रामः । देवस्वामिक इत्यर्थः । अनिवसन्त इति किम् ? दाक्षिग्रामः । माहकिग्रामः । दाक्ष्यादयो निवसन्ति यस्मिन् ग्रामे स तेषामिति व्यपदिश्यते ।

(काशिका)

[ग्राम शब्द उत्तरपद भएमा पूर्वपद आद्युदात्त हुन्छ, बस्नेलाई बुझाउने (त्यो ग्राम शब्द) होइन भने । मल्लग्रामः । वणिग्ग्रामः । ग्रामशब्द यहाँ समूहलाई बुझाउने हो । देवग्रामः भनेको देवताको स्वामित्व भएको भन्ने हुन्छ । नबस्ने भनेर किन भनेको ? दाक्षिग्रामः । माहकिग्रामः । दाक्षि आदि जुन गाउँमा बस्छन्, त्यो, तिनीहरूको भनी कहिन्छ ।]

स हि नित्यमनीकेषु युध्यतेऽभयमास्थितः ।
अस्त्रग्रामं ससंहारं द्रोणात्प्राप्य सुदुर्लभम् ॥१३॥

(महाभारत भीष्मपर्व ७३ अध्याय)

[पाउन ज्यादै गाह्रो, संहार [फर्काइ]समेत भएको अस्त्रग्राम [हतियारको थुप्रो] द्रोणबाट पाएर निडरपनामा रहेका तिनी [अश्वत्थामा] लडाइँहरूमा लड्छन् ।]

मात्रा स्वस्रा दुहित्रा च न विविक्तासनो भवेत् ।
बलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥२१५॥

(मनुस्मृति २ अध्याय)

[आमासँग, दिदीबहिनीसँग र छोरीसँग पनि एकान्तमा नबस्नू । बलियो इन्द्रियग्रामले [इन्द्रियको समूहले] विद्वान्लाई पनि तान्छ ।]

जन्म गुह्यं भगवतो य एतत्प्रयतो नरः ।
सायं प्रातर्गृणन्भक्त्या दुःखग्रामाद्विमुच्यते ॥२९॥

(श्रीमद्भागवत १ स्कन्ध ३ अध्याय)

[भगवान्को यस गुह्य जन्मको साँझ बिहान भक्तिपूर्वक पाठ गर्ने जो पवित्र मानिस छ, (त्यसले) दुःखग्राम [दुःखको थुप्रो] बाट छुटकारा पाउँछ ।]

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

(श्रीमद्भगवद्गीता ८ अध्याय)

[हे पृथा [कुन्ती] का छोरा ! [अर्जुन !] आफ्नो वशमा नभएको, त्यही यो भूतग्राम [चराचरहरूको समूह] उत्पन्न भई भईकन रात पर्दा नाश हुन्छ र दिन लाग्दा उत्पन्न हुन्छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बथानलाई *गोग्राम* शब्दले बुझाएको पनि देखिएको छ ।[१२४] यस कारण हाम्रो वंशावलीको *गोग्राम* शब्दको अर्थ *गाईको बथान* हो भन्ने मैले लगाएको छु । *त्यसपछि मालाखाबाट गोग्रामको अवाइले* भनी लेखेपछि मात्र *वाग्वतीको किनारमा दिनकादिन आफैँ गई कैली गाई दूधको धारा बगाउने गर्थिन्, त्यो देखेर तिनले सिँचेको ठाउँमा गोठालाले खन्दा पशुपतिको प्रादुर्भाव भयो* भनी त्यस वंशावलीमा लेखिएकोले पनि *गोग्राम* शब्दको अर्थ *गाईको बथान* भनी गर्दा प्रसङ्ग पनि मिल्न जान्छ भन्ने कुरा स्पष्ट छ ।

गते तस्मिन्द्विजश्रेष्ठे कस्मिंश्चित्कारणान्तरे ।
चिन्तयामास सा कन्या *मन्त्रग्राम*बलाबलम् ।।१।।
अयं वै कीदृशस्तेन मम दत्तो महात्मना ।
मन्त्रग्रामो बलं तस्य ज्ञास्ये नातिचिरादिति ।।२।।

(*महाभारत* वनपर्व ३०६ अध्याय)

[ब्राह्मणहरूमा श्रेष्ठ तिनी कुनै अर्को कारणले गएपछि, कस्तो *मन्त्रग्राम* [मन्त्रसमूह] ती महात्माद्वारा मलाई दिइयो, ज्यादै बियाँलो नगरीकनै त्यसको बल थाहा पाउँछु भनी ती कन्याले [कुन्तीले] *मन्त्रग्राम* [मन्त्रसमूह] को बलाबलको विचार गरिन् ।]

संघातेऽपि च ग्रामो भूतेन्द्रियविषयकरणानाम् ।।२५।

(हलायुधको *अभिधानरत्नमाला* अनेकार्थकाण्ड)

[भूत, इन्द्रिय, विषय र करणहरूको समूहमा पनि ग्राम (शब्द) लाग्छ ।]

ग्रामः स्वरे संवसथे वृन्दे शब्दादिपूर्वकः ।।१४।।

(महेश्वरको *विश्वप्रकाश* मान्तवर्ग)

[ग्राम (शब्द), स्वरको अर्थमा (र) गाउँको अर्थमा छ । शब्द आदि अघिल्तिर भएको ग्राम (शब्द), समूहको अर्थमा छ ।]

१२४. सह दत्तास्मि काव्येन देवयान्या महर्षिणा ।
पूज्या पोषयितव्येति न मृषा कर्तुमर्हसि ।
सुवर्णमणिमुक्तानि वस्त्राण्याभरणानि च ।
याचतां हि ददासि त्वं *गोग्रामादीनि* यानि च ।
बाहिरं दानमित्युक्तं न शरीराश्रयं नृप । [५]

(*महाभारत*को पूनासंस्करणमा आदिपर्व ७७ अध्यायको २२ श्लोकपछि ८०५ सङ्ख्याको रूपमा दिइएको पाठ)

[मान गर्नुपर्ने र पालनपोषण गर्नुपर्ने भनेर ठूला ऋषि शुक्रद्वारा देवयानीसँगै दिइएकी हुँ । हजुरले (त्यो) झुट्टा पार्नु हुँदैन । माग्न आउनेहरूलाई सुन, जुहारात, मोती, लत्ताकपडा, गरगहना र *गोग्राम* [गाईको बथान] आदि जे हजुरबाट बख्सन्छ, सरकार ! [त्यो] बाहिरी दान भनी कहिएको छ, शरीरसँग सम्बन्ध भएको (दान त्यो) होइन ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने. सं. ३७६ [वि. सं. १३१३] श्रावणशुक्ल अष्टमीको दिन *भण्डसाल* लुटिएको कुरा हाम्रो वंशावलीमा एक ठाउँमा आएको छ।[१२५] कमलप्रकाश मल्लले तयार गरेको त्यस वंशावलीको *स्थान अनुक्रमणिका*मा यही *भण्डसाल* पनि परेकोले[१२६] र नेपाली, अङ्ग्रेजी दुवै उल्थामा यस शब्दको उल्था नगरी नेपालीमा *भण्डशाल*[१२७] र अङ्ग्रेजीमा *भण्डशाला* राखिदिएकोले[१२८] पनि द *गोपालराजवंशावली*का कर्ताहरूले यसलाई ठाउँको नाउँ सम्झेको कुरा स्पष्ट देखिन आएको छ।

शत्रुञ्जयमाहात्म्य भन्ने ग्रन्थमा *भँडारघर*को अर्थमा *भाण्डशाला* शब्द आएको छ भन्ने कुरा संस्कृतभाषाका प्रामाणिक पाश्चात्त्य कोषहरूमा परेको छ।[१२९] *भाण्डशाला*को अपभ्रंश *भड़सार*ले पुरानो हिन्दीमा *खानेकुरा राख्ने दराजलाई* बुझाउँछ भनी आफ्नो *भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष*मा राल्फ लाइलि टर्नरले लेखेका छन्। चलतीको हिन्दीमा *भँड्शाल्*, *भन्सार्*, वा *भन्साल्* शब्दले *भँडारघर* वा *धनसार*लाई बुझाउँछ भनेर पनि त्यही तुलनात्मक कोषमा लेखिएको छ।[१३०] सस्तोमा किनेर महँगोमा बेच्न जहाँ अन्न एकट्ठा गरेर राखिन्छ, त्यस्तो गोदामलाई *भंड़सार* वा *भंडसाल* भनिन्छ भनी हिन्दी कोषमा लेखिएको छ।[१३१] अहिलेको नेवारी भाषामा *भन्साः* शब्दले *कुनै वस्तु पैठारी गर्दा महसूल लिने अड्डा*लाई बुझाउँछ।[१३२] त्यस्तै, अहिलेको नेपाली भाषामा पनि *भन्सार* शब्द चलेको छ र त्यसले पनि त्यही नै अर्थ बुझाउँछ भन्ने कुरा त भनिरहनुपर्दैन।

---

१२५. ३७ क पत्रको ५ पङ्क्ति–३७ ख पत्रको १ पङ्क्ति।

१२६. द *गोपालराजवंशावली*को २०१ पृष्ठ।

१२७. उही पुस्तकको ९३ पृष्ठ।

१२८. उही पुस्तकको १४० पृष्ठ।

१२९. वि. सं. १९२५ मा सेन्ट पिटर्सबर्गबाट बुखड्रुकेराइ डेर कैजरलिखेन अकाडेमी डेर विसेनशापटनद्वारा प्रकाशित, ओट्टो ब्योटलिङ्क र रुडोल्फ रोथको *सन्स्क्रिट् वोर्टेर्बुख्* [संस्कृतकोष] को पाँचौं भागको २४४ पृष्ठ-भागमा *भाण्डशाला*।

वि. सं. २०२७ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मोनियर मोनियर–विलियम्जको *ए स्यान्स्क्रिट्–इङ्ग्लिश् डिक्शन्अरि* [संस्कृत–अङ्ग्रेजीकोष] (पहिलो भारतीय संस्करण) को ७५२ पृष्ठमा *भाण्ड*।

१३०. वि. सं. २०२२ मा लन्डन, न्यूयोर्क र टोरन्टोबाट अक्सफोर्ड युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, राल्फ लाइलि टर्नरको *ए कम्पेर्एटिभ् डिक्शन्अरि अफ् दि इन्डो–एर्यन् ल्याङ्ग्विज्इज्* [भारतीय आर्यभाषाहरूको तुलनात्मक कोष] को ९४४१ सङ्ख्याको शब्द *भाण्डशाला*।

१३१. बनारसबाट भार्गव बुक डीपोद्वारा प्रकाशित, रामचन्द्र पाठकको *भार्गव आदर्श हिन्दी शब्द कोश*को पहिलो संस्करणको ८२१ पृष्ठमा *भंड़सार, भंडसाल*।

१३२. वि. सं. २०४३ मा दिल्लीबाट आगमकलाप्रकाशनद्वारा प्रकाशित, ठाकुरलाल मानन्धरको *नेवारी–इङ्ग्लिश् डिक्शन्अरि* [नेवारी–अङ्ग्रेजीकोष] को १८६ पृष्ठमा *भंसाः*। पुरानो नेवारीको *भन्दशाल* शब्दबाट *भंसाः* बनेको र *भंसाः*को रूपभेद *भन्सार* हो भन्ने पनि त्यहाँ लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने. सं. ८६२ [वि. सं. १७९८] कार्तिकशुक्लनवमीको मिति भएको, काठमाडौंको कुनै खेतको बिक्री हुँदा लेखिएको फार्सेपत्रमा बेच्नेको वतन दिँदा *भन्सार* शब्दको उल्लेख परेकोले[१३३] र अहिलेको हिन्दी र नेपालीमा जस्तै अहिलेभन्दा दुइ अढाइ सय वर्षअगाडिसम्म नेवारीमा पनि *भन्सार* रूप नै चलिरहेको देखिएको छ ।

संस्कृतवाङ्मयमा *भाण्ड* शब्दले *व्यापार गरिने वस्तु* पनि बुझाउने कुरा यहाँनिर हामीले सम्झनुपर्छ ।[१३४] मोल फरक फरक भएका वस्तुहरूको साँटासाँट गरी लेनदेन गर्दा गरिने हिसाबको नियम भारतीय पाटीगणितमा *भाण्डप्रतिभाण्डक* भन्ने नाउँले प्रख्यात छ ।[१३५] *कौटलीय अर्थशास्त्र*को दोस्रो अधिकरणको २१ अध्यायमा शुल्काध्यक्ष [भन्सारअड्डाको हाकिम] को कर्तव्य बताइएको छ । भन्सार छुटाउन ल्याइएका सामानको सन्दर्भमा त्यहाँ *भाण्ड* शब्द पटकपटक आएको छ ।[१३६] संस्कृतवाङ्मयमा भन्सारअड्डाको अर्थमा *शुल्कशाला* भन्ने शब्द

---

१३३. वि. सं. २०४० मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्वविभाग राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, शङ्करमान राजवंशीको *भूमिसम्बन्धि तमसूक ताडपत्र* १ भागका ५९–६० पृष्ठ ।

१३४. द्विगुणं त्रिगुणं वित्तं *भाण्ड*क्रयविचक्षणाः ।
प्राप्नुवन्त्युद्यमाल्लोका दूरदेशान्तरं गताः ।।१८।।

इत्येवं सम्प्रधार्य मथुरागामीनि *भाण्डा*न्यादाय शुभायां तिथौ गुरुजनानुज्ञातः सुरथाधिरूढः प्रस्थितः ।

(*पञ्चतन्त्र* मित्रभेद)

[*भाण्ड* किन्न सिपालु, देशदेशावरमा गएका मानिसहरू दुइ गुना, तीन गुना बढी धन उद्योगद्वारा पाउँछन् ।।१८।।

भन्ने अठोट गरेर मथुरामा जाने *भाण्ड* लिएर मान्यजनसँग बिदा भएको, असल रथमा चढेको (त्यो) राम्रो तिथिमा हिँड्यो ।]

१३५. तथैव *भाण्डप्रतिभाण्डके* ऽपि विपर्ययस्तत्र सदा हि मूल्ये ।
द्रम्मेण लभ्यत इहाम्रशतत्रयं चेत्त्रिंशत् पणेन विपणौ वरदाडिमानि ।
आम्रैर्वदाशु दशभिः कति दाडिमानि लभ्यानि तद्विनिमयेन भवन्ति मित्र ।।

(*लीलावती* प्रकीर्णक)

[*भाण्डप्रतिभाण्डक*मा पनि त्यसै गरेर मोलमा सर्धै उल्टोपाल्टो गर्नुपर्छ ।

हे साथी ! यस बजारमा १ द्रम्मले [१६ पणले] ३०० दाना आँप र १ पणले ३० दाना असल अनार पाइन्छन् भने दश दाना आँपसँग तिनको [अनारको] सँटाइले कति दाना अनार पाइएलान् ? छिटो भन ।]

३६. तदेव निविष्टपण्यस्य *भाण्डस्य* हीनप्रतिवर्णकेनार्घापकर्षणे सार*भाण्डस्य* फल्गु*भाण्डेन* प्रतिच्छादने च कुर्यात् ।१२।

तस्माद्विक्रयः पण्यानां धृतो मितो गणितो वा कार्यः, तर्कः फल्गु*भाण्डा*नामानुग्राहिकाणां च ।१५।

वैवाहिकमन्वायनमौपायनिकं यज्ञकृत्यप्रसवनैमित्तिकं देवेज्याचौलोपनयनगोदानव्रतदीक्षणादिषु क्रियाविशेषेषु *भाण्ड*मुच्छुल्कं गच्छेत् ।१८।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चलेको देखिएको छ तापनि *भाण्ड* शब्दले *व्यापार गरिने वस्तुलाई* बुझाएको देखिएकोले र *शुल्कशाला*को अर्थमा आधुनिक भाषाहरूमा *भाण्डशाला*का अपभ्रष्ट रूप चलेका देखिएकोले *भाण्डशाला* शब्दले *शुल्कशाला*को अर्थ पनि बुझाउँदो रहेछ भन्ने देखिन्छ । यस कारण हाम्रो वंशावलीमा आएको *भण्डसाल*को अर्थ *भन्सारअड्डा* नै हो भन्ने स्पष्ट भएको छ ।

दिल्लीका सुल्तान गयासुद्दीन तुगलकसँग हारेपछि मिथिलाका राजा हरसिंहदेवले आफ्नो राजधानी शिमरावनगढ [आजभोलिको सिम्रौनगढ] छोडे र आफ्ना जहानबच्चा र भाइभारादार साथ लिई उनी पहाड पसे । पहाडमा टिपाट [आजभोलिको तीनपाटन] भन्ने ठाउँमा पुग्दा हरसिंहदेव परलोक भए र त्यहाँका अधिकारीले उनीसँग

वैदेश्यं सार्थं कृतसारफल्गुभाण्डविचयननभिज्ञानं मुद्रां च दत्त्वा प्रेषयेदध्यक्षस्य ।२६।

ततः सार्थमध्यक्षो ऽभिगम्य ब्रूयात्, इदममुष्यामुष्य च सारभाण्डं फल्गुभाण्डं च, न निगूहितव्यम्, एष राज्ञः प्रभाव इति ।२९।

निगूहतः फल्गुभाण्डं शुल्काष्टगुणो दण्डः, सारभाण्डं सर्वापहारः ।३०।

राष्ट्रपीडाकरं भाण्डमुच्छिन्द्यादफलं च यत् ।
महोपकारमुच्छुल्कं कुर्याद्बीजं च दुर्लभम् ।।३१।।

(*कौटलीय अर्थशास्त्र* २ अधिकरण २१ अध्याय)

[पण्य [बिक्रीको माल] हालिएको *भाण्ड*को मोल, कम (मोल पर्ने भनी जनाउने) ढक्कनद्वारा घटाउँदा र गहकिलो [बढी मोल पर्ने] *भाण्ड*लाई हल्का [कम मोल पर्ने] *भाण्ड*द्वारा छोप्दा त्यही (सजाय) गर्नू ।१२।

त्यस कारण पण्यको जोखिएको, भरिएको वा गनिएको बिक्री गर्नू, हल्का *भाण्ड* र सुविधा पाएको *भाण्ड*को चाहिँ अडकल गर्नू र बिक्री गर्नू ।१५।

विवाहको लागिको, दाइजोको लागिको, कोसेलीको लागिको, यज्ञको कामको र जन्मको विधिविधानको निमित्तको, देवताको पूजाआजा, चूडाकर्म, उपनयन, गोदान [पढाइ सिद्धिइसकेपछि कपाल खौरी गरिने विधि], व्रत, दीक्षा आदि कामकाजमा भन्सार छूट भएको *भाण्ड* जाओस् ।१८।

गहकिलो र हल्का *भाण्ड* छुट्टयाइएको, व्यापारीहरूको विदेशबाट आएको जमातलाई परिचयपत्र दिएर र (तिनीहरूको सामानमा) छाप लगाइदिएर (अन्तपालले) (शुल्क)ध्यक्षकहाँ पठाउनू ।२६।

त्यसपछि; यो फलाना फलानाको गहकिलो *भाण्ड* र हल्का *भाण्ड* हो (भनी देखाउनुपर्छ), लुकाउनु हुँदैन, यहाँ राजाको प्रभाव छ भनी (शुल्क)ध्यक्षले व्यापारीहरूको जमातकहाँ गएर भन्नू ।२९।

हल्का *भाण्ड* लुकाउनेलाई महसूलको आठ गुना दण्ड गर्नू, गहकिलो *भाण्ड* लुकाउनेको सबै (सामान) जफत गर्नू ।३०।

जुन *भाण्ड*, मुलुकलाई हानिनोक्सानी गर्ने र बेकारको छ, (त्यो) नाश गर्नू । ज्यादै काम लाग्ने माल र दुर्लभ बीजनलाई महसूल छुट भएको गर्नू ।३१]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

आएका उनका छोरा र मन्त्रीलगायत सबैलाई समाते। राजपाट लुटिई विदेशी भूमिमा पस्दा राजासमेत बिती बिचल्लीमा परेका राजपरिवार र तिनका अनुयायीलाई समातेर मात्र नपुगी राजगामका मझी भारो भन्नेले शरणार्थीहरूका सबै धनसम्पत्ति हात लाए।[१३७]

हाम्रो वंशावलीको *राजगाम*, वि. सं. १८६५ को एउटा लिखतमा *राजगाउँ*को रूपमा पनि देखिएको छ र आजभोलि त्यसलाई *रजगाउँ* भनिने गरिन्छ।[१३८] रजगाउँ, तामाकोशीको किनारमा पर्छ[१३९] र तीनपाटनबाट ११ कोस जति उत्तरपश्चिममा रजगाउँ अवस्थित छ।[१४०] यो सब इलाका, माझीहरूको अधिकारमा थियो र रजगाउँमा माझी राजाको दरबार थियो भन्ने कुरा परम्परादेखि चलिआएको छ।[१४१]

माझीहरूको परम्परागत पेशा डुङ्गा खियाउने हो भन्ने कुरा त हामी सबैलाई थाहा भएकै हो। *माझी* यो शब्द वा यसकै सानातिना भेदरूपका *माँझी* र *माजी* शब्द आर्यमूलका विभिन्न नव्य भारतीय भाषाहरूमा डुङ्गा खियाउने मान्छे भन्ने अर्थमा चलेका छन् र यस शब्दको पहिलो स्वरवर्ण ह्रस्व भई बनेको *मझिआ* शब्द पनि उडिया भाषामा चलेको छ र यसले माझीलाई बुझाउँछ भन्ने कुरा टर्नरको *तुलनात्मक कोष*बाट हामीले थाहा पाएका छौं।[१४२]

माझी वा *बोटे* कहिने एक प्रकारको जातिले परापूर्व कालदेखि नेपालका पूर्व पश्चिम दुवैतिरका नदीका फाँटमा बसोबास गरिरहेको छ र डुङ्गा खियाएर र माछा मारेर त्यस जातिले आफ्नो पेटपालो गर्छ भन्ने कुरा हामीलाई थाहा छ।[१४३] तामाकोशीको फाँट पनि यसको अपवाद छैन र यहाँ पनि माझीहरूको बस्ती पहिलेदेखि भएको कुरा पुराना कागतपत्रबाट पनि बुझिन्छ।[१४४]

---

१३७. द *गोपालराजवंशावली*मा प्रकाशित मूल वंशावलीको ४६ क पत्रको ४ पङ्क्ति- ४६ ख पत्रको २ पङ्क्ति।

१३८. वि. सं. २०२६ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित *प्राचीन नेपाल*को १० सङ्ख्याका ४७–५२ पृष्ठमा छापिएको, मोहनप्रसाद खनालको *वाभू तथा राजग्रामको भौगोलिक निर्णय* भन्ने निबन्ध, सो सङ्ख्याको ५१ पृष्ठ।

१३९. वि. सं. २०४१ मा काठमाडौंबाट गुठीसंस्थानद्वारा प्रकाशित *धर्मदर्शन* ५ वर्ष २ अङ्कका ४९–६४ पृष्ठमा छापिएको, भूपहरि पौडेलको *मन्थलीका माझीहरूको कीपट* भन्ने निबन्ध, सो अङ्कका ५१–५२ पृष्ठ।

१४०. *प्राचीन नेपाल*को १० सङ्ख्याका ५१–५२ पृष्ठ।

१४१. *धर्मदर्शन*को ५ वर्ष २ अङ्कका ५१–५२ पृष्ठ।

१४२. ए *कम्पेर्‌एटिभ् डिक्शन्‌अरि अफ्‌दि इन्‌डो–एर्‌इअन् ल्याङ्ग्विज्‌इज्‌*को ९७१४ शब्दसङ्ख्या।

१४३. वि. सं. २०२९ मा काठमाडौंबाट रत्नपुस्तकभण्डारद्वारा प्रकाशित, डोरबहादुर विष्टको *पीप्ल् अफ् नेपाल्* [नेपालका मानिस] दोस्रो संस्करणको १२८–१३३ पृष्ठ।

वि. सं. २०४२ मा फलेवासबाट इन्दिरा शर्मा पौड्यालद्वारा प्रकाशित, हीरामणि शर्मा पौड्यालको *बोटे भाषाको अध्ययन*का ८–१९ पृष्ठ।

१४४. *धर्मदर्शन*को ५ वर्ष २ अङ्कका ४९–६४ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण हाम्रो वंशावलीमा परेको *राजगामया मझी भारो घायान* भन्ने शब्दहरूको अर्थ लाउन कत्ति पनि अप्ठ्यारो छैन भन्ने मलाई लाग्छ । तर पनि, धनवज्र गुरुलगायत संशोधन–मण्डलका हामी सबै सदस्य मिली तयार गरेको, झण्डै २३ वर्षअघि छापिएको *इतिहास–संशोधनको प्रमाण–प्रमेयमा* जस्तै,[१४५] *द गोपालराजवंशावलीमा* पनि नेपाली अङ्ग्रेजी दुवै थरी उल्थामा *मझी* शब्दको वास्तै नराखी नेपालीमा *राजग्रामका भारादारले*[१४६] र अङ्ग्रेजीमा पनि *द नोब्ल् अफ् राजग्राम*[१४७] [राजग्रामका भारादारले] मात्र लेखिएको छ । अरु त्यति मात्र कहाँ हो र, *इतिहास–संशोधनको प्रमाण–प्रमेयमा* छुटाइए जस्तै, *घायान* शब्दको अर्थ पनि ती दुवै थरी उल्थामा छुटाइएको छ । *घायानको* अर्थ *भन्नेले* भन्ने भएकोले ती सम्बद्ध पदको वास्तव अर्थ *राजगामका मझी भारो भन्नेले* भन्ने स्पष्ट छ । शरण पर्न आएको तेह्रौंते राजपरिवारको धनमाल अँठ्याउने ती *भारो* [भारादार], माझी जातिका थिए भन्ने यताबाट देखिएको छ । हाम्रो वंशावली लेख्नेलाई ती भारोको नाउँ याद नभएकोले होला, तिनको वतन, जाति र दर्जा लेखी उनले चित्त बुझाएको देखिन्छ ।

द गोपालराजवंशावलीमा त्यस वंशावलीको मूल पाठ दिँदा कुनै कुनै अक्षर अशुद्ध पढिदिनाले पनि अर्थ गर्दा ठाउँठाउँमा गलती हुन गएका छन् । त्यसको एउटा नमूना *सम्वत् ५०३ चेत्र शुदि १० श्रीकोछें भटारिकस लु प्वह्रोह खटया दुंता मि योगिगणुन*[१४८] भनी पढिएको वाक्यमा देखिन गएको छ । धनवज्र गुरुले जुन अक्षरलाई *मि* भनी पढ्नुभएको छ, त्यो *मि* नभई *नि* हो भन्ने कुरा मूलमा राम्ररी हेर्दा स्पष्ट हुन्छ ।[१४९] यसले गर्दा *द गोपालराजवंशावलीमा* दिइएको यस वाक्यको अर्थ पल्टा खान पुगेको छ ।

जुन कुरा त्यस वंशावलीको माथिको वाक्यमा परेको छ, त्यस्तै त्यस्तै कुरा ३२ पत्र जतिपछि त्यस वंशावलीमा फेरि आएको छ र *द गोपालराजवंशावलीमा* त्यसको पाठ *थ्व लानवु थोव एर्णाश शुक्रवार कोथोछें भह्रीह्रिस खटया लुं पह्रोह्र दुन्ता, यजमान, लछकोयानि योगीगणूनः*[१५०] भनी दिइएको छ । अघिल्लो वाक्यमा शुद्धसँग पढिएको *निलाई योगिगणुनसँग* जोडिदिँदा र पछिल्लो वाक्यमा रहेको *निलाई लछकोयासँग* छुट्टाई *योगिगणूनः*-सँग जोड्न पुग्दा नतीजा उही आउँछ भन्ने कुरा अब खुलाएर लेख्नुपरेको छ ।

पहिलो वाक्यका नेपाली अङ्ग्रेजी दुवै उल्थामा *योगिगण* = *जोगीहरू* = *कुसलेहरूलाई* कर्ता बनाइएको छ[१५१] र *नि* पढ्नुपर्नेमा अशुद्ध गरी *मि* पढिएको अक्षरलाई वाक्यमा मिलाउने लोभमा *द गोपालराजवंशावलीका* कर्ताहरू त्यस *मिलाई* क्रिया *दुन्ता* [चढाइयो] सँग सम्बद्ध गर्न पुगेका छन् । यसैले कमलप्रकाश मल्लको शब्दार्थसूचीमा

---

१४५. मूल भागको २३४ पृष्ठ ।

१४६. *द गोपालराजवंशावलीको* १०२ पृष्ठ ।

१४७. उही पुस्तकको १४९ पृष्ठ ।

१४८. उही पुस्तकको ३७ पृष्ठ ।

१४९. २९ ख पत्रको १ पङ्क्ति ।

१५०. *द गोपालराजवंशावलीको* ६९ पृष्ठ [६१ क पत्रका २–३ पङ्क्ति] ।

१५१. उही पुस्तकको ८५ पृष्ठमा नेपाली उल्था, १३२ पृष्ठमा अङ्ग्रेजी उल्था ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुं न्ताभि भन्ने शब्दले ठाउँ पाएको छ र त्यसको अर्थ *डोनेट्इङ् पर्सन्; द डोनर्* [दिने मान्छे; दाता] भनी गरिएको छ।

नेपाली अङग्रेजी दुवै उल्थाअनुसार दोस्रो वाक्यको कर्ता *लच्छकोयानिका योगीहरूको गण* हो।[१५२] यताबाट धनवज्र गुरु र कमलप्रकाश मल्ल दुवैले ठाउँको नाउँ *लच्छकोयानि* भनी सम्झेको स्पष्ट देखिएको छ। तर पनि, दोस्रो वाक्यमा परेको ठाउँको नाउँ मल्लको *स्थान अनुक्रमणिकामा* दिँदा भने *लच्छकोयानि* नदिई *लछको* मात्र दिइएको छ।[१५३] भक्तपुरमा *लासकुढोका* भएकोले *स्थानअनुक्रमणिकामा* दिएको *लछको* भन्ने नाउँ ठीक ठहर्छ। यस कारण *लछको*को पछाडि आएको *या* अक्षर, षष्ठी विभक्तिलाई नेवारीमा जनाउने *या* प्रत्यय मात्र हो र *या*पछि आएको *नि*लाई त्यसपछि आएको *योगिगणुन*:सँग जोडिदिँदा पहिलो दोस्रो दुवै वाक्यका कर्ता एक थरी हुन् पुग्छन् भन्ने छर्लङ्ग भएको छ।

पहिलो वाक्यको शुद्ध पाठ *सम्वत् ५०३ चेत्रशुदि १० श्रीकोछें भटारिकस लुप्वहोह खटया दुं ता नियोगीगणुन* भन्ने भएकोले ने. सं. ५०३ [वि. सं. १४३९] चैत्रशुक्लदशमीको दिन *नियोगीहरूले कोछें भटारिक*को खटको लागि सुनको छाना चढाएको कुरा स्पष्ट भएको छ। त्यसै गरेर, दोस्रो वाक्यको शुद्ध पाठ, *थ्व लानवु थोव एणिशि शुक्रवार, कोथोछें भह्रीह्रिस खटया लुंपह्रोह दुन्ता, यजमान, लछकोया नियोगीगणुन*: भन्ने भएकोले लछकोका *नियोगी*-हरूले कुनै महीनाको शुक्लपक्षको एकादशी तिथि शुक्रवारको दिन *कोथोछें भह्रीह्रि*को खटको लागि सुनको छाना चढाएको कुरा स्पष्ट भएको छ। लछकोका *नियोगीहरू*ले सुनको छाना चढाएको कुरा भएको यस वाक्यबाट त्यो छाना चढाएको दिनको पक्ष, तिथि र वार बुझिए पनि साल र महीना त्यहाँ दिइएको छैन भन्ने कुरा भनिरहनुपर्दैन। यसो भए तापनि त्यस पत्रभन्दा अघिल्लो पत्रमा ने. सं. ५०३ [वि. सं. १४३९] फाल्गुनशुक्लतृतीया बृहस्पतिवारको सन्दर्भ आएको[१५४] र यसपछिका घटना दिँदा त्यहाँ सालको चर्चा नगरिएको र महीनाको विषयमा लेख्नुपर्दा *यही महीना* [*थ्व लासवु*[१५५] वा *थ्व लानवु*] मात्र लेखिएकाले लछकोका *नियोगीहरू*ले वि. सं. १४३९ फाल्गुनशुक्ल-एकादशी शुक्रवारको दिन[१५६] सुनको छाना चढाएको स्पष्ट भएको छ। यस कारण कोथोछेंका भह्रीह्रि [भट्टारिका=देवी] को खटमा सुनको छाना चढाएको एक महीनापछि मात्र, कोछेंका भटारिक [भट्टारक=देव] को खटको लागि सुनको छाना चढाइएको थियो भन्ने बुझिएको छ।

---

१५२. उही पुस्तकको ११७ पृष्ठमा नेपाली उल्था, १६२–१६३ पृष्ठमा अङग्रेजी उल्था।

१५३. उही पुस्तकको २०३ पृष्ठ।

१५४. ६० ख पत्रको ५ पङ्क्ति।

१५५. ६१ क पत्रको १ पङ्क्ति।

१५६. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ५०३ [वि. सं. १४३९] फाल्गुनशुक्ल

	गते	वार	तिथि	घडी	पला
फाल्गुन	२०	शुक्र	दशमी	३४	३५

दशमी ३४ घडी ३५ पलाउप्रान्त एकादशी तिथिमा सुनको छाना चढाइएको देखिन्छ।

— दिनेशराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

देवदेवीका खटमा सुनका छाना चढाउने यी *नियोगीहरू* को हुन् भन्ने कुराको राम्रो उत्तर दिन म सक्तिनँ। यसो भए तापनि *कसाही* [*नाय्*]हरूलाई *नियोगी*[१५७] भनेर लेखेको देखिएकोले ती देवदेवीका खटमा सुनका छाना चढाउने *नियोगीहरू* कतै कसाही त होइनन् भन्ने कुरा मेरो मनमा खेलिरहेछ। अर्को कुरा, एक थरी बङ्गालीहरूले आफ्नो थर *नियोगी* लेखेको देखिएकोले र नेवार राज्यमा बङ्गालीहरूको बसोबास भएको प्रमाण पाइएकोले[१५८] छाना चढाउने ती *नियोगी* बङ्गाली मूलका त होइनन् भन्ने कुरा पनि मेरो मनमा त्यतिकै खेलिरहेछ।

---

१५७. राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्मको रीलसङ्ख्या ई २००७/१४ को *जातिनिर्णय*मा सबभन्दा पहिलो श्लोक र त्यसको नेवारी अर्थ यसरी दिइएको छ—

कुलुया नाम	पोरया नाम	नायया नाम	संघत
चर्मकारश्च	मातंगी	नियोगी	रजकस्तथा ।।
घोबि	कोना	कौ	कुसाल
धौबी च	क्षत्रिकारश्च	लोहकारश्च	कुंडकृत् ।।

वि. सं. २०३७ मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिटच्युटद्वारा प्रकाशित *रोलम्ब* १ वर्ष १ अङ्कमा छापिएको, *जातिमाला*मा दोस्रो श्लोकमा *नियोगि* आएको छ (नेपाली खण्डको ७ पृष्ठ) र त्यसको *तपसिल*मा *नियोगी– नायक* (८ पृष्ठ) भनी लेखिएको छ। *कसाही*को नेवारी पर्याय *नाय्* भएकोले *नायक* र *नाय्*को सम्बन्ध देखिएको छ। यस कारण यतावाट पनि *नियोगी* शब्दले *कसाही*लाई नै बुझाएको स्पष्ट भएको छ।

जयस्थिति मल्ल राजाले धर्मशास्त्रहरूबाट उद्धरण गरेको नेपाली वर्णका जातको भेद कहिन्छ भनी *जातिमाला*को तेह्रौं श्लोकमा लेखिएको छ। *जातिनिर्णयमा* दिइएका जात र राइटको वंशावलीमा जयस्थिति मल्लले छुट्टयाएका ६४ जात भनी दिइएको नामसूची (वि. सं. १९३३ मा केम्ब्रिजबाट युनिभर्सिटी प्रेसद्वारा प्रकाशित, डानियल राइटको *हिस्टरि अफ् नेपाल्, ट्रान्स्लेट्इड् फ्रम् पर्बतिया* [नेपालको इतिहास, पर्वतेबाट उल्था गरिएको] का १८५–१८६ पृष्ठ) धेरै मिल्छ। राइटको वंशावलीमा कहीं कहीं ती जातको व्याख्या गरिए तापनि हामीलाई खायस परेको *नियोगी* जातको चाहिँ व्याख्या त्यहाँ गरिएको छैन।

१५८. उदाहरणार्थ वि. सं. १७३१ को एउटा ताम्रपत्रलाई यहाँ अघि सार्नुपरेको छ—

सम्वत् ७९५ चैत्रशुक्लपञ्चम्यान्तिथौ ।। श्रीश्रीजयश्रीनिवास मल्लदेव श्रीश्रीजयजितामित्र मल्लदेव श्रीश्रीजयनृपेन्द्र मल्लदेव थ्वति त्रिभय थाकूलसन ।। दुं जल बाधय जुयाव थाय थायस थथओस श्री ३ इष्टदेवतासके कर्म्महीन जुवस श्रीउपाध्याजुपनि पण्डितपनि मुनकाव बंधेज याङ चोस्यं तयाया भाषा थ्वति ।। श्रीधर्म्मजु उपाध्या श्रीदेवेन्द्र उपाध्या श्रीहरिनाथ उपाध्या श्रीरामचन्द्र उपाध्या श्रीकीर्तिराज उपाध्या श्रीसुदर्शन उपाध्या थ्वति उपाध्या श्रीयादव भट्टाचार्य्य श्रीश्रीमुख भट्टाचार्य्य श्रीसदाशिव भट्टाचार्य्य श्रीरूपनारायण चक्रवर्ती श्रीवीरेश्वर चक्रवर्ती श्रीवैद्यनाथ राय श्रीबछापि उझा, थ्वति पण्डित श्रीहरिवंश श्रीशिवहरि श्रीबलभद्र श्रीशिवनाथ थ्वतिसमेत सो नगरया मुनकाव ओपनिस्के डेङाव शास्त्रस्मृतिया वचन कायाव ओललस आज्ञा दोततिन याङाया, भाषा थथ्य जुरो ।।

(पाटन मूलचोकको ताम्रपत्रबाट। वि. सं. २०२० मा काठमाडौंबाट संशोधन–मण्डलद्वारा प्रकाशित, रामजी

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द *गोपालराजवंशावली*मा त्यस वंशावलीको मूल पाठ दिंदा कुनै कुनै अक्षर अशुद्ध पढिएकाले अर्थमा पनि पर्न गएका अशुद्धिको अर्को नमूना, *तव कल वास वव* वा *तवकल वास वव*[१५९] भन्ने पाठबाट देखिन गएको छ । यस पाठको उल्था *ठूलो पानी पऱ्यो*[१६०] भनी धनवज्र गुरुले गर्नुभएको छ त त्यही उल्थाकै अनुसरण गरी *दर् वज् ए हेभ्इ शाउर्*[१६१] [ठूलो पानी पऱ्यो], *दर् वज् हेभ्इ रेन्फल्*[१६२] [ठूलो वर्षा भयो], *दर् वज् ए हेभ्इ रेन्फल्*[१६३] वा *दर् वज् ए भेर्इ हेभ्इ रेन्फल्*[१६४] [ज्यादै ठूलो वर्षा भयो] भनी कमलप्रकाश मल्ल लेख्छन् । तर जुन लिपिमा हाम्रो वंशावली लेखिएको छ, त्यस लिपिमा ओकारसमेतको साउँ अक्षर बनाउन साउँ अक्षरमा कानदानी दिई डिको तानिसकेपछि बायाँपट्टि छेउमा डिकोलाई अलिकति मात्र घुमाइदिए पुग्ने भएकोले धनवज्र गुरुले *वा* पढ्नुभए पनि त्यो अक्षर *वो* हो भन्ने कुरा मूलमा हेर्दा छर्लङ्ग हुन्छ । अब त्यो, *तव कलवास* होइन रहेछ, *तव कलवोस* पो रहेछ भन्ने स्पष्ट हुन्छ ।[१६५] पुरानो नेवारीमा *सलहलाई कलवुस*[१६६] भनिने हुनाले हाम्रो वंशावलीको *कलवोस* वा *कलबोस*, त्यस रूपको ज्यादै नै नजीक छ भनी भनिरहनुपर्दैन ।[१६७] यस कारण ने. सं. ३४० [वि. सं. १२७७] भाद्रशुक्लअष्टमीदेखि ने. सं. ४७५ [वि. सं. १४११] कार्तिकशुक्ल-प्रतिपदाभित्रका पूरा एक सय चौंतीस वर्षभित्र चार पटक यहाँ सलहको आक्रमण भएको कुराको टिपोट गर्दा त्यो वंशावली लेख्नेले *तव कलवोस वव* भनी लेखेको देखिएको छ । यस कारण यसको उल्था गर्दा *ठूलाठूला सलह आए* भनी लेख्नुपर्नेमा *ठूलो पानी पऱ्यो* भनी उल्था दिइएकोले अर्थको अनर्थ हुन गएको छ ।

त्यस वंशावलीको संस्कृत खण्डको अन्तमा तीन श्लोक दिइएका छन् । ती तीन श्लोकमध्ये पहिलो श्लोकमा राजाले

तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख-संग्रह* १० भागका ११-१२ पृष्ठबाट ।)

भट्टाचार्य, चक्रवर्ती र राय थर भएका बङ्गाली बाहुनहरूको नेपालखाल्डोमा बसोबास भइरहेको कुरा यताबाट बुझिएको छ ।

१५९. द *गोपालराजवंशावली*का ४२, ४६, ५८, ६१ पृष्ठ ।

१६०. उही पुस्तकका ९०, ९४, १०६, १०९ पृष्ठ ।

१६१. उही पुस्तकको १३७ पृष्ठ ।

१६२. उही पुस्तकको १४१ पृष्ठ ।

१६३. उही पुस्तकको १५३ पृष्ठ ।

१६४. उही पुस्तकको १५६ पृष्ठ ।

१६५. ३४ ख पत्रको १ पङ्क्ति, ३८ ख पत्रको १ पङ्क्ति, ५० क पत्रको ५ पङ्क्ति, ५३ ख पत्रको ५ पङ्क्ति ।

१६६. ठाकुरलाल मानन्धरको *नेवारी-अङ्ग्रेजी कोषमा* क:बुइंचा ।

१६७. श्रीठाकुरलाल मानन्धरले यतापट्टि मेरो दृष्टि तानिदिनुभएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गर्नुपर्ने पाँचवटा मुख्य कामको बयान गरिएको छ[१६८] र पछिल्ला दुइ श्लोकमा चाहिँ स्थितिराज मल्लको प्रशंसाको साथै अर्जुनदेवको पतनपछि स्थितिराज मल्ल सर्वेसर्वा भएको कुरा लेखिएको छ ।[१६९] त्यस वंशावलीमा अन्यत्र झैं लिपिकरका प्रमादबाट भएका दोष त पहिलो श्लोकमा पनि हुने नै भए, तर पनि त्यो श्लोक सुललित छ र त्यहाँ व्याकरणको नियमको राम्रो पालना गरिएको छ भन्ने कुरा तथा बाँकी दुइ श्लोकमा चाहिँ त्यस वंशावलीमा सर्वत्र भए झैं भद्दा खालका अशुद्धिले युक्त शब्द छन् भन्ने कुरा ती श्लोक हेर्नेबित्तिकै हामीलाई लाग्छ । यताबाट सर्वत्र अशुद्ध लेख्ने ती वंशावलीकारले पहिलो श्लोक लेखेका होइनन् कि भन्ने हाम्रो मनमा पर्छ । यस विषयमा नेपाली उल्थामा केही नलेखे[१७०] पनि अङ्ग्रेजी उल्थामा चाहिँ पहिलो श्लोकको अर्थ दिइसकेपछि *वराहमिहिरको योगयात्रा २ अध्यायबाट गरिएको उद्धरण– कप्रम*[१७१] भनी त्यहाँ लेखिएकोले पहिलो श्लोक जसले वंशावली लेखे, तिनले लेखेका होइनन् भन्ने कुरा कमलप्रकाश मल्लको मनमा चढेको र त्यो श्लोक कहाँबाट सारिएको हो भन्ने कुरा पनि उनले पत्ता लाएको देखिएको छ ।

मेरो अगाडि *योगयात्राको* छापा पुस्तक नभए पनि हामीकहाँ मूल *योगयात्राको* र भट्टोत्पलको टीकासहितको *योगयात्राको* लेखोट पुस्तक पनि भएकोले यस प्रसङ्गमा मैले ती पुस्तक पल्टाई हेरें, हेर्दा त्यो, *योगयात्राको* दोस्रो अध्यायको ३२ श्लोक रहेछ भन्ने मैले थाहा पाएँ । हाम्रो वंशावलीमा *दुष्टस्य डण्ड स्वजनस्य पूजाः* भन्ने पाठ भए पनि *योगयात्रामा* चाहिँ *दुष्टस्य दण्डः सुजनस्य पूजा* भन्ने पाठ भएकोले र राजाको कर्तव्य दुष्टलाई दण्ड गर्नुको साथै *सुजन* [सज्जन] को आदर गर्नु पनि भएकोले लिपिकरको प्रमादले त्यस वंशावलीमा *दण्डः*को ठाउँमा *डण्ड*, *पूजा*को ठाउँमा *पूजाः* लेखिए झैं *सुजन*° हुनुपर्नेमा *स्वजन*° लेखिन गएको हो भन्ने मैले ठहऱ्याएँ । भट्टोत्पलले लेखेको टीकामा *सुजनस्य*को पर्यायमा *सज्जनस्य*[१७२] भनी दिइएकोले पनि शुद्ध पाठ *सुजन* नै हो भन्ने *योगयात्राको* स्पष्ट भएको छ ।

यस प्रसङ्गमा मलाई ओट्टो ब्योटलिङ्कको *भारतीय सूक्ति* पनि पल्टाउन मन लाग्यो र पल्टाई हेर्दा त्यो श्लोक त्यहाँ पनि भेट्टियो । *विक्रमचरित* र *सुभाषितार्णव*मा आफूले त्यो श्लोक भेट्टाएको कुरा ब्योटलिङ्कले त्यहाँ लेखेकाले *योगयात्रा* उनले नपल्टाएको स्पष्ट देखिएको छ । यसो भए तापनि मूलमा *सुजनस्य पूजा* भन्ने पाठ दिई *सुभाषितार्णव*मा *स्वजनस्य पूजा* भन्ने पाठ छ भनी टिप्पणीमा लेखेकाले शुद्ध पाठ *सुजनस्य पूजा* नै हो भनी उनले ठहऱ्याएकोमा शङ्का छैन ।[१७३]

---

१६८. ३० क पत्रको २ पङ्क्ति ।

१६९. ३० क पत्रका २–५ पङ्क्ति ।

१७०. *द गोपालराजवंशावली*को ८६ पृष्ठ ।

१७१. उही पुस्तकको १३३ पृष्ठ ।

१७२. हामीकहाँ भएको भट्टोत्पलको टीकासहितको *योगयात्रामा सजनस्य* भनी लेखिए तापनि त्यसको पर्यायमा *सज्जनस्य* भनी लेखिएकोले (१५ क पत्र) त्यो, *सजनस्य* नभई *सुजनस्य* हो भनी सहजै भन्न सकिन्छ ।

१७३. वि. सं. १९२७–१९३० मा सेन्ट पिटर्सबर्गबाट प्रकाशित ओट्टो ब्योटलिङ्कको *इन्डिश्चे स्प्रुखे* [भारतीय सूक्ति] को २८९० सङ्ख्याको श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्यो श्लोक *योगयात्रा*बाट उद्धरण गरेको भनेर भन्दा भन्दै पनि *योगयात्रा*मा नभएको *स्वजनस्य पूजा* भन्ने पाठलाई नै मान्यता दिई टु *रिस्पेक्ट् यान्ड् रिवर्ड् ओन्'ज् लइअल् मेन्*[१७४] [आपना भक्तजनलाई सम्मान गर्नु र इनाम दिनु] भनी कमलप्रकाश मल्लले लेखेको ठीक छैन भन्ने कुरा यी सबै कारणबाट स्पष्ट भएको छ। *दुष्टस्य दण्ड*:को प्रसङ्गमा आएकोले पनि *स्वजनस्य पूजा*भन्दा *सुजनस्य पूजा* भन्ने पाठ बढी मिल्ने हुनाले *स्वजन (आफ्ना मानिस)लाई सम्मान गर्नु*[१७५] भनी धनवज्र गुरुले गर्नुभएको अर्थ, अपभ्रष्ट पाठको अर्थ मात्र हो, कविको मूल शब्दको अर्थ होइन भनी भनिरहनुपर्दैन।

वाँकी दुइ श्लोक शार्दूलविक्रीडित छन्दमा लेखिएका छन् र माथि भरखर भने झैं, तो वंशावलीकारले आफैंले रचेकाले होला, दुवै श्लोक अत्यन्त अशुद्ध छन्। त्यसले गर्दा तो श्लोकको वास्तव अर्थ बुझन निकै गाह्रो परेको छ। यति हुँदा हुँदै पनि द *गोपालराजवंशावली*का कर्ताहरूले पहिलो श्लोकको भावसम्म दिन सकेका छन् भनी भन्नैपर्छ। तर दोस्रो श्लोकको भाव उतार्नचाहिँ उनीहरूले सकेका छैनन् भनेर पनि भन्नैपर्छ।[१७६] राजा अर्जुनदेव *भागेको ?* बाह्र वर्षपछि स्थितिराज मल्ल सर्वेसर्वा भएको भाव पहिलो श्लोकबाट आउँछ। दोस्रो श्लोकको उठान *सपूर्णे रविवच्छरे*बाट हुन्छ र योगी नरहरिनाथको उल्थामा यी दुइ पदको अर्थ हुँदा हुँदै पनि[१७७] द *गोपालराजवंशावली*मा दिइएका नेपाली अङ्ग्रेजी दुवै थरी उल्थामा यी दुवै पदको अर्थ परेको छैन। संज्ञाद्वारा सङ्ख्यालाई बुझाउने भारतीय पद्धतिको अलिकति मात्र पनि ज्ञान भएकाको लागि यी पदको अर्थ गर्न कत्ति पनि गाह्रो पर्दैन। आदित्य [सूर्य] १२ थरी हुने हुनाले *वच्छरे* [शुद्ध रूप– *वत्सरे* =वर्षमा] पछिल्तिर भएको, सूर्यको पर्याय *रवि* शब्दको अर्थ *१२ वर्ष* भन्ने हुन्छ। *रविवच्छरे*को अगाडि *सपूर्णे* [शुद्ध रूप– *सम्पूर्णे*] भएकोले यी दुइ पदको अर्थ *१२ वर्ष पूरा भएपछि* भन्ने हुन्छ भन्ने कुरा स्पष्ट छ। अर्को शब्दमा भन्ने हो भने, अघिल्लो श्लोकमा *द्वादश वत्सरा* [१२ वर्ष] भन्ने पदद्वारा आफूले व्यक्त गरेको भावलाई नै यहाँ कविले *सपूर्णे रविवच्छरे* भन्ने पदद्वारा बोल्न्याएका छन्।

स्थितिराज मल्ल सर्वेसर्वा भएको तिथिमिति, दोस्रो श्लोकको पछिल्लो पाउमा *नेपालाब्दगतेऽब्दपुस्करशरे मार्गशितस्यां तिथौ*[१७८] भनी त्यस वंशावलीमा दिइएको छ। यस पूरा पाउको अर्थ, नेपाली अङ्ग्रेजी दुवै उल्थामा छुटाइएकोले द *गोपालराजवंशावली*मा दिइएको त्यस श्लोकको उल्था कति कच्चा छ भनी भनिरहनुपर्दैन।

नेपालाब्दगते [नेपालसंवत् जाँदा] पछि आएको *अब्दपुस्करशरे* यस समस्त पदद्वारा व्यक्त गरिएका यी अङ्कले नेपालसंवत्को वर्ष बुझाउँछन् भन्ने कुरामा शङ्का छैन। तर पनि यी अङ्क निकै ठूला भएकाले नेपालसंवत्को सन्दर्भमा

---

१७४. द *गोपालराजवंशावली*को १३३ पृष्ठ।

१७५. उही पुस्तकको ८६ पृष्ठ।

१७६. उही पुस्तकको ८६ पृष्ठमा नेपाली उल्था, १३३ पृष्ठमा अङ्ग्रेजी उल्था।

१७७. *हिमवत्संस्कृति* १ अङ्कको ३१ पृष्ठ।

१७८. द *गोपालराजवंशावली*मा यस पाउको पाठ दिँदा मूलमा हुँदा हुँदै पनि खण्डाकार टुटाइएको छ र मूलमा *तिथो* भएकोमा *तिथौ* भनी छपाइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ऋवाट्ट हेर्दा यी असम्भव देखिन्छन् । किन भन्नुहोला भने, यस समस्त पदको पहिलो पद अब्दको अर्थ बादल वा वर्ष[१७९] भन्ने भएकोले, संज्ञाद्वारा सङ्ख्या बुझाउँदा वर्षबोधक शब्दको प्रासङ्गिकता नभएकोले र बादललाई बुझाउने शब्द जति १७ का पर्याय[१८०] हुने हुनाले, कामदेवका बाणले पाँच थरी काम गर्छन् भन्ने प्रसिद्धि भएकोले र *बाण* र *बाण*का पर्यायले ५ लाई बुझाउने हुनाले *बाण*को पर्याय भएको, पछिल्लो पद *शर*ले ५ लाई बुझाएकोले स्थितिराज मल्ल राजा हुँदा ने. सं. ५००० भन्दा पनि बढी बितिसकेको पो देखिन गयो ! यस कारण, यहाँ *अब्दपुस्करशरे* भनी लेखिए तापनि चन्द्रमाका पर्यायमा *अब्ज*[१८१] शब्द पनि भएकोले र *चन्द्रमा*ले १ लाई बुझाउने भएकोले *नेपालाब्दगते* लेख्दा *अब्द* शब्द भरखरै लेखेका वंशावलीलेखकले *अब्ज* लेख्नुपर्नेमा ऋक्किई *अब्द* नै लेख्न पुगेको ठहरिन्छ ।

सङ्ख्यालाई संज्ञाद्वारा बुझाउने विषय परेका चलतीका आधुनिक पुस्तकहरूमा पुष्कर [हाम्रो वंशावलीमा अशुद्ध रूप– पुस्कर] शब्द नपरे पनि त्यसको अर्थ गर्न अर्को उपाय निकाल्न नसकिने होइन । पुष्करको अर्थ *सूँडको टुप्पो, बाजाको अग्रभाग, पानी, आकाश, तरबारको मध्यभाग, कमल, तीर्थविशेष* र *जडीबूटीविशेष* हुने कुरा *अमरकोष*-बाट हामीलाई थाहा हुन्छ ।[१८२] संज्ञाद्वारा सङ्ख्यालाई बुझाउने सन्दर्भमा अघिल्ला तीन अर्थको, अनि पाँचौं, छैटौं र सबभन्दा पछिल्लो अर्थको पनि प्रासङ्गिकता नभएको स्पष्ट छ । पुष्कर शब्दले तीर्थविशेष अर्थात् अजमेरको नामी

---

१७९. अब्दौ जीमूतवत्सरौ ॥८८॥

(*अमरकोश* ३ काण्ड नानार्थवर्ग)

[अब्द, बादल र वर्षको नाउँ ।]

१८०. एनाम्मेघ बलाहश्च घट सप्तादशस्य च ॥१७॥

(*सुमतितन्त्र* मध्यमाधिकार)

[मेघार्थका घटाश्चैव शब्दाः सप्तदशार्थकाः ।]

(नयराज पन्तद्वारा प्रतिसंस्कृत (अप्रकाशित) पाठ)

[बादललाई बुझाउने, *मेघ* र *बलाहक* जस्ता शब्द र घट [गाग्रो] लाई बुझाउने शब्दले सत्रलाई बुझाउँछन् ।]

१८१. हिमांशुश्चन्द्रमाश्चन्द्र इन्दुः कुमुदबान्धवः ॥१३॥
विधुः सुधांशुः शुभ्रांशुरोषधीशो निशापतिः ।
अब्जो जैवातृकः सोमो ग्लौर्मृगाङ्कः कलानिधिः ॥१४॥
द्विजराजः शशधरो नक्षत्रेशः क्षपाकरः ।

(*अमरकोश* १ काण्ड द्विवर्ग)

[हिमांशु, चन्द्रमस्, चन्द्र, इन्दु, कुमुदबान्धव, विधु, सुधांशु, शुभ्रांशु, ओषधीश, निशापति, *अब्ज*, जैवातृक, सोम, ग्लौ, मृगाङ्क, कलानिधि, द्विजराज, शशधर, नक्षत्रेश, क्षपाकर (यति चन्द्रमाका नाउँ) ।]

१८२. पुष्करं करिहस्ताग्रे वाद्यभाण्डमुखे जले ।
व्योम्नि खड्गफले पद्मे तीर्थौषधिविशेषयोः ॥१८६॥

(*अमरकोष* ३ काण्ड नानार्थवर्ग)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुष्करतीर्थलाई पनि बुझाउने र ज्येष्ठ, *मध्यम* र *कनिष्ठ* गरी तीनवटा पुष्करतीर्थ भएका र समाहारमा तिनलाई *त्रिपुष्कर* भन्ने चलन छ।[१८३] यस कारण पुष्कर शब्दले ३ लाई[१८४] बुझाउँछ भनी *सुमतितन्त्र*मा लेखेको कुराको हामीलाई अर्थ लाग्छ। यस कारण, यहाँ परेको पुष्कर शब्द, *आकाश* र *तीर्थविशेष*मध्ये केलाई बुझाउने अङ्कको अर्थमा आएको हो, यो कुरा ऋवाट्ट भन्न सकिँदैन। पुष्कर शब्द यहाँ *आकाश*को पर्यायमा आएको हो भने यसले *शून्य*लाई र *तीर्थविशेष*को अर्थमा आएको हो भने यसले *तीन*लाई बुझाउने भएकोले हामी रनभुल्लमा पर्छौं तापनि यस शङ्काको पनि समाधान गर्न सकिने हुनाले हातखुट्टा छोडिहाल्नु भने पर्दैन। भारादारहरूको सम्मति लिई स्थितिराज मल्लले बनेपाको किल्लामा राजा अर्जुनदेवलाई पठाएको घटनाको तिथिमिति हाम्रो वंशावलीको नेवारी खण्डमा आएको छ। त्यतावाट त्यो घटना ने. सं. ५०१ मा भएको कुरा स्पष्ट बुझिएकोले[१८५] स्थितिराज मल्ल सर्वेसर्वा भएको संवत्को अङ्क दिँदा संस्कृत खण्डमा बीचमा आएको पुष्कर शब्दको अर्थ तीन नभई शून्य हो भन्ने कुरा स्पष्ट भएको छ।

संवत् दिइसकेपछि *मार्ग्गाशितस्यां तिथौ* भनी त्यस पाउमा लेखिएकोले त्यो घटना मार्ग महीनाको कृष्ण [*असित*, मूलमा अशुद्ध रूप– *अशित*] पक्षमा घटेको रहेछ भन्ने कुरा बुझिए तापनि तिथिको हकमा चाहिँ तिथिको सबभन्दा पछिल्लो अक्षर °*स्यां* मात्र त्यहाँ लेखिएकोले अब बाँकी रहन गयो, त्यहाँको तिथि कुन हो भनी निर्णय गर्ने काम। सप्तम्यन्त °*श्यां* [मूलमा अशुद्ध रूप– *स्यां*] मात्र त्यहाँ लेखिएको हुनाले त्यो तिथि, एकादशी, द्वादशी, त्रयोदशी र चतुर्दशीमध्ये जुनसुकै पनि हुन सक्छ। संस्कृत खण्डको अन्त्यमा यो श्लोक सिद्धिनेबित्तिकै *सम्वत् ५०१ मार्गशिर-व १२*[१८६] भनी लेखिएकोले र नेवारी खण्डमा अर्जुनदेवलाई धपाएको संवत् महीना र पक्ष मात्र नदिई भारतीय

---

१८३. मोनियर–विलियम्जको *संस्कृत–अङ्ग्रेजी* कोषमा पुष्कर।
तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य*मा *त्रिपुष्कर*।

१८४. रामा पुष्कर लोकाश्च गुण तेत्र हुताशनम्।
ज्वलनो रोहिदश्चाग्नि कृशानु पावको शिखि।
वैश्वानरानल वह्नि सप्तार्च्चि हव्यवाहन।
अनलो गिग्वज्वालश्च धामा ज्योतिद्युतिक्रमा।
दीप्त दहन शूलश्च त्रिः तृतीयस्त्रयस्य च ॥३॥
(*सुमतितन्त्र* मध्यमाधिकार)

[पुष्करं रामलोकौ च गुणस्त्रेता हुताशनः।
ज्वलनो रोहिताश्वोऽग्निः कृशानुः पावकः शिखी।
वैश्वानरानलो वह्निः सप्तार्चिर्हव्यवाहनः।
अनलस्तिग्मज्वालश्च धाम ज्योतिर्द्युतिः क्रमः॥
दीप्तश्च दहनः शूलं त्रयं चेति *त्रिवाचकाः*॥]
(प्रतिसंस्कृत पाठ)

१८५. ५९ ख पत्रका २–४ पङ्क्ति।

१८६. ३० क पत्रको ५ पङ्क्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

कालगणनाका पाँच अङ्गमध्ये करणबाहेकका चारै अङ्ग दिँदै स ५०१ *मार्गशिरकृष्णद्वादशी स्वाति सोभन, शुक्रवार कोह्रु* भनी लेखिएकोले[१८७] त्यस स्थाँले *द्वादश्यां*लाई नै बुझाएको हो भन्ने कुरा छलङ्ग भएको छ । यताबाट, द *गोपालराजवंशावली*का कर्ताहरूले अर्थ नगरी त्यसै छोडेको पूरै पाउको अर्थ स्पष्ट भएको छ ।

ने. सं. ५०१ [वि. सं. १४३७] मार्गकृष्णद्वादशीको दिन अर्जुनदेवलाई धपाई स्थितिराज मल्लले पूरा अधिकार लिएको देखिएकोले र अर्जुनदेव भागेको (?) १२ वर्ष बितिसकेपछि मात्र स्थितिराज मल्ल सर्वेसर्वा भएको कुरा बुझिएकोले ने. सं. ४८९ [वि. सं. १४२५] तिर अर्जुनदेवको अधिकार खस्किन थालेको देखिन गएको छ ।

अर्जुनदेव र जयसिंहराम एक गठ भई डुवा खोली ने. सं. ४८९ [वि. सं. १४२५] कार्तिकशुक्लदशमीको दिन तिपुरमा पसे भनी हाम्रो वंशावलीमा लेखिएकोले[१८८] भोन्त [बनेपा]वंशका गद्दीनशीन राजा अर्जुनदेवलाई बनेपाका रैथाने र महाथ [महामन्त्री] जयसिंहरामसँग मिली भक्तपुरको शक्तिकेन्द्र त्रिपुरदरबारमा बलजपती पस्न परेको कुरा बुझिए तापनि त्यो अवस्था किन आइपऱ्यो भन्ने कुराचाहिँ अस्पष्ट नै छ । त्रिपुरदरबारभित्र पस्न अर्जुनदेवले बल लाउनुपरेकोले उपराज स्थितिराज मल्लले उनलाई रोकेको कुरा त्यहाँ नलेखिए तापनि स्थितिराज मल्लले नै उनलाई दरबारभित्र घुस्न दिन नखोजेको देखिन्छ र त्यसैले गर्दा उनलाई भाग्न परेको हो कि भन्ने अनुमान हुन्छ ।

पश्चिमबाट राजा जितारि मल्लले ने. सं. ४०८ [वि. सं. १३४४] को पूस महीनामा नेपालखाल्डोमा हमला गरेको कुरा हाम्रो वंशावलीमा एक ठाउँमा आएको छ ।[१८९] जितारि मल्लसँग आएका खसियाहरूमध्ये सयौँलाई मारेर नेपालखाल्डोका बासिन्दाहरू वन पसेको, त्यसले गर्दा खसियाहरू भागेको, अनि तो बासिन्दाहरू आआपना ठाउँमा फर्केको कुरा त्यस बयानबाट बुझिन्छ । मारिने खसियाहरूको सङ्ख्या *अवुठ*[१९०] *सय* थियो भनी त्यस वंशावलीमा लेखिएकोले *आठ* र *अवुठ*मा केही सादृश्य भएकोले होला, बेन्डलले *(एट् ?) हन्ड्रड् [(आठ ?) सय]* भनी *अवुठ सय*को अर्थ गरेको देखिन्छ । तैपनि *आठ*को पर्यायको रूपमा *अवुठ*लाई लिनुपर्दा उनी पूरापूर सन्तुष्ट थिएनन् भन्ने कुरा *एट्* [आठ] लाई कोष्ठभित्र राखी *एट्*पछि उनले प्रश्नचिह्न लगाएकाले देखिन गएको छ । ऐ. शि. बाबुराम आचार्यले भने त्यस घटनाको बयान गर्दा ८०० *खसिया* भनी लेख्नुभएकोले *अवुठ* शब्द, *आठ*को पर्याय हो भन्ने कुरा उहाँले

---

१८६. ५६ख पत्रका २-३ पङ्क्ति ।

१८७. ने. सं. ५०१ [वि. सं. १४३७] मार्गकृष्ण [पूर्णान्तिमानले पौषकृष्ण]

	गते	वार	तिथि	घडी	पला	नक्षत्र	घडी	पला	योग	घडी	पला
मार्ग	२६	शुक्र	एकादशी	२६	११	चित्रा	२०	०	शोभन	३७	४९

एकादशी २६ घडी ११ पलाउप्रान्त द्वादशी तिथिमा, चित्रा २० घडीउप्रान्त स्वाति नक्षत्रमा, शोभनयोगमा अर्जुनदेवलाई बनेपा पठाएको देखिन्छ ।

– दिनेशराज पन्त

१८८. ५४ ख पत्रको ५ पङ्क्ति ।

१८९. २६ ख पत्रका १–३ पङ्क्ति ।

१९०. द *गोपालराजवंशावली*को पाठ– अबूठ (३४ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्धक्कसँग सकार्नुभएको थियो भन्ने देखिन गएको छ । त्यसैले गर्दा धनवज्र गुरुलगायत धेरैजसो ऐतिहासिकहरू त्यसमा म पनि पर्छु– ऐ. शि. बाबुराम आचार्यकै पछि लागी वि. सं. २०४१ सम्म हिँडिरहेका थिए । संस्कृतको अध्युष्ट शब्द र आर्यमूलका विभिन्न मध्य र नव्य भारतीय भाषाहरूमा पाइने, यही शब्दका थरीथरीका रूपले साढे तीनलाई बुझाउने गरेको देखिएकोले हाम्रो वंशावलीमा आएको यो अवुठ शब्द पनि अध्युष्टबाटै बनेको हो र यसको अर्थ आठ नभई साढे तीन नै हो भनी मैले ठहऱ्याएँ । अनि यस विषयमा सबै कुरा खोली लामै लेख लेखें र त्यो लेख वि. सं. २०४१ माघमा पूर्णिमाको ६० अङ्कमा प्रकाश गराएँ । मेरो लेखको प्रकाशनसमय र द गोपालराजवंशावलीको प्रकाशनसमयमा पाँच महीना जतिको मात्र अन्तर भएकोले द गोपालराजवंशावलीमा दिइएका त्यस वंशावलीका नेपाली अङ्ग्रेजी दुवै थरी उल्थामा अवुठ शब्दको अर्थ आठ भनी गरिएकोमा नयाँ लेखको उपयोग गरिएन भनी खोट लाउन त त्यतिबिधि मिल्दैन । तर पनि त्यस्ता अशुद्धिको परिमार्जन आफ्नै तर्फबाट पनि हुन सक्ने हुनाले द गोपालराजवंशावलीमा दिइएको त्यस वंशावलीको अर्थ पारमार्थिक नभई गतानुगतिक भएको नमूना त्यहाँ दिइएको अवुंठ शब्दको अर्थले देखाएको छ भनेर खोट लाउन चाहिँ अवश्य सकिन्छ ।

द गोपालराजवंशावलीका कर्ताहरूले त्यो वंशावली राम्रोसँग नबुझेको कुरा यतासम्मका कुराबाट छर्लङ्ग भएकोले

> ध्यास्इज्इज् ह्विच् आर् रिलेन्ट्लेस्लि अब्स्क्यूर्, याट् दिस् स्टेज् अफ् आउर् स्टड्इ, आर् फार् यान्ड् फ्यू बिट्वीन् ।[१९१]
>
> [(गोपालराजवंशावलीका) बुझिँदै नबुझिने हिस्सा, हाम्रो परिशीलनको यस अवस्थामा विरलै छन् ।]

भनी कमलप्रकाश मल्लले लेखेको कुरा वास्तव नभई गर्वोक्ति मात्र हो भनी भनिरहनुपर्दैन ।

एकापट्टि मल्लको तलको दाबी

> ए कन्स्टन्ट् पेरुज्अल् अफ् द टेक्स्ट् ओभर् द यर्ज्, रीड्इङ इट् ओभर् यान्ड् ओभर् अगेन्, ह्याज् प्रोभाइड्इड् मेन्इ यान् इन्टर्नल् क्लु टु द मीन्इङ अफ् इन्डिभिड्युअल् एक्स्प्रेस्न्ज्, फ्रेज्इज् यान्ड् वर्ड्ज् फर् ह्विच् अलास् ! देर् इज् नो अद्अर् एक्स्टर्नल् ग्लस् अभेल्एब्ल् । देर् इज् स्टिल् ए स्मल् बट् हार्ड् कर् अफ् आइसोलेट्इड् आइटम्ज् यान्ड् वर्ड्ज् ह्विच् आर् इनेक्स्प्लिकेब्ल् । बट्, फर्चन्एट्लि, दे कन्स्टिटच्युट् ए मार्जिन्अल् कम्पोनन्ट् अफ् द न्यार्अटिभ् (ई. जी., आइटम्ज् इन् ए फीस्ट्, आइटम्ज् इन् ए प्राइस्–लिस्ट्, आइटम्ज् यूज्ड् इन् द कर्अनेशन्, ईटीसी.) । द जिग्स पज्ल् इज्, होप्फुल्लि, सल्भ्ड्, यान्ड् द कोड्, फाइनल्लि, क्र्याक्ड् ।[१९२]
>
> [हरे शिव, जसका अरू बाहिरिया व्याख्या पाइँदैन, त्यस्ता उक्ति, विशेषवाक्य र शब्दका अर्थको भित्री सुराक, मूल पाठको लगातार वर्षौंसम्म ध्यान दिएर गरिएको बँचाइबाट, यसको वारंवारको पढाइबाट जुट्न गएको छ । व्याख्या गर्न नसकिने, छुट्टाछुट्टै अदत र शब्दहरूको सानो, तर साह्रो चुरो अर्थ छ । तर ती,

---

१९१. द गोपालराजवंशावलीको इन्ट्रडक्शन्को ४ पृष्ठ ।

१९२. इन्ट्रडक्शन्को २० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सौभाग्यवश त्यस वृत्तान्तका छेउछाउका अङ्क (उदाहरणार्थ– भोजमा (राखिएका) अवत, मूल्यसूचीमा (दिइएका) अवत, राज्याभिषेकमा प्रयोग गरिएका अवत आदि) हुन् । गोरखघन्दा पार भएको आशा छ र आखिरमा कूटलेख फोरिएको छ ।]

देखदा

अर्कोपट्टि, द *गोपालराजवंशावली*मा दिइएको त्यस वंशावलीको उल्थामा मल्लले किटेका कुरामा बाहेक अन्यत्र पनि प्रशस्त अशुद्धि भेट्टाउँदा

विषय कति गाह्रो छ भन्ने कुरै नबुझीकन त्यस विषयमा कलम चलाउन आतुरिएको मान्छेले यसभन्दा बढी के पो बोल्न सक्छ भनी चित्त बुझाउन मन लाग्छ ।

नेपालखाल्डोमा आजभन्दा झण्डै ६ सय वर्षअघि लेखिएको त्यस वंशावलीमा कालमान ने. सं. र त्यसअनुसारका तिथिमितिमा दिइएका छन् । धेरैजसो घटनाको बाक्रायदा तिथिमिति दिई तयार गरिएको त्यस वंशावलीको प्रामाणिकता जाँच्न किंवा आजका पाठकहरूलाई सजिलो पार्न सबै तिथिमितिहरूको गणना गरी आज बढी चलनचलतीमा भएका तिथिमितिमा तिनलाई परिणत गर्नु पनि त्यस वंशावलीको साङ्गोपाङ्ग सम्पादनभित्र पर्छ जस्तो मलाई लाग्छ । तर हाम्रा सम्पादकहरूले नेपाली उल्थामा संवत् मात्र परिणत गरी अरू तिथिमिति त्यसै छोडिदिएकाले र अङ्ग्रेजी उल्थामा त्यति पनि नगरेकाले[१९३] त्यस वंशावलीको सम्पादनमा ठूलै कमी रहन गएको छ भन्ने मैले ठानेको छु ।

मूलको ने. सं. लाई द *गोपालराजवंशावली*मा वि. सं. मा परिणत मात्र गर्दा पनि ठाउँठाउँमा बिग्रन गएको कुरा यस प्रसङ्गमा लेख्नुपरेको छ । ने. सं. अनुसार कार्तिकशुक्लप्रतिपदाको दिन संवत् फिर्ने र वि. सं. अनुसार सौरमानको हिसाबले मेषसङ्क्रान्तिको दिन संवत् फिर्ने हुनाले चैत्र महीनासहितको ने. सं. लाई वि. सं. बनाउँदा मेषसङ्क्रान्तिको तिथिशुद्धि नल्याईकनै अन्दाजको भरमा काम गर्दा कहिलेकहीँ बिग्रन जान्छ भन्ने कुरालाई द *गोपालराजवंशावली*-ले देखाएको छ । उदाहरणको लागि ने. सं. ५०३ चैत्रशुक्लदशमी र ने. सं. ५०९ चैत्रशुक्लद्वादशीलाई वि. सं. बनाउँदा त्यहाँ बिग्रेको कुरालाई अघि सार्न सकिन्छ । कुरा के भने, ने. सं. ५०३ को मेषसङ्क्रान्ति, चैत्रकृष्ण [पूर्णान्तिमानले वैशाखकृष्ण] अष्टमीको दिन पर्ने हुनाले ने. सं. ५०३ चैत्रशुक्लदशमीको दिन मेषसङ्क्रान्ति लागिसकेको हुँदैन । यस कारण द *गोपालराजवंशावली*मा त्यस तिथिमितिलाई ने. सं. ५०३ (वि. सं. १४४०) *चैत्रशुक्लदशमी*[१९४] भनी लेखेको मिल्दैन र त्यसलाई ने. सं. ५०३ [वि. सं. १४३९] चैत्रशुक्लदशमी भनी लेख्नुपर्छ भन्ने स्पष्ट छ । त्यस्तै गरेर ने. सं. ५०९ को मेषसङ्क्रान्ति, चैत्रकृष्ण [पूर्णान्तिमानले वैशाखकृष्ण] चतुर्दशीको दिन पर्ने हुनाले ने. सं. ५०९ चैत्रशुक्लद्वादशीको दिन पनि मेषसङ्क्रान्ति लागिसकेको हुँदैन । यस कारण द *गोपालराज*-

---

१९३. अङ्ग्रेजी उल्थामा अपवादस्वरूप, एउटा घटनाको ईसवी संवत् मात्र (द *गोपालराजवंशावली*को १२९ पृष्ठ), ने. सं. मात्र दिइएको एउटा घटनाको ई. सं. (१२९ पृष्ठ), ने. सं. र महीना मात्र दिइएको एउटा घटनाको ई. सं. मात्र (१३० पृष्ठ) र दुइटा घटनाका पूरै तिथिमिति (१३१ पृष्ठ) ईसवी संवत्अनुसार दिइएका छन् ।

१९४. द *गोपालराजवंशावली*को ८५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वंशावलीमा त्यस तिथिमितिलाई ने. सं. ५०९ (वि. सं. १४४६) चैत्रशुक्लद्वादशीको दिन[१९५] भनी लेखेको मिल्दैन र त्यसलाई ने. सं. ५०९ [वि. सं. १४४५] चैत्रशुक्लद्वादशीको दिन भनी लेख्नुपर्छ भन्ने स्पष्ट छ। ने. सं. ५०९ चैत्रशुक्लद्वादशीको त्यस घटनाको विषयमा लेख्नुपर्दा यही कुरा विचार गरेर वि. सं. २०३१ मा मैले वि. सं. १४४५ भनी लेखेको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ।[१९६]

अङ्ग्रेजी उल्था सकिएपछि द गोपालराजवंशावलीमा ग्लस्अरि अफ् नेवारी वर्डज् [[नेवारी शब्दार्थसूची] दिइएको छ। यस शब्दार्थसूचीमा दोस्रो वंशावलीबाट नेवारी शब्दहरूको फेहरिस्त वर्णक्रमले चढाइएको छ[१९७] भनी त्यस खण्डको उठानमै कमलप्रकाश मल्लले लेखेकाले त्यस वंशावलीको नेवारी खण्डमा परेका नेवारी भाषाबाहेकका अरू भाषाका शब्द त्यहाँ परेका छैनन् भन्ने स्पष्ट बुझिन्छ। तर आदेश, आम्र, उपाध्याय, उभय, दिन, दुर्भिक्ष, प्राकार, प्रेतक्रिया, महामारी, महासंकट, यजमान, व्यवहार, सुभिक्ष, हेतु जस्ता संस्कृत शब्द त्यस शब्दार्थसूचीमा पारिएकाले नेवारी खण्डका नेवारी शब्द मात्र त्यहाँ पारिएका रहेनछन् र कमलप्रकाश मल्लले नभने पनि नेवारीबाहेकका अरू भाषाका शब्द पनि त्यहाँ पारिएका रहेछन् भनी स्पष्ट देखिएको छ। शब्दार्थसूचीको प्रस्तावनामा कमलप्रकाश मल्लले लेख्न बिराए पनि नेवारी खण्डमा भए जति सबै शब्द त्यहाँ पारिएका रहेछन् भनेर भनूँ भने पनि अष्टिङ् (४९ क पत्रको ५ पङ्क्ति) र एणिशि (६१ क पत्रको २ पङ्क्ति) जस्ता नेवारी शब्दसुद्धा त्यहाँ पारिएका छैनन्। यस कारण त्यस शब्दार्थसूची बनाउन बस्दा कमलप्रकाश मल्लको अगाडि कुनै स्पष्ट खाका थिएन भनी भन्दा अघेंलो हुँदैन।

त्यस शब्दार्थसूचीमा मूल वंशावलीका शब्दको उद्धरण गर्दा मूल प्रतिको पत्रसङ्ख्या मात्र नदिई कुन पङ्क्तिमा त्यो शब्द आएको छ भन्ने पनि त्यहाँ खुलाइएकोले त्यस वंशावलीलाई राम्रोसँग पढ्न खोज्ने मानिसलाई निकै सजिलो भएको छ। तर त्यसरी पत्रसङ्ख्या र पङ्क्तिसङ्ख्या दिँदा जति होश पुऱ्याउनुपर्थ्यो, त्यति नपुऱ्याइएकोले त्यस शब्दार्थसूचीमा ठाउँठाउँमा गलती भएका छन्। अपनाह सनो ४७ क पत्रको ५ पङ्क्तिमा पनि आएको छ भनी त्यहाँ लेखिए तापनि त्यो शब्द मल्लले लेखेको ठाउँमा देखिँदैन। उभेजासन ५१ ख पत्रको २ पङ्क्तिमा त पाइँदैन, त्यसभन्दा पछिल्लो पङ्क्तिमा मात्र त्यो छ। कुन्चिन थिव ५८ ख पत्रको १ पङ्क्तिमा आएको छ भनेर त्यहाँ लेखे तापनि त्यो शब्द त्यहाँ छैन। ३९ ख पत्रको २ पङ्क्तिमा आएको खष्टखण्डा त्यस शब्दार्थसूचीमा ३९ क पत्रको ४ पङ्क्तिमा आएको देखाइएको छ। यी त उदाहरण मात्र हुन्, खोजी पसे अरू पनि गलती देखाउन नसकिने होइनन्।

कुनै शब्द त्यस शब्दार्थसूचीमा चढाउँदा उही शब्द प्रत्यय नलागी आएको खण्डमा अथवा भिन्नाभिन्नै प्रत्यय लागी आएको खण्डमा अलगअलग चढाउने गरेको कुरा त्यस शब्दार्थसूची हेर्दा देखिन्छ तापनि सर्वत्र त्यस नियमको पालन नभएको कुरा पनि त्यतिकै देखिन्छ। त्यस वंशावलीमा कमसेकम दुइ पटक भहीहिसके[१९८] आएको छ

---

१९५. उही पुस्तकको ११४ पृष्ठ।

१९६. पूर्णिमा ३१ अङ्कको १६२ पृष्ठ।

१९७. ग्लस्अरिको प्रस्तावनाबाट उल्था गरेको।

१९८. ३६ ख पत्रको १ पङ्क्ति, ४१ ख पत्रको १ पङ्क्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र उदाहरणको लागि त्यहाँ शब्द मै अघि सारों । शब्दार्थसूचीमा सबै नहालीकन महीहि मात्र दिइएको छ । त्यति मात्र कहाँ हो र, सबै अलग्गै पनि शब्दार्थसूचीमा कतै दिइएको छैन ।

कहिलेकहीं त्यस सूचीमा संज्ञा र क्रिया दुवैलाई मिलाई प्रभा दुन्ता जस्ता शब्द चढाइएको पनि छ । ती दुइ शब्दलाई अलग अलग राख्दा पनि अर्थ फरक नहुने हुनाले यसरी संज्ञा र क्रिया किन एकै ठाउँमा राख्नुपर्‍यो, केही बुझिँदैन ।

यस शब्दार्थसूचीमा शब्दहरूको फेहरिस्त वर्णक्रमले चढाइएको छ भनी मल्लले भने तापनि त्यस नियमको उल्लङ्घन भएको कुरा खोज्न मेहनत गर्नुपर्दैन । मल्लको शब्दार्थसूचीमा कदंब अगाडि आउँछ, कतिलो पछिवाट आउँछ । कहिहामाछिको पछाडि कलातपिनिस आउँछ । डंडको अगाडि डंड याडा, तवकल वासपछि तव काहल र त्वहतेमाडापछि त्यवछि किन आएको हो भन्ने कुरा म पटक्क बुझ्दिनं । लीछिपछि लोक, लोकपछि लुयिति आएकोले मल्लको वर्णक्रमअनुसार ईपछि ओ, ओपछि उ आउने रहेछ कि भन्ने शङ्का उठ्न गएको छ ।

उही शब्द मूलपाठमा एक थरी र शब्दार्थसूचीमा अर्को थरी गरेर दिइएका उदाहरण द गोपालराजवंशावलीमा जति भने पनि पाइन्छन् । मूल पाठको चवु अङ्क (५४ ख पत्रको १ पङ्क्ति) लाई शब्दार्थसूचीमा जोडेर दिइएको छ । मूलको चोङ्ग्व[१९९] (३८ क पत्रको २ पङ्क्ति, ४० क पत्रको ५ पङ्क्ति, ६२ क पत्रको ४ पङ्क्ति), शब्दार्थसूचीमा चोङ्ग्व हुन पुगेको छ । त्यस्तै गरेर च्वापङ् (५१ ख पत्रको ५ पङ्क्ति) लाई च्वापङ गरेर शब्दार्थसूचीमा छपाइएको छ । सबभन्दा हाँसो उठ्ने कुरा त उल्थामा हिज् वोन् म्रद्अर् कज्न्[२००] [आपनै दाजुभाइ/दाजुभाइ पर्ने] भनी आफूले उल्था गरेको थव साल (५८ क पत्रको १ पङ्क्ति) लाई मल्ल शब्दार्थसूचीमा थ्व साल पार्न पुग्छन् र त्यसको अर्थ दिस् यर् [यो वर्ष] भनी गर्न पुग्छन् । वर्षलाई बुझाउने यो फारसी शब्द[२०१] त्यस वंशावलीमा कसरी पर्न गयो भनी विद्वन्मन्य मल्ललाई सोध्दा उनले के जवाफ दिने हुन् कुन्नि ? मूल पाठमा भएको पणीलितंने (५५ ख पत्रको ५ पङ्क्ति) शब्दार्थसूचीमा कतै छैन । त्यसको साटो लितंने दिइएको छ, पणीलाई चाहिं अघिल्लो शब्द गुणीमा जोडिदिई गुणीपणी शब्द बनाइएको छ । मूल पाठको पनीसि कोह्नु पिं (५३ ख पत्रको १ पङ्क्ति) लाई शब्दार्थसूचीमा नीसिकोन्हु बनाइएको छ र सबभन्दा अगाडिको पलाई र सबभन्दा पछाडिको पंलाई मल्लले कता लगेर छोडिदिए, यसको पत्तै लाग्दैन । मूलको पंत (४२ ख पत्रको ५ पङ्क्ति), शब्दार्थसूचीमा पंन्त हुन गएको छ । मूलका लिछिंवु (३८ क पत्रको ३ पङ्क्ति) लिंछिवु (५७ ख पत्रको ५ पङ्क्ति) वा लिछिवुः (६२ ख पत्रको २ पङ्क्ति) शब्दार्थसूचीमा लिछिवुं हुन पुगेको छ । मूल पाठको वय विसन (४९ ख पत्रको २ पङ्क्ति) शब्दार्थसूचीमा बय बि सन भई देखा पर्छ र मूल पाठको वेयकम् (५२ क पत्रको ५ पङ्क्ति) चाहिं वेयकम् हुन पुग्छ ।

---

१९९. मूलमा ङ्ग्व जोडेर लेखिएको छ ।

२००. द गोपालराजवंशावलीको १६० पृष्ठ ।

२०१. वि. सं. २०२९ मा लखनऊबाट हिन्दी समितिद्वारा प्रकाशित, मुहम्मद मुस्तफा खाँ मद्दाहको उर्दू हिन्दी शब्दकोश (२ संस्करण) मा साल ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूल पाठ दिंदा व भनी पढिएका अक्षर *शब्दार्थसूचीमा* व गरेर पनि छपाइएका छन् र यस किसिमका असङ्गतिका थुप्रै उदाहरण पाइन्छन् । मूलपाठका *वंधि* (४६ ख पत्रको १ पङ्क्ति), *वच्छिजु* (५७ क पत्रको २ पङ्क्ति), *वसन* (४९ क पत्रको ३ पङ्क्ति) र *वसरपा* (४३ क पत्रको ३ पङ्क्ति) लाई *शब्दार्थसूचीमा* क्रमशः *वंधि, वच्छिजु, बसन* र *बसरपा* पारिएको कुरा यसका केही उदाहरण हुन् । यस कारण *शब्दार्थसूचीमा* व आदिमा भएका शब्द जति, फेरि दोहन्याएर सच्याउनु आवश्यक छ वा मूल पाठमा व आदिमा भएका धेरै शब्दलाई व आदिमा भएका बनाउनुपर्छ । *शब्दार्थसूचीमा बिधान, बिधि, बिवाह* जस्ता शब्द वको क्रममा परेकाले र मूल पाठमा तो शब्द वकारादि गरी छपाइएकाले व आदिमा राखिएका शब्द पनि दोहन्याएर सच्याउनुपर्ने भएको छ । मूल पाठमा ह्न अगाडि आएको संयुक्ताक्षर भएको *कुह्न्* (६२ ख पत्रको २ पङ्क्ति) *कोह्न्* (४१ क पत्रको ३ पङ्क्ति) र *ह्लाया* (४१ ख पत्रको २ पङ्क्ति) जस्ता शब्द, *शब्दार्थसूचीमा कुन्हु, कोन्हु* र *ल्हाया* हुन गएको कुरा पनि यस प्रसङ्गमा भन्नुपर्छ ।

मूल पाठमा परेका केही अशुद्धि पछि शुद्धिपत्रमा सच्याइएको कुरा माथि लेखिइसकेको छ । तर *शब्दार्थसूची* बनाउँदा त्यस्ता संशोधनको खयाल नराखिएकोले *शब्दार्थसूचीमा* बढी गलती बाँकी रहन गएको छ । उदाहरणको लागि, मूल पाठमा *ड्याचमफो*[२०२] गरी छपाइएको शब्दलाई शुद्धिपत्रमा *ड्याचमफो* भनी सच्याइए तापनि *शब्दार्थसूचीमा* भने त्यसको खयाल नराखिएको कुरालाई लिन सकिन्छ । मूल पाठमा *ङ् हुनुपर्नेमा ङ् छापिन* गई अशुद्ध पाठ परे पनि नेपाली उल्थामा *किन्न सकेनन्*[२०३] र अङ्ग्रेजी उल्थामा त्यही अर्थअनुसारको *कुङ् नट् अफोर्ड्*[२०४] भनी त्यस क्रियाको शुद्ध अर्थ दिंदा दिंदै पनि मूल पाठमा *ड्याचमफो* भनी छापिएको पदलाई *शब्दार्थसूचीमा ड्याचमको* भन्ने पद पारी *ए प्लेस् नेम्; याट् द फुट् अफ् द टेर्अस्* [ठाउँको नाउँ; पाखोको तलतिर] भन्ने अर्थ दिइएको छ । त्यति मात्र कहाँ हो र, स्थान *अनुक्रमणिकामा* सुद्धा यही *ड्याचमको* दिइएको छ । यताबाट कति हेलचक्र्याइँ गरी *शब्दार्थसूची* मात्र होइन, स्थान *अनुक्रमणिका* पनि बनाइएको रहेछ भन्ने छर्लङ्ग हुन्छ ।

शब्दार्थसूची तयार गर्दा कमलप्रकाश मल्लले शब्दका व्युत्पत्ति दिन खोजेका छन् र उनको त्यो प्रयास प्रशंसनीय छ । त्यसो गर्दा कहिलेकहीँ उनको खुट्टा नराम्रोसँग चिप्लिएको छ भन्ने कुरा त्यो *शब्दार्थसूची* हेर्दा स्पष्ट देखिएकोले त्यसका एक दुइवटा उदाहरण यहाँ दिनुपरेको छ ।

लाख (३३ ख पत्रको ३ पङ्क्ति, मूलमा *लाख* नभई *लाखा* छ) शब्दको अर्थ *लिम् अर् ह्यान्ड् अर् द्व (?) डेड्* बड्इ [अवयव वा हात वा लाश] भनी त्यहाँ दिइएको छ र व्युत्पत्ति दिंदा *कनफर् स्यान्स्क्रिट् लाश* [संस्कृत *लाश*सँग दाँज्नू] भनी त्यहाँ लेखिएको छ । मुर्दालाई तुर्की भाषामा *लाश*[२०५] भनिन्छ र *लाश* शब्द उर्दूमा मात्र नभई बङ्गाली,[२०६] नेपाली, हिन्दी आदि नव्य भारतीय भाषामा पनि त्यही अर्थमा चलिरहेको छ ।

---

२०२. द *गोपालराजवंशावली*को ७० पृष्ठ [६२ ख पत्रको ३ पङ्क्ति] ।

२०३. उही पुस्तकको ११८ पृष्ठ ।

२०४. उही पुस्तकको १६४ पृष्ठ ।

२०५. उर्दू–*हिन्दी शब्दकोश*मा *लाश* ।

२०६. वि. सं. २०३२ मा कलकत्ता, इलाहाबाद, बम्बई र दिल्लीबाट रूपा यान्ड कम्पनीद्वारा फेरि प्रकाशित,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस कारण *लाश*लाई मल्लले संस्कृत शब्द बनाउन पुगेको देख्दा सामान्य शिक्षा पाएका मानिस पनि नहाँसीकन बस्न सक्दैनन् ।

हाम्रो वंशावलीको ५० ख पत्रको २ पङ्क्तिमा *फरिसजुन* भन्ने शब्द आएको छ । यस शब्दको अर्थ *शब्दार्थसूचीमा* दिंदा पेर्ज् अफ् वेप्अन्ज् (*कन्फर् फारसखाना* = *आर्सिन्अल्*) [जोर हातहतियार (फारसखाना = हातहतियार राख्ने वा बनाउने घर सँग दाँज्नू)] भनी मल्लले लेखेकाले नेपालीमा चलेको *फरासखाना* भन्ने शब्द यस प्रसङ्गमा उनले सम्झन पुगेको देखिएको छ । अरबी *फर्रास*को अर्थ *दरबार वा सभा आदिमा वरबिछ्याउना बिछ्याउने र बत्तीको प्रबन्ध गर्ने जिम्मा भएको मान्छे*[२०७] र *फारसी खानः*को अर्थ *घर*[२०८] भन्ने भएकोले समस्त पद *फर्रासखानः*को अर्थ *वरबिछ्याउना राखिने घर*[२०९] हुन्छ र त्यसको अपभ्रष्ट रूप *फरासखाना*ले (मल्लले सम्झे जस्तो *फारसखाना*ले त होइन नि) पनि नेपालीमा त्यस्तै अर्थ अर्थात् *बिछ्याउना अरू आसन राख्ने घर एवं तत्सम्बन्धी काम गर्ने अड्डा*[२१०]लाई बुझाउँछ भन्ने कुरा हामीलाई थाहा छ । हनूमान्ढोका गद्दीबैठकसँगै रहेको *फरासखाना* भन्ने अड्डाले सरकारिया वरबिछ्याउनाको जिम्मा लिने गरेको पनि हामीले देखेकै छ । हातहतियार राख्ने घरको अर्थमा *सिलहखानः*[२११] भन्ने शब्द छ र यो समस्तपद पनि *फर्राशखानः* जस्तै अरबी र फारसी पद मिली बनेको हो । यस समस्तपदमा पूर्वपदको अर्थ *हातहतियार*[२१२] भन्ने हुन्छ र यही शब्द केही फरक भई नेपालीमा *सिलखान* वा *सिलखाना*[२१३] भई चलिरहेछ र अर्थ पनि उर्दूमै भएअनुसारको छ । लगनटोलको *सिलखान* पनि हामीहरूले देखेकै छ । यस कारण *फरिसजुन*को अर्थ गर्न बस्दा मल्लले *फरासखाना* सम्झन पुगेको र *सिलखाना*को काम *फरासखाना*ले गर्छ भनी उनले ठानेको छर्लङ्ग हुन्छ ।

सुनीतिकुमार च्याटुर्ज्याको *दि अर्इजिन् [यान्ड् डिभेल्अप्मेन्ट् अफ् द बेन्गली ल्याङ्ग्विज्* [बङ्गाली भाषाको उत्पत्ति र विकास] को १२० प्रक्रम (२१३ पृष्ठ) ।

२०७. *उर्दू–हिन्दी शब्दकोश*मा *फर्राश* ।

२०८. उही पुस्तकमा *खानः* ।

२०९. उही पुस्तकमा *फर्राशखानः* ।

२१०. वि. सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, बालकृष्ण पोखरेल, वासुदेव त्रिपाठी, वल्लभमणि दाहाल, कृष्णप्रसाद पराजुली, गोपीकृष्ण शर्मा र हर्षनाथ भट्टराईको *नेपाली बृहत् शब्दकोश*मा *फरासखाना* ।

२११. *उर्दू–हिन्दी शब्दकोश*मा *सिलहखानः* ।

२१२. उही पुस्तकमा *सिलह* ।

२१३. *नेपाली बृहत् शब्दकोश*मा *सिलखान/सिलखाना* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वंशावलीको धनवज्र गुरुले गर्नुभएको नेपाली उल्था र कमलप्रकाश मल्लले गरेको अङ्ग्रेजी उल्था ठाउँठाउँमा बाझेका र पढ्ने मान्छेलाई शङ्काको फाइदा दिन तिनलाई हामीले यसै छोडेका हौं भनी ग्रन्थकारहरूले लेखेका कुराको चर्चा माथि परिसकेको छ। तर मल्लले नै गरेको अङ्ग्रेजी उल्थामा र उनले नै तयार गरेको *शब्दार्थसूचीमा* पनि त्यही शब्दका फरक फरक अर्थ पर्न गएका छन्। त्यस्तो विसङ्गतिका केही नमूना अब म देखाउँछु—

शब्द	शब्दार्थसूची	उल्था
कुल यावव (४१ ख पत्रको ५ पङ्क्ति)	अल् द रेब्अल्ज् [सबै बागी] वन्ज् हू रिभोल्ट्इड् [तिनीहरू, जसले विद्रोह गरे]	लीड्अर् अफ् द रेब्अल्ज् (१४४ पृष्ठ) [बागीहरूका नाइके]
खाह्र (४९ क पत्रको २ पङ्क्ति)	ए डिच्, पिट्, मोट् [खाई, खाडल, खावा]	द ड्रेन् (१५२ पृष्ठ) [कुलो]
गुंस (३६ ख पत्रको ५ पङ्क्ति)	इन् द फरेस्ट् [जङ्गलमा]	अन् द हिल्–लक् (१४० पृष्ठ) [ढिस्कोमा]
ग्वलछिनो (४६ क पत्रको ५ पङ्क्ति)	सम्; सम् अफ् द पार्टि [केही; पक्षका केही]	आफ्टर् सम् टाइम् (१४९ पृष्ठ) [केही समयपछि]
चानस (५५ क पत्रको १ पङ्क्ति)	याट् नाइट् [राति]	अन् दि ईभ्निङ (१५७ पृष्ठ) [साँझ]
जंकपाट (५० ख पत्रका १–२ पङ्क्ति)	सोर्ड् ज ? आइर्न्; आइर्न्–ब्लेड्, आई. ई. ए सोर्ड् [तरबार ज ? फलाम; फलामको धार अर्थात् तरबार]	शील्ड् (१५३ पृष्ठ) [ढाल]
दुं पुंङ्ना (४१ क पत्रको २ पङ्क्ति)	इन्सर्क्ल्ड्; सराउन्ड्इड् [घेरे; सबैतिर छेके]	एन्टर्ड् (१४४ पृष्ठ) [पसे]
दुतंन्ता [मूलमा दुन्तन्ता, मूलपाठमा दुन्तंता] (५० क पत्रको ३ पङ्क्ति)	अफ्अर्ड्; डोनेट्इड् [चढाए; दिए]	वज् नट् अलाउड् इन्साइड् (१५३ पृष्ठ) [भित्र पस्न दिइएनन्]
दुह्रिसि (२९ ख पत्रको ४ पङ्क्ति, ३० ख पत्रको ४ पङ्क्ति)	ट्वेल्फ्थ् डे अफ् ए डार्क् ब्राइट् फर्ट्नाइट् अफ् ए लूनर् मन्थ् [चान्द्रमासको कृष्ण/शुक्ल-पक्षको बाह्रौं दिन]	द्वितीया (१३२ पृष्ठ) द्वितीया (१३४ पृष्ठ)
पीव (५६ ख पत्रको ४ पङ्क्ति)	आउट्साइड्/एक्स्टीर्इअर् [बाहिर/बाहिरको]	इन् अल् द फोर् (१५९ पृष्ठ) [चारैमा]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

शब्द	शब्दार्थसूची	उल्था
पु (४४ ख पत्रको ५ पङ्क्ति)	फ्रस्ट्; होर्-फ्रस्ट्, [शीत, तुसारो]	स्नोफल् (१४७ पृष्ठ) [हिमपात]
प्वं (६० क पत्रको १ पङ्क्ति)	स्नो [हिउँ]	हेल् (१६१ पृष्ठ) [असिना]
बासा [मूलपाठमा वासा] (४८ क पत्रको २ पङ्क्ति)	अक्स्; बुल् [गोरु; साँढे]	काभ्ज् (१५१ पृष्ठ) [बाछाबाछी]
लि वस्य (५२ क पत्रको ४ पङ्क्ति)	इन्भेड्इङ [हमला गर्दै]	एन्टर्ड् (१५५ पृष्ठ) [पस्यो]
लिछि (३५ ख पत्रको ३ पङ्क्ति)	अल् थ्रू [सबै]	ए मन्थ् (१३८ पृष्ठ) [महीना]
लुवस्यं (४८ ख पत्रको १ पङ्क्ति)	सीन्; इमर्ज्इङ [देखिएको; देखा परिरहेको]	इनिश्यटिभ् (१५१ पृष्ठ) [अगुवाइ]
वा फल (५८ ख पत्रको ३ पङ्क्ति)	ग्रेन्ज् [अन्न]	बीट्न् राइस् (१६० पृष्ठ) [ल्युयाबजी (कुटेको चिउरा)]

मल्लको लेखाइमा उही शब्दको अर्थ यसरी माथि एक थरी र तल अर्को थरी भएको कारण द गोपालराज-वंशावलीमा कहीँ खोलिएको छैन तापनि कारण पत्ता लाउन त्यति गाह्रो भने छैन। शब्दार्थसूचीको अघिल्लो मसौदामा अनेक परिवर्तन र सुधार कृपा गरी सुझाएकोमा एक जना विद्वान्उपर, शब्दार्थसूचीको सुधारको लागि काम लाग्ने केही सुझाव दिएकोमा अर्का विद्वान्उपर र आफ्नै तर्फबाट गरिएका परिवर्धन र संशोधनद्वारा शब्दार्थसूचीलाई झन् गतिलो[२१४] पारिदिएकोमा फेरि अर्का विद्वान्उपर गरी तीन जना विद्वान्उपर द गोपालराजवंशावलीको प्रस्तावनामा कृतज्ञताज्ञापन गरिएकोले शब्दार्थसूचीमा अर्थ दिँदा मल्लबाहेक अरू तीन जना विद्वान्ले पनि परिश्रम गरेको स्पष्ट भएको छ। यताबाट तिनीहरूले जे जस्तो संशोधन गरिदिए, तिनलाई केलाउने हुती नभएका मल्लले ती सबैलाई शब्दार्थसूचीमा ठाउँ दिएकाले नै उनकै उल्थासँग उनकै शब्दार्थसूची बाऱ्न गएको देखिएको छ।

द गोपालराजवंशावलीमा दिइएको, कमलप्रकाश मल्लले तयार गरेको व्यक्ति अनुक्रमणिका पनि शब्दार्थसूचीझन्दा कुनै हालतले गतिलो छैन। यहाँ पनि वर्णक्रमको उल्लङ्घन ठाउँठाउँमा भएको छ भन्ने कुरा जगतसिंह कुमरपछि जगतसिदेव, जयदेव प्वहभन्दा अगाडि जयदेवराज, जयानंदरामपछि जयानंद राजा आएकोले देखिएको

---

२१४. द गोपालराजवंशावलीको प्रिफेस्को ३ पृष्ठबाट उल्था गरेको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

छ । जैदेवको अगाडि *जोतन भा* र यसपछि *जेशीह* राखिएकोले मल्लको वर्णक्रमअनुसार कतै जोपछि जै, मनि जे पो आउने रहेछ कि भन्ने देखिन गएको छ ।

हाम्रो वंशावलीमा चर्चा गरिएका मानिसहरूका नाउँ *व्यक्ति–अनुक्रमणिका*मा दिंदा मूल प्रतिको पत्रसङ्ख्या र पङ्क्तिसङ्ख्या पनि मल्लले दिने गरेकाले हामीलाई ती नाउँ मूल पाठमा पल्टाई हेर्न निकै सजिलो भएको छ । तर त्यो काम पनि मल्लले राम्रोसँग नगरिदिएकाले ठाउँठाउँमा गलती भएका छन् नभनी सुखै छैन । *अनन्तमलदेव* २७ क पत्रको ५ पङ्क्तिमा पनि आउँछ भन्ने कुरा *व्यक्ति–अनुक्रमणिका*बाट बुझिन्छ, तर २७ क पत्रको ५ पङ्क्तिमा त्यस नाउँको अत्तोपत्तै छैन । त्यस्तै *अनन्तवर्म्म* ५२ क पत्रको ४ पङ्क्तिमा आएको छ भन्ने कुरा *व्यक्ति–अनुक्रमणिका*-बाट बुझिए तापनि त्यहाँ त्यो नाउँ नै छैन । सबभन्दा हाँसो उठ्ने कुरा त *उपाध्या* ५८ क पत्रको ५ पङ्क्तिमा पनि आउँछ भन्ने कुरा *व्यक्ति–अनुक्रमणिका*बाट बुझिन्छ, तर ५८ क पत्रमा जम्मा ४ पङ्क्ति मात्र पो छन् त ! *जयानंदराम* भन्ने नाउँ ४५ ख पत्रको १ पङ्क्तिमा आएको छ भनी मल्लले लेखेका छन्, तर त्यस ठाउँमा त *जयानंदराजा* पो त भेटिन्छन् । २७ क पत्रका २–३ पङ्क्तिमा *हर्षदेव*को नाउँ आउँछ भनी *व्यक्ति–अनुक्रमणिका*-मा लेखिएको, तर त्यो नाउँ ठ्याक्क तीन पत्रअगाडि पो आएको कुरालाई यसको थप उदाहरणको रूपमा औंल्याउन सकिन्छ ।

व्यक्ति–अनुक्रमणिका बनाउँदा मल्लले *ब* र *व* को छयानविचार नराखिदिएकाले मूल पाठको लेखाइसँग त्यो, ठाउँठाउँमा बाझ्न गएको छ । मूल पाठमा शुद्ध रूप दिइएका *वर्म्म* (१८ क पत्रको ४ पङ्क्ति) र *वेनु* (१८ ख पत्रको ३ पङ्क्ति), *व्यक्ति–अनुक्रमणिका*मा *बर्म्म* र *बेनु* हुन गएका र मूल पाठमा शुद्ध रूप दिइएका *बलदेव*[२१५] (२३ क पत्रका १, ३ पङ्क्ति), *बलवन्तदेव* (२३ ख पत्रको ५ पङ्क्ति) र *बालार्जुनदेव* (२३ क पत्रको ४ पङ्क्ति) *वलदेव*, *वलवन्तदेव* र *वालार्जुनदेव* हुन पुगेका कुरा यसका उदाहरण हुन् ।

लेखाइको कुनै निश्चित नियम नभएकोले एउटै मान्छेका उही नाउँ पनि थरीथरीका वर्णविन्यासमा हाम्रो वंशावलीमा यत्रतत्र देखिएको छ । यस कारण, त्यस वंशावलीमा नाउँ परेका मान्छेहरूको सूची बनाउँदा थरी थरीका वर्णविन्यासमा दिइएका एउटै मान्छेका उही नाउँ जतिलाई एकै ठाउँमा वर्णविन्यास पनि छुट्टिने गरी दिएको भए सम्बद्ध मान्छेको विषयमा पढ्न खोज्नेलाई मात्र नभई मान्छेको नाउँको लेखाइको विषयमा चाख लिनेलाई पनि सजिलो हुन्थ्यो । कमलप्रकाश मल्लको *व्यक्ति–अनुक्रमणिका*मा कहीं यस विषयमा विचार पुऱ्याइएको छ त कहीं भने विचार पुऱ्याइएको छैन । *जयशिहदेव* (५० क पत्रको ५ पङ्क्ति) *जयशीमलदेव प्वह* (३८ ख पत्रको ५ पङ्क्ति),[२१६] *जयशीहदेव* (३७ क पत्रको ४ पङ्क्ति), *जयशीहमलदेव* (३५ क पत्रको २ पङ्क्ति इत्यादि), *जयशीहमलदेव प्वह* (३७ क पत्रको ३ पङ्क्ति, ३९ क पत्रको १ पङ्क्ति) जतिलाई एकै ठाउँमा राख्न सक्ने मल्ल, उही मान्छेको नामको पछिल्लो अक्षर ह्रस्व गरी लेखेको *जयतारि* (२६ ख पत्रका १–२ पङ्क्ति, ४० क पत्रको २ पङ्क्ति) लाई भिन्नै र दीर्घ गरी लेखेको *जयतारी* (२६ ख पत्रको ४ पङ्क्ति) लाई भिन्नै राख्छन् । उही मान्छेको नामका तीन

---

२१५. २९ ख पत्रका ४, ५ पङ्क्तिको पाठ दिंदा भने बलदेव भनी *द गोपालराजवंशावली*मा छपाइएको छ (३७ पृष्ठ) ।

२१६. अन्त, वर्णक्रमअनुसार नामभेद दिने मल्लले यहाँ *जयशीहमलदेव प्वह*पछि मात्र *जयशीमलदेव प्वह* दिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

थरी लेखाइ *जगतशिंह कुमर*[२१७] (४९ ख पत्रको १ पङ्क्ति) *जगतसिंह कुमर* (२८ क पत्रको ५ पङ्क्ति) र *जगतसिंह कुह्मर* (२८ क पत्रको ४ पङ्क्ति) लाई एकै ठाउँमा राख्न सक्ने मल्लले मूल पाठमा अशुद्ध छापिएको उही मान्छेको नाउँको अर्को थरी लेखाइ *जगतसिंदेव* (मूलमा– *जगतसिंहदेव*, २८ क पत्रको १ पङ्क्ति) लाई भिन्नै राखेका छन् ।

उही मान्छे जयसिंहरामलाई हाम्रो वंशावलीमा कहीं *जयशिंह्रामः महाथ भा* (५४ क पत्रको ३ पङ्क्ति), कहीं *जयशिंह्राम महाथ भा* (६३ क पत्रको २ पङ्क्ति), कहीं *जयसिंङ्राम महाथ भा* (६० ख पत्रको २ पङ्क्ति), कहीं *जयसिंह्राम महाथ* (२९ ख पत्रको ३ पङ्क्ति, ५४ ख पत्रको ५ पङ्क्ति, ५५ क पत्रका २–३ पङ्क्ति, ६३ ख पत्रको १ पङ्क्ति) र कहीं *जयसिंह्राम महाथ भा* (६२ ख पत्रको ५ पङ्क्ति) लेखिएको छ । हाम्रो वंशावलीमा जयसिंहरामका नाम, यसरी पाँच प्रकारले लेखिएका भए पनि मूलमा भए जति लेखाइ *व्यक्ति–अनुक्रमणिका*मा नपरेको र मूलमा एक थरी भएकोमा *व्यक्ति–अनुक्रमणिका*मा अर्को थरी भएको कुरा पनि दुःख-साथ भन्नुपरेको छ । यस कुरालाई खुलाएर भन्ने हो भने स्थिति यस प्रकारको हुन्छ—

मूलमा		व्यक्ति–अनुक्रमणिकामा
जयशिंह्रामः महाथ भा	(५४ क पत्रको ३ पङ्क्ति)	जयशिंह्राम
जयशिंह्राम महाथ भा	(६३ क पत्रको २ पङ्क्ति)	जयशिंहराम महाथ भा
जयसिंङ्राम महाथ भा	(६० ख पत्रको २ पङ्क्ति)	जयसिंहराम महाथ
जयसिंह्राम महाथ	(२९ ख पत्रको ३ पङ्क्ति,	जयसिंहराम महाथ
	६३ ख पत्रको १ पङ्क्ति,	
	५४ ख पत्रको ५ पङ्क्ति,	जयसिंह्राम महाथ
	५५ क पत्रका २–३ पङ्क्ति)	
जयसिंह्राम महाथ	(६२ ख पत्रको ५ पङ्क्ति)	जयसिंहराम महाथ

स्थिति यस्तो हुँदा हुँदै पनि आपनो समझअनुसार *जयसिंहराम महाथ*, *जयसिंहराम महाथ भा* र *जयसिंह्राम महाथ*लाई एकै ठाउँमा राख्न सक्ने मल्लले *जयशिंहराम महाथ भा*लाई अलग्गै र *जयशिंह्राम*लाई अलग्गै राखेका छन् । यी त उदाहरण मात्र हुन्, यस्ता विसङ्गति अरू पनि नपाइने होइनन् ।

भिन्नाभिन्नै मान्छेको नाउँ उही हुन जाँदा व्यवहारमा कहिलेकहीं अप्ठ्यारो पर्न गए कै हाम्रो वंशावलीमा पनि त्यस्तो अवस्था कहिलेकहीं देखा पर्छ । नाउँ भने उही, मान्छे भने फरक परेमा मात्र *व्यक्ति–अनुक्रमणिका*मा त्यही नाउँ दोहऱ्याउने तेहऱ्याउने नीति लिइएकोले[२१८] *व्यक्ति–अनुक्रमणिका*बाट कति ठाउँमा सजिलो भएको छ त त्यस नीतिको प्रतिपालन राम्रो नभएकोले कति ठाउँमा गाह्रो परेको छ । यसको अलिकति उदाहरण त भरखरै माथि दिइसकिएको छ । अब थप उदाहरण दिनुपरेको छ ।

---

२१७. यहाँ पनि वर्णक्रम बिराई *जगतसिंह कुमर* र *जगतसिंह कुह्मर*पछि *जगतशिंह कुमर* मल्लले दिएका छन् ।

२१८. उदाहरणार्थ– तीन थरी उदयदेव, चार थरी नरेन्द्रदेव र दुइ थरी भास्करदेव *व्यक्ति–अनुक्रमणिका*मा दिइएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*व्यक्ति–अनुक्रमणिका*मा अमृतदेवको नाउँ दुइ पटक अलग अलग जनाइए तापनि हाम्रो वंशावलीमा एक पटक उनको चर्चा रुद्रदेवका उत्तराधिकारीको रूपमा,[२१९] अर्को पटक शीहदेवका तीन छोरामध्ये अर्थात् रुद्रदेवपछि जन्मेका छोराको[२२०] रूपमा आएको छ । यताबाट रुद्रदेवका भाइको रूपमा चर्चा गरिएका अमृतदेव र उनका उत्तराधिकारीको रूपमा चर्चा गरिएका अमृतदेव भिन्नाभिन्नै नभई एकै हुन् भन्ने छलङ्ग हुन्छ । यसो हुँदा हुँदै पनि हाम्रो वंशावलीमा दुइ चोटि नाउँ लिइएका, यी अमृतदेवलाई कमलप्रकाश मल्लले *व्यक्ति–अनुक्रमणिका*मा अलगअलग राखिदिएकाले भ्रम उत्पन्न हुन गएको छ भनी भनिरहनुपर्दैन ।

यस्तै विसङ्गतिको अर्को उदाहरण आदित्य मल्लको नाउँमा पाइएको छ । हाम्रो वंशावलीमा पश्चिम नेपालका ती राजालाई एक ठाउँमा *आदितमल*[२२१] र अर्को ठाउँमा *आदीतमल*[२२२] लेखिएको छ । तर दोस्रो अक्षर ह्रस्व दीर्घ जे भए पनि त्यसले एकै मान्छेलाई बुझाएकोले मल्लका यी दर्तागराइले भ्रम मात्र उत्पन्न हुन गएको छ ।

यस्तै खालको अर्को गलती नायकदेवीका अभागी देवरको नाउँको दर्तागराइमा देखिन गएको छ । यिनलाई हाम्रो वंशावलीमा धेरै पटक *गोपालदेव* भने पनि दुइ पटक *गोपालचन्द कुमर*[२२३] र एक पटक *गोपालचन्ददेव*[२२४] पनि लेखिएको छ । मल्लले आफ्नो *व्यक्ति–अनुक्रमणिका*मा उही मान्छेको नाउँ तीन ठाउँमा दर्ता गरिदिएर हामीलाई भ्रम मात्र उत्पन्न गराइदिएका छन् ।

*श्रीअनन्तमल*देवको जन्म ने. सं. ३६६ [वि. सं. १३०३] वैशाखशुक्लपञ्चमीको दिन भयो भनी एक ठाउँमा[२२५] र *श्रीअनन्तमलदेव*ले ने. सं. ३७० [वि. सं. १३०६] मार्गशुक्लचतुर्थीको दिन जो भाका छोरालाई युयोनिमं किल्लाबाट निकाले[२२६] भनी अर्को ठाउँमा हाम्रो वंशावलीमा लेखिएको छ ।

*अनन्तमल्लदेव*ले सार्न लाएको, ने. सं. ३४१ [वि. सं. १२७८] ज्येष्ठकृष्णको मिति भएको *गाथासप्तशती*को त्रिभुवनपालले बनाएको टीका[२२७] र *कुमार श्रीअनन्तमल्लदेव*ले सार्न लाएको, ने. सं. ३४४ [वि. सं. १२८०] कार्तिकशुक्ल-

---

२१९. २५ क पत्रका ४–५ पङ्क्ति ।

२२०. ३१ ख पत्रका १–३ पङ्क्ति । अमृतदेवको नाउँ ३१ ख पत्रको ४ पङ्क्तिमा आएको छ भनी *व्यक्ति–अनुक्रमणिका*मा लेखिएको छ ।

२२१. २७ ख पत्रको ४ पङ्क्ति ।

२२२. ४६ क पत्रको २ पङ्क्ति । *व्यक्ति–अनुक्रमणिका*मा ४६ क पत्रको ३ पङ्क्ति भनी लेखिएको छ ।

२२३. ४९ ख पत्रका १, २ पङ्क्ति । *व्यक्ति–अनुक्रमणिका*बाट ४९ ख पत्रको २ पङ्क्तिमा मात्र *गोपालचन्द कुमर* आएको बुझिन्छ ।

२२४. ५० क पत्रको ३ पङ्क्ति ।

२२५. ३५ क पत्रको ३ पङ्क्ति ।

२२६. ३८ ख पत्रका ४–५ पङ्क्ति ।

२२७. वि. सं. २०४३ मा प्रकाशित *पूर्णिमा* ६९ अङ्कका २६–४८ पृष्ठमा छापिएको महेशराज पन्तको *वि. सं. १२२६ देखि १५१३ सम्मका पञ्चवटा पुष्पिका* भन्ने निबन्ध, सो अङ्कका ३५–३६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमाको मिति भएको *भारतीय नाट्यशास्त्र*[२२८] पाइएकाले वि. सं. १३०६ मा जो भाका छोरालाई युथोनिमं किल्लाबाट निकाल्ने श्रीअनन्तमलदेव, यिनै अनन्त मल्ल हुन् भन्ने देखिन्छ । यस कारण यी अनन्त मल्ल, वि. सं. १३०३ मा जन्म लिने अनन्त मल्लभन्दा भिन्नै हुन् भन्ने कुरामा शङ्का छैन र यी अनन्त मल्ल वि. सं. १२७८ देखि नै देखिएकाले यिनी, वि. सं. १३०३ मा जन्मने अनन्त मल्ल हुँदै होइनन् भन्ने कुरा छर्लङ्ग छ । यस्तो हुँदा हुँदै पनि द *गोपालराजवंशावली*को *व्यक्ति–अनुक्रमणिका*मा दुइ जना भिन्नाभिन्नै अनन्त मल्ललाई एकै ठाउँमा राखिदिएकोले अप्ठ्यारो पर्न गएको छ ।[२२९]

अब *स्थान अनुक्रमणिका*को विषयमा केही कुरा अन्त्यमा लेख्नुपरेको छ । यो पनि, *व्यक्ति–अनुक्रमणिका* जस्तै हेलचक्र्याइँ गरी तयार गरिएको छ भनी भन्नुपर्दा दुःख लाग्छ । मल्ललाई वर्णक्रमको पनि राम्रो ज्ञान छैन भन्ने कुराको झल्को यही *स्थान अनुक्रमणिका*बाट मात्र पनि आउँछ । उदाहरणको लागि *भण्डसाल*पछि *भक्तापुर*, *वलुंखा*पछि *वद्यर* आएको कुरा नै लिऔं । त्यस्तै, *युथोनिमम् काठ*पछि *युथनिमं*, *राजविहार धमरेचेत्य*पछि *राजलखुं*, *स्व देश*भन्दा अगाडि *स्वाखरकाठ* आएको कुरा पनि त्यसका थप उदाहरण हुन् । केटाकेटीमा साउँ अक्षर घोक्दा *श ष स ह क्ष त्र ज्ञ* भनी घोक्नेकोले होला, *हरिशिद्धि भह्रीह्रि*पछि मल्लले *हरिक्षेत्र*लाई राखेको !

*शब्दार्थसूची*मा र *व्यक्ति–अनुक्रमणिका*मा जस्तै गरेर *स्थान अनुक्रमणिका*मा पनि मूल वंशावलीको पत्रसङ्ख्या र पङ्क्तिसङ्ख्या मल्लले दिएका छन् तापनि ती दुवैमा जस्तै *स्थान अनुक्रमणिका*मा पनि पत्रसङ्ख्यामा र पृष्ठसङ्ख्यामा ठाउँठाउँमा गलती भेट्टाइन्छन् ।

४५ क पत्रको २ पङ्क्तिमा *असणिमम्* आउँछ भनी *स्थान अनुक्रमणिका*मा लेखिए तापनि त्यहाँ त्यस शब्दको अत्तोपत्तै छैन । ५७ ख पत्रको १ पङ्क्तिमा *ओखम्हन* छ भनी मल्लले लेखे तापनि ठ्याक्क १ पत्रअगाडि *ओखम्हन* त होइन, *ओखह्मने* भेटिन्छ । ५५ पत्रको १ पङ्क्तिमा पनि *कंसानकाठ* आउँछ भनी मल्लले लेखे तापनि ५५ क वा ख दुवै पातोको १ पङ्क्तिमा त्यो शब्द छैन । ५० ख पत्रको १ पङ्क्तिमा *कपन* र ४० क पत्रको ५ पङ्क्तिमा *काछें* आउँछन् भनी मल्लले लेखे तापनि ती दुवै ठाउँमा ती दुवै शब्द भेटिँदैनन् ।

*मूल पाठ*मा *व* पढिएको अक्षर *स्थान अनुक्रमणिका*मा *ब* पढिएकोले मूल पाठका *वलम्बु* (५१ ख पत्रको ४ पङ्क्ति), *वुग्मलोकेश्वर* (२३ क पत्रको ४ पङ्क्ति) र *वुगन्देवल* (४० क पत्रको ३ पङ्क्ति), *स्थान अनुक्रमणिका*मा बकारादि पदमा परिणत हुन पुगेका छन् । मूल पाठमा वकारादि भएको *व्यनापे* (४३ क पत्रको १ पङ्क्ति), *स्थान अनुक्रमणिका*मा वकारादि हुँदा हुँदै पनि बको क्रममा बस्न गएको छ । मूल पाठको *व्यनापे* (४४ ख पत्रको ४ पङ्क्ति) चाहिँ *स्थान अनुक्रमणिका*मा *वनेपा* हुन गई बको क्रममा बस्न गएको छ । मूल पाठको *व्यनाप्पा काठ* (४७ क पत्रको ४ पङ्क्ति), *स्थान अनुक्रमणिका*मा *व्यनापाकाठ*मा परिणत भए पनि त्यसलाई बको क्रममा नै राखिएको छ ।

---

२२८. वि. सं. २०४३ मा प्रकाशित *पूर्णिमा* ६८ अङ्कमा छापिएको महेशराज पन्तको *भारतीय नाट्यशास्त्र*को एक अंश, *नेपाली लेखोट पुस्तकहरूबाट* भन्ने निबन्ध, सो अङ्कका २–३ पृष्ठ ।

२२९. यस विषयमा बढी खुलाएर *पूर्णिमा* ६९ अङ्कका ३५–४० पृष्ठमा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हाम्रो वंशावलीको ४३ क पत्रको १ पङ्क्तिमा *थानंतरी* भन्ने ठाउँ आएको छ भन्ने कुरा *स्थान अनुक्रमणिका*बाट बुझिन्छ । तर त्यस ठाउँमा पल्टाउँदा *थानंतरी* त भेट्टाइँदैन, *व्यनापेसन्थानं तरीटो* भेट्टाइन्छ । यी दुइ पदको नेपाली उल्था *बनेपादेखि तरी (तराई) सम्मका*[२३०] भनी धनवज्र गुरुले गर्नुभएको छ त कमलप्रकाश मल्लले *फ्रम् व्यनापे टु तरी (रिभर ?)*[२३१] [ब्यनापेदेखि तरी [नदी ?] सम्म] भनी गरेका छन् । नेपाली अङ्ग्रेजी दुवै थरी उल्थामा *थानंतरी*को प्रसङ्ग नभएको कुरा यताबाट स्पष्ट भए तापनि *स्थान अनुक्रमणिका* बनाउँदा अघिल्लो पदको पछिल्लो दुइ अक्षर र पछिल्लो पदको अघिल्लो दुइ अक्षर लिई मल्लले *थानंतरी* भन्ने नयाँ नाउँ सृष्टि गरिदिएकाले कति बेपरवाह भई उनले *स्थान अनुक्रमणिका* बनाएका रहेछन् भन्ने छर्लङ्ग हुन्छ ।

*द गोपालराजवंशावली*को विषयमा माथि मैले जे जति लेखें, त्यति नै पनि, गुरु धनवज्र वज्राचार्य र कमलप्रकाश मल्ल दुवैलाई त्यस वंशावलीको राम्रो अर्थ नलागेको देखाउन मनग्य पुग्छ । त्यस वंशावलीको अर्थ खुलस्त गर्न लिपि, संस्कृत, नेवारी र ज्यौतिष आदिको ज्ञान भएका विद्वान्हरूले अझै निकै काम गर्न बाँकी छ भन्ने कुरा पनि यताबाट स्पष्ट भएको छ भन्ने मैले ठानेको छु ।

सुमतितन्त्रको परिचयको विषयमा

— दिनेशराज पन्त

वि. सं. १९५९ मा सेसिल बेन्डलद्वारा ब्रिटिश म्यूजियममा रहेका पुस्तकहरूको सूचीपत्र प्रकाश गर्दा सुमतितन्त्रको उल्लेख गरेपछि त्यस पुस्तकको सामान्य परिचय बाहिर आएको हो । अझ साँचै भन्ने हो भने, वि. सं. १९९४ मा काशीप्रसाद जायसवालले नेपालको कालनिर्णय र इतिहास प्रकाश गर्दा सुमतितन्त्रको उल्लेख गरेपछि सुमतितन्त्रको प्रचार भएको हो । त्यस वेलादेखि अहिलेसम्म पनि विशेष गरेर लिच्छविकालमा चलेका संवत्को निर्णयको प्रसङ्गमा त्यस पुस्तकको चर्चा भइरहेको छ भन्ने कुरा सबैलाई थाहै छ ।

यस सानो निबन्धमा सुमतितन्त्रको परिचयको विषयमा विद्वान्हरूले गरेको भूल सच्याइएको छ ।

लूच्यानो पेतेकको लेखको बारे सबभन्दा पहिले विचार गरौं—

> अन् दि इन्डिअन् साइड्, इट् इज् फाउन्ड् याट् दि एन्ड् अफ् द सुमतितन्त्र, यान् अस्ट्रन्अमिकल् वर्क् अफ् ह्विच् टू अर्लि म्यान्युस्क्रिप्ट्स् आर् एक्स्टचान्ट्, वन् इन् काठ्मान्डु यान्ड् वन् इन् लन्डन् । द काठ्मान्डु टेक्स्ट् लिस्ट्स् द डिन्यास्ट्इज् अफ् युधिष्ठिर यान्ड् दुर्योधन फर् २००० यर्ज्, द नन्दज् फर् ८०० यर्ज्, चन्द्रगुप्त (मौर्य) फर् १३२ यर्ज्, शुद्रक फर् २४७ यर्ज्, द शक–राजा फर् ४९८ (वसु–रन्ध्र–कृत) यर्ज् । याट् दि एन्ड् अफ् दि अद्अर् फेस् अफ् द लीफ् देर् इज् अ नोट् बाइ अ ल्याट्अर् ह्यान्ड् : युधिष्ठिर दुर्योधन उभौ राज्याब्द २०००, नन्द राज्याब्द ८००, चन्द्रगुप्त राज्याब्द १३२, शुद्रकदेव राज्याब्द ···, शक राज्याब्द ४९८, मानदेवस्य राज्याब्द ३०४ शुभम्

[वि. सं. २०१८ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद इस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, ईस्ट्

---

२३०. द *गोपालराजवंशावली*को ९९ पृष्ठ ।

२३१. त्रही पुस्तकको १४५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यान्ड् वेस्ट् [पूर्व र पश्चिम] १२ भाग ४ अङ्कमा छापिएको लूच्यानो पेतेकको *द क्रोनल्अजि अफ् दि अर्लि इन्स्क्रिप्शन्ज् अफ् नेपाल्* (नेपालका प्राचीन अभिलेखहरूको कालनिर्णय) भन्ने निबन्ध, सो अङ्कको २२८ पृ.]

[भारतीय पक्षको हकमा सिद्धान्तज्यौतिषको ग्रन्थ सुमतितन्त्रको अन्त्यमा यो पाइएको छ। सुमतितन्त्रका प्राचीन २ प्रति बाँकी छन्। तीमध्ये एउटा काठमाडौंमा छ, एउटा लण्डनमा छ। काठमाडौंको प्रतिमा युधिष्ठिर र दुर्योधनको वंशले २००० वर्षसम्म, नन्दहरूकोले ८०० वर्षसम्म, चन्द्रगुप्त मौर्यकोले १३२ वर्षसम्म, शूद्रककोले २४७ वर्षसम्म, शक राजाकोले ४९८ (वसु–रन्ध्र–कृत) वर्षसम्म राज्य गरे भनी लेखिएको छ। सो पत्रको अर्को पातोको अन्त्यमा पछिल्लो लिपिमा यस्तो लेखिएको छ– युधिष्ठिर दुर्योधन उभौ राज्याब्द २०००, नन्दराज्याब्द ८००, चन्द्रगुप्तराज्याब्द १३२, शुद्रकदेवराज्याब्द ..., शकराज्याब्द ४९८, मानदेवस्य राज्याब्द ३०४ शुभम्।]

वीरपुस्तकालयमा रहेको प्रतिमा *सुमतितन्त्र*को समाप्तिमा युधिष्ठिर–दुर्योधनसंवत्देखि शकसंवत्सम्मको वर्णन छ, सो वर्णन गरिएको पत्रको अर्कोपट्टि युधिष्ठिर–दुर्योधनसंवत्देखि मानदेवसंवत्सम्मको वर्णन छ भनी यहाँ लूच्यानो पेतेकले लेख्नुभएको छ।

वीरपुस्तकालयमा रहेको प्रतिमा २ ख पत्रमा पद्यमा युधिष्ठिर–दुर्योधनसंवत्देखि शकसंवत्सम्मको वर्णन छ (त्यहाँ मानदेवसंवत्को वर्णन पनि छ), पत्रसङ्ख्या नदेखिएको पत्रमा भने गद्यमा युधिष्ठिर–दुर्योधनसंवत्देखि मानदेव-संवत्सम्मको वर्णन छ।[1] यस कारण पेतेकको साथिको लेखाइ असङ्गत देखिन्छ।

अब देवीप्रसाद लंसालको लेखको उद्धरण गरिन्छ—

यो सुमतितन्त्र नेपालमा निकै आदरणीय थियो र यसको प्रतिलिपि पनि भैरहन्थ्यो। आज मूल पुस्तक उपलब्ध छैन तापनि वीर पुस्तकालयमा रहेको पुस्तक मूल पुस्तकबाट प्रतिलिपि भएको बुझिन्छ। कारण यसमा मानदेव राज्याब्दको उल्लेख छैन। नेपाल राष्ट्रिय पुस्तकालयमा रहेका पुस्तकका अन्त्यमा रहेको फोटो गरिएको पत्रबाट बुझिन्छ त्यसको मूल पुस्तक मानदेव प्रथमका राज्याब्दको प्रचलनपछि प्रतिलिपि गरिएको थियो[1] अतएव त्यस पुस्तकमा मानदेव राज्याब्द "३०४" समेत थपिएको देखिन्छ। यद्यपि यस पुस्तकालयका पुस्तकमा रहेका लिपिका आधारमा यो पुस्तक त्यति प्राचीन भन्न सकिंदैन ता पनि अरू कुनै प्रबल प्रमाण उपलब्ध नभएसम्म यस सुमतितन्त्रको शकराज्याब्द ४९८ पछि मानदेव राज्याब्दको प्रचलनभन्दा पहिले नेपालमा नेपाली सुमतिले रचना गरेका हुन् भन्न सकिन्छ।

१. सुमतितन्त्रको प्रतिलिपि गर्न प्रथा मानदेव प्रथमका पालादेखि नै चलन चलेको थियो भन्ने नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको तस्वीरबाट देखिन्छ। उक्त पत्रमा लेखेको छः—

अद्य वाराहकल्पे वैवस्वत मन्वन्तरे कलियुगे भरतखण्डे जम्बूद्वीपे हिमवत्पार्श्वे आर्यावर्तदेशे पुण्य भूमौ बाग्मतीं-कूले वाश्वकी (वासुकी) क्षेत्रे पशुपति सन्निधाने श्रीमच्छ्रीनेपालपत्तने शुभमस्तु सर्वजगतां।

नेपालाब्द शरच्छिद्रवेद पौषाशितापक्षे त्रिदशतिथौयं २ माराध्यमारम्भभादिवारं ... ... मृक्ष योग ध्रुवं वरं।

युधिष्ठिर दुर्योधन उभौराज्याब्द २०००। नन्दराज्याब्द ८००। चन्द्रगुप्तराज्याब्द १३२। शूद्रक देव राज्याब्द २४७। शक राज्याब्द ४९८। मानदेव राज्याब्द ३०४। शुभम्

(वि. सं. २०२४ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल १ अङ्कमा छापिएको, देवीप्रसाद लंसालको *सुमतितन्त्र* भन्ने निबन्ध, सो अङ्कका ६–७ पृ.)

---

१. वि. सं. २०३५ मा काठमाडौंबाट त्रिभुवन–विश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको *सुमतितन्त्र*का ४–५, २६८ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वीरपुस्तकालयमा रहेको सुमतितन्त्रको प्रतिमा मानदेवराज्याब्दको उल्लेख छैन, राष्ट्रियपुस्तकालयमा रहेको फोटोमा मात्र मानदेवराज्याब्दको उल्लेख छ, सो पुस्तकबाट प्रथम मानदेवको राज्याब्दको प्रचलनपछि यो पुस्तकको प्रतिलिपि हुन थालेको बुझिन्छ, तर लिपिको आधारमा पुस्तक त्यति प्राचीन जस्तो देखिदैंन भनी यहाँ देवीप्रसाद लंसालले लेख्नुभएको छ ।

वीरपुस्तकालयमा रहेको ताडपत्रको मूल पुस्तकबाट राजगुरु हेमराजले देवनागरी प्रतिलिपि गराउनुभएको हो । राष्ट्रियपुस्तकालयमा रहेको प्रति सोही प्रति हो ।[2] यस कारण वीरपुस्तकालयमा नरहेको भागको प्रतिलिपि वा चित्र राष्ट्रिय पुस्तकालयमा रहेको प्रतिमा हुनु संभव छैन । अर्को कुरा मानदेवराज्याब्दको उल्लेख भएको ताडपत्र वीरपुस्तकालयमा रहेको मूल पुस्तकमा नै छ । नेपालाब्द शरच्छिद्रवेद (ने. सं.) ४९५ मा यस पुस्तकको प्रतिलिपि भएको हो भन्ने कुरा लंसालजीले उद्धरण गर्नुभएको वाक्यबाट नै स्पष्ट हुन्छ । यस कारण लंसालको माथिको लेखाइ असङ्गत देखिन्छ ।

अन्त्यमा डिल्लीरमण रेग्मीको लेखाइ हेरौं—

> आइ ह्याभ् पर्स्न्अल्लि इग्ज्याम्इन्ड् द कपिज् अफ् *सुमतितन्त्र* इन् द ब्रिट्इश् म्युजीअम् (अर्ड्. ३५६४–४६७) याज् वेल् याज् इन् द बीर् लाइब्रेरि (४.४९५) । द राइट्इङ अफ् द फर्मर् वज् कम्प्लीट्इड् इन् एन् एस् ५८७ *वैशाखशुक्ल* ५ ह्वाइल् द ल्याट्अर् बेर्ज् द डेट् एन् एस् ४७६ *पौष कृष्ण १० भट्टारकवार* (फोलिओ १२३) ।

[वि. सं. २०२६ मा कलकत्तावाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको *एन्शन्ट् नेपाल्* (प्राचीन नेपाल) तेस्रो संस्करणको १०७ पृ.]

> [सुमतितन्त्रका ब्रिटिश म्यूजियमको ३५६४–४६७ सङ्ख्यामा रहेको प्रति र वीरपुस्तकालयको चौथो ४९५ सङ्ख्यामा रहेको प्रति मैले आफैंले हेरेको छु । पहिलो (ब्रिटिश म्यूजियमको) प्रति ने. सं. ५८७ वैशाखशुक्ल ५ मा सारी सिद्धिएको थियो त दोस्रो (वीरपुस्तकालयको) प्रतिमा चाहिं ने. सं. ४७६ पौषकृष्ण १० भट्टारकवारको मिति छ (१२३ पत्र)]

ब्रिटिश म्यूजियममा रहेको प्रति ने. सं. ५८७ वैशाखशुक्ल पञ्चमीमा सारिएको हो, वीरपुस्तकालयमा रहेको प्रति ने. सं. ४७६ पौषकृष्ण दशमीमा सारिएको हो भनी यहाँ डिल्लीरमण रेग्मीले लेख्नुभएको छ ।

ब्रिटिश म्यूजियममा रहेको प्रति ने. सं. ४७६ पौषकृष्ण दशमीमा[3] तथा वीरपुस्तकालयमा रहेको प्रति ने. सं. ४९५ पौषकृष्ण त्रयोदशीमा[4] सारिएको हो । यस कारण डिल्लीरमण रेग्मीको माथिको लेखाइ असङ्गत देखिन्छ ।

---

२. वि. सं. २०३३ मा काठमाडौंबाट त्रिभुवनविश्वविद्यालयको संस्कृतअध्ययनसंस्थानको वाल्मीकिविद्यापीठद्वारा प्रकाशित *मर्यादा* १२ अङ्कमा छापिएको, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको *सुमतितन्त्रको केही परिचय* भन्ने निबन्ध, सो अङ्कका ४४–४५ पृ. ।

३. वि. सं. १९५९ मा लण्डनबाट प्रकाशित सेसिल बेण्डलको *क्याट्अलग् अफ् द स्यान्स्क्रिट् म्यान्युक्रिप्ट्स् इन् द ब्रिट्इश् म्युजीअम्* (ब्रिटेनी सङ्ग्रहालयमा रहेका संस्कृतका लेखोट पुस्तकहरूको सूची) का १९३–१९४ पृष्ठ ।

४. *सुमतितन्त्रको प्रस्तावनाका* १–२ पृ. ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पृथ्वीनारायण शाहले मानेश्वरीको गूठीको पोता माफ गरी गरिदिएको लालमोहर

—महेशराज पन्त

काठमाडौं भद्रकालीमा रहेको गूठी लगत तथा तहबीलकार्यालयको मानेश्वरी (श्रीमन्मानेश्वरीको प्रभावमा परेर होला, बोलचालीमा मनमानेश्वरी भनिन्छ) को ढडुामा मानेश्वरीको परम्परादेखि चलिआएको १०४ रोपनी गूठीको पोता माफ गरी पृथ्वीनारायण शाहले वि. सं. १८२८ मार्गशुक्लचतुर्थी मङ्गलवारको दिन गरिदिएको लालमोहरको नवकल पनि छ। अहिलेसम्म प्रकाशमा नआएको त्यस लालमोहरको त्यही नवकल हुबहू उतारी यहाँ दिइएको छ—

श्रीमन्मानेश्वरी

स्वस्ति श्रीमन्महाराजधीराजकस्ये रुक्का——

आगे – – – का परंपरादेषीको गुठ षेत रोपनी १०४ को पोता माफी गरीबक्सीउ.

तपसीलमाफीक् कसैले हाम्रा धका नगर. जस्छेउ छ छोडीदेउ.

इतो सम्वत १८२८ साल मीती अगहनसुडी चौथी ४ रोज ३ शुभम्.

तपसील

इडोल रोपनी	। १४	टुडल रोपनी	। ३
मचागाल रोपनी	। २	भालषा रोपनी	। ६
पाहादावा रोपनी	। १	नडल रोपनी	। ५
नषीमुषु रोपनी	। ४	मढल रोपनी	। २४
उष्याट् रोपनी	। ६		
		डवको रोपनी	। ४
संल्हटो रोपनी	। २	चपाष्वाट् रोपनी	। १२
धनधोको रोपनी	। २ ।।	नसींडोल रोपनी	। ६
कांडोल रोपनी	। ७		
भाजंष्वाट रोपनी	। ४		
भोलौटा रोपनी	१ ।।		

जमा रोपनी १०४ का पोता माफ गरीबक्सीउ. शुभम्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

बटु सवलबहाल

ग- १-५३०

काठमाडौं ३

नेपाल।

फोन नं. २-२०४९२

वि. सं. २०४४ वैशाख

वार्षिक [चार अङ्को] मूल्य रू. ६०।

यस अङ्को मूल्य रू. ३२।

मुद्रक-

लुष प्रेस

ख १, ३७३ काठमाडौं -१